# परिच्छेद - एक

# शोधपरिचय

## १. शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **लालित्य कवितासङ्ग्रहको कृतिपरक अध्ययन** रहेको छ ।

## १.२ शोधप्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गतको स्नातककोत्तर तह नेपाली विषय द्वितीय वर्षको दसौँ पत्रको प्रयोजनका निम्ति तयार पारिएको हो ।

## १.३ विषयप्रवेश

नेपाली साहित्याकाशमा कविशिरोमणि पदले विभूषित लेखनाथ पौड्याल (वि.सं १९४१-२०२२) कवि व्यक्तित्वका रूपमा विशेष परिचित हुनुका साथै नेपाली साहित्यको नाट्यविधामा समेत कलम चलाएका छन् । वि.सं १९५६ को छात्रावस्थाबाटै कविता लेख्न सुरु गरेका उनको कविता प्रकाशन श्रृङ्खला “कविता कल्पद्रुम” नामक कविता सङ्ग्रहबाट भएको हो । नेपाली कविता विधामा उज्वल नक्षत्रका रूपमा रहन सफल कवि लेखनाथ नेपाली कविताको प्राचीन परम्परा र आधुनिकताका बीचका सेतु हुन् भने नेपाली परिष्कारवादी कविहरूमध्ये श्रेष्ठ प्रतिभाशाली साधक हुन् ।

लेखनाथको लालित्य कवितासङ्ग्रह (भाग १) वि.सं २०१० मा प्रकाशित कृति हो । यस सङ्ग्रहमा विभिन्न भावका कविताहरू सङ्गृहीत छन् । काल क्रमिक हिसाबले उनको यस सङ्ग्रहभित्र वि.सं. १९६४ देखि २०१० सम्मका कविताहरूको सङ्कलन गरिएको छ ।

लेखनाथले लालित्य (भाग १) को भूमिकामा बताएअनुसार भित्र-भित्र समयमा लेखिएका र छरिएका फुटकर कविताहरू र छरिएका फुटकर कविताका साथै केही नयाँ कविताहरू समेत यस सङ्ग्रहमा समावेश गरिएको छ ।

त्यस्तै लेखनाथको लालित्य (भाग २) कवितासङ्ग्रह उनको मृत्यु भएको ३ वर्षपछि वि.सं. २०२५ सालमा प्रकाशित कृति हो । यसलाई समयक्रमका हिसाबले २०११ सालदेखि २०२२ सालसम्मका कविताहरूको सङ्ग्रह थलो मानिए पनि लेखनाथको यस समयावधिमा लेखिएका कैयौं कविताहरू नसमेटिएको पाइन्छ ।

यसरी समयक्रमका हिसाबले लालित्य कवितासङ्ग्रहमा त्यस समयका सबै कविताहरू नसमेटिए तापनि विशेषतः लेखनाथका प्रमुख मानिने कविताहरू यी दुबै सङ्ग्रहमा सङ्गृहीत भएका छन् । यी सङ्ग्रहको सम्बन्धमा हालसम्म विशेष रूपमा अध्ययन हुन नसकेको अवस्थामा अध्ययन तथा विश्लेषण गर्न आवश्यक महसुस गर्दै यस शोधपत्रमा कविता तत्त्वको आधारमा अध्ययन गरिएको छ ।

## १.४ समस्याकथन

यस शोधपत्रमा निम्नानुसारका बुँदाहरूलाई मुख्य समस्याका रूपमा लिइएको छ -

क) कविशिरोमणि लेखनाथ पौड्यालको साहित्य यात्राका पृष्ठभूमि केलाउँदै प्रमुख प्रेरणा स्रोत तथा कवितालेखनगत वैशिष्ट्य के-के रहेका छन् ?

ख) "पौड्यालको" समग्र साहित्य यात्रा र कवितायात्राको विकास कसरी भएको छ ?

ग) नेपाली साहित्यको कविता क्षेत्रमा उनको के-कस्तो योगदान रहिआएको छ र काव्ययात्राकै सम्बन्धमा लालित्य कवितासङ्ग्रहको के कस्तो योगदान रहेको छ ?

घ) कृतिपरक आधारमा लालित्य कवितासङ्ग्रहका कविताहरूको विश्लेषण के कसरी गर्न सकिन्छ ?

## १.५ उद्देश्य

उपर्युक्त समस्या कथनका आधारमा यस शोधकार्यको उद्देश्य निम्नबमोजिम छ -

क) नेपाली साहित्यमा कविशिरोमणि लेखनाथ पौड्यालको साहित्य यात्राका पृष्ठभूमि केलाउँदै प्रमुख प्रेरणा स्रोत काव्यगत वैशिष्ट्य केलाउने,

ख) पौड्यालको समग्र साहित्य यात्रा र कविता यात्राको विकास क्रम केलाउने,

ग) नेपाली साहित्यको कविता क्षेत्रमा लेखनाथ पौड्यालको के कस्तो योगदान रहिआएको छ र काव्ययात्राकै सम्बन्धमा लालित्यको योगदानको निरूपण गर्ने ,

घ) कृतिपरक आधारमा लालित्य कवितासङ्ग्रहको विश्लेषण गर्ने ।

## १.६ पूर्वकार्यको विवरण

नेपाली साहित्यको कविता विधामा उत्कृष्टता हासिल गरेर कविशिरोमणि पदले विभूषित लेखनाथ पौड्यालको प्रसिद्ध कविता सङ्ग्रह लालित्यका कविताहरूको समग्र अध्ययन हालसम्म भएको छैन । सामान्यतः लालित्यका प्रतिनिधि कविताहरू र केही फुटकर कविताहरूको अध्ययन तथा विश्लेषण भने भएको पाउन सकिन्छ । लालित्य कवितासङ्ग्रहका सम्बन्धमा र त्यसका केही फुटकर कविताहरूका सम्बन्धमा यथासम्भव प्राप्त पूर्वकायको विवरण यसप्रकार छ :

वासुदेव त्रिपाठीले **लेखनाथ पौड्यालको कवित्वको विश्लेषण र मूल्याङ्कन** (२०३४) नामक शोधग्रन्थमा **लालित्य** कवितासङ्ग्रहका केही प्रतिनिधि कविताहरूको सम्बन्धमा चर्चा गरेका छन् ।

रूपरेखा नामक पत्रिकामा शिव रेग्मीले **लेखनाथ पौड्यालको कवित्वको विश्लेषण तथा मूल्याङ्कन** (रूपरेखा वर्ष २३, अङ्क २, २०३९ पृ.२५-२७) शीर्षकको लेखमा लालित्य कवितासङ्ग्रहको संक्षिप्त चर्चा गरेका छन् ।

हीरामणि शर्माको **कविशिरोमणि लेखनाथ र उनका काव्यकृतिहरू** नामक लेखमा लालित्य कवितासङ्ग्रहका सम्बन्धमा चर्चा गरिएको छ ।

लालित्य कवितासङ्ग्रहका सम्बन्धमा गरिएका प्रतिनिधि कविता एवम् संक्षिप्त अध्ययनका अतिरिक्त विभिन्न फुटकर कविताहरूको सम्बन्धमा समेत केही अध्ययन गरिएका छन् । ती यसप्रकार छन् :

बद्री विलाश भट्टराईले **सत्य सन्देशभित्रका लेखनाथको सन्देश** (मधुपर्क २०४०, पृ. २२) शीर्षकको लेखमा लालित्य कवितासङ्ग्रहभित्रको **सत्य सन्देश** शीर्षकका कविताको चर्चा गरेका छन् ।

वासुदेव त्रिपाठीले **पिञ्जराको सुगाका विविध अर्थ** (रत्नश्री वर्ष ८, अङ्क ३, २०२७, पृ. १७) नामक लेखमा पिञ्जराको सुगा कविताको सम्बन्धमा उल्लेख गरेका छन् ।

लालित्य कवितासङ्ग्रहका केही कविताहरू जस्तै ईश-विनय, गौंथलीको चिरिबीरी, दशैं, तिहार, नैतिक दृष्टान्त, सत्य सन्देश, हिउँदका दिन, पिञ्जराको सुगा, काल महिमा लगायत विद्यालय तथा क्याम्पसस्तरमा पठनपाठन गरिदै आएको पाइन्छ ।

## १.७ शोधकार्यको औचित्य महत्त्व र उपयोगिता

लेखनाथ पौड्यालको प्रसिद्ध कविता सङ्ग्रह लालित्य उनका काव्य साधनाको महत्वपूर्ण स्रोत हो । पूर्वकार्यको समीक्षाबाट पनि के स्पष्ट हुन्छ भने लालित्य कविता सङ्ग्रहको अध्ययन वास्तवमै औचित्यपूर्ण रहेको छ विशेषहरूपमा वासुदेव त्रिपाठीको लेखनाथ पौड्यालको कवित्वको विश्लेषण र मूल्याङ्कन नामक शीर्षकको पि.एच.डी. शोधग्रन्थमा भएका लालित्य विषयक संक्षिप्त अध्ययन तथा विभिन्न तहमा निर्धारित

पाठ्यक्रम मार्फत केही फुटकर कविता सम्बन्धमा भएका अध्ययन बाहेक  विशेष रूपमा लालित्यको अध्ययन हालसम्म नदेखिएका कारण पनि यस शोधकार्यको औचित्य महत्वपूर्ण रहेको छ ।

यस शोधकार्यको उद्देश्य यस सङ्ग्रहमा सङ्ग्रहित कविताहरूको विश्लेषणात्मक अध्ययन गरेर प्रकाशमा ल्याउनु भएकाले यसको महत्व तथा उपयोगिता उच्च रहेको छ ।

## १.८ सामग्री सङ्कलन विधि तथा सैद्धान्तिक ढाँचा

### १.८.१ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधपत्र तयार गर्दा कृतिपरक शोधकार्यका लागि अत्यावश्यक हुने पुस्तकालयीय विधिको प्रयोग गरिएको छ । त्यसका अतिरिक्त विभिन्न पत्रपत्रिकामा गरिएका समीक्षा तथा टिका-टिप्पणीलाई सहायक सामग्रीका रूपमा लिइएको छ । शोधकार्यका क्रममा सम्बन्धित क्षेत्रका विद्वान् प्राध्यापक समालोचक एवम् संघ संस्थाबाट समेत आवश्यक सल्लाह र सुझावहरू लिइएको छ ।

### १.८.२ सैद्धान्तिक ढाँचा

यो शोधपत्र तयार गर्दा मुख्यतः कृतिपरक समालोचना पद्धतिको प्रयोग गरिएको छ । साथै लेखनाथ पौड्यालको जीवनी तथा व्यक्तित्वका सम्बन्धमा समेत सामान्य अध्ययन गरिएका कारण यस शोधपत्रमा अंशतः जीवनीपरक समालोचना पद्धतिको समेत प्रयोग गरिएको छ ।

## १.९ शोधकार्यको सीमाङ्कन

माथि १.८.२ मा उल्लेख भएअनुसारको सैद्धान्तिक ढाँचाका आधारमा कवि शिरोमणि लेखनाथ पौड्यालको प्रसिद्ध कविता सङ्ग्रह लालित्यको कृतिपरक अध्ययनमात्र यस शोधपत्रमा गरिएको छ । पौड्यालको लालित्य कवितासङ्ग्रह भाग (१ र २) को कृतिपरक अध्ययन नै यस शोधपत्रको क्षेत्रका साथै सीमा पनि हो ।

## १.१० शोधपत्रको रूपरेखा

शोधपत्रको संरचनालाई सुगठित र व्यवस्थित गर्नका लागि यस शोधपत्रलाई निम्नलिखित पाँच परिच्छेदमा विभाजन गरिएको छ ।

परिच्छेद- एक : शोधपरिचय

परिच्छेद - दुई : लेखनाथ पौड्यालको जीवनवृत तथा व्यक्तित्व

परिच्छेद -तीन : लेखनाथ पौड्यालको समग्र कवितायात्रा तथा काव्यात्मक प्रवृत्ति लालित्यको योगदान

परिच्छेद -चार : लेखनाथ पौड्याल लालित्यको कृतिपरक विश्लेषण

परिच्छेद-पाँच : उपसंहार

# परिच्छेद - दुई

## लेखनाथ पौड्यालको जीवनवृत तथा व्यक्तित्व

## २.१ लेखनाथ पौड्यालको जीवनको सङ्क्षिप्त परिचय

### २.१.१ जन्म र अक्षरारम्भ

गण्डकी अञ्चल अन्तर्गत कास्की जिल्लामा पर्ने हालको लेखनाथ नगरपालिका अर्घौअर्चले भन्ने स्थानमा कविशिरोमणि लेखनाथ पौड्यालको जन्म भएको थियो ।[ग] पिता पण्डित दुर्गादत्त पौड्याल र माता वसुन्धरादेवी पौड्यालका प्रथम पुत्रका रूपमा वि.सं १९४१ पौष शुक्ल एकादशी २६ गतेका दिन जन्मेका पौड्यालको ब्राह्मणकुलको रीतिरिवाज एवम् आर्य संस्कृति अनुरूप पाँच वर्षको कलिलो उमेरमा नै अक्षरारम्भ भएको थियो ।[द]

### २.१.२ किशोरावस्था र प्रारम्भिक कविजीवन

आफ्नो वाल्यावस्थाको १४ वर्षसम्मको समयावधि आफ्नै गाउँ अर्घौअर्चलेमा गाई चराउँदै बिताएका कवि लेखनाथ पौड्यालले यही बीचमा आफ्ने स्वअध्ययनलाई पनि अघि बढाएको पाउन सकिन्छ ।[घ] विशेष रूपमा आफ्नो गाउँको तत्कालीन परिवेशअनुसार अत्यधिक सङ्ख्यामा गाई पाल्ने पण्डित परिवार हुनुका साथै पारिवारिक रूपमा आफ्ना ५ भाइहरूमध्ये ज्येष्ठ सदस्य भएका कारण पनि गाईवस्तु चराउने काममा लेखनाथ लाग्नुपरेको पाउन सकिन्छ । पण्डित बुवा दुर्गादत्त पौड्यालद्वारा आफ्नै घरमा ५ वर्षको उमेरमा अक्षरारम्भ गर्नुका साथै विभिन्न देवस्तुतिपरक ऋचाहरू घोक्ने संस्कारलाई उनले

---

[ग] वासुदेव त्रिपाठी, **लेखनाथ पौड्यालको कवित्वको विश्लेषण र मूल्याङ्कन**, पाठ्यक्रम विकास केन्द्र त्रि.वि.वि. २०३४ पृ. १ ।

[द] ऐजन ।

[घ] डम्बरुबल्लभ पौड्याल, **जीवनी भानु कविशिरोमणि लेखनाथ** विशेषाङ्क पृ. १२८ ।

अङ्गीकार गरेको पाइन्छ ।[ढ] गाई गोठाला जाने क्रममा रुखको छहारीमा बसेर संस्कृत व्याकरणं, लघुसिद्धान्त कौमुदी, अमरकोश लगायत धार्मिक रूपबाट गणेशस्तोत्र, दुर्गाकवच, सप्तशती जस्ता कृतिहरूमा घोत्लिएका पौड्यालको कविजीवनमा काका पितृप्रसादसँग घटेको एक दिनको घटनाले ठूलो महत्व राखेको पाउन सकिन्छ ।[छ] सामान्य रूपमा साना-साना फुटकर कविता लेख्न प्रयास गर्ने उनका काका पितृप्रसादले कविता लेख्दै गर्दा आफ्नो ध्यान भङ्ग गरेको भन्दै लेखनाथलाई हप्काउँदा त्यसको मानसिक असर स्वरूप लेखनाथलाई कवि बन्ने प्रेरणा मिलेको स्वयम् उनको आत्मस्वीकृति पाइन्छ ।[ट] त्यस्तै उनको आत्मस्वीकृतिकै आधारमा के कुरा पनि प्रस्ट छ भने १४ वर्षको समयावधि भित्र अनौपचारिक रूपमा घरपरिवार तथा गाईचरन स्थलसम्मको परिवेश उनको काव्ययात्राको पृष्ठभूमिका रूपमा रहेको थियो ।

बाबु दुर्गाप्रसाद काका पितृप्रसाद लगायतको सङ्गतका कारण नेपाली भाषामा नभई संस्कृत भाषामा कविता लेख्न सुरु गरेको स्वयम् लेखनाथको आत्मस्वीकृतिका साथै पठनपाठनतर्फको बढ्दो रुचिलाई पारिवारिक रूपबाट समेत उनलाई औपचारिक अध्ययनार्थ उत्प्रेरित गरिएका कारण १५ वर्षको किशोरावस्थामा काठमाडौंस्थित रानीपोखरी संस्कृत पाठशालामा भर्ना गरिएको पाउन सकिन्छ । उक्त पाठशालामा अध्ययनका क्रममा भएको छात्रावास बसाइकै क्रममा विभिन्न समस्यापूर्ति कविताहरू उनले लेख्न थालेको पाइन्छ ।[ठ] यसै समयमा आफ्नो पाठशालाको वर्णन गरेर लेखिएको **पाठशाला विशाला** नामक कविताले उनको कवित्वको पूर्वाभास दिएको छ ।

यसबाट उनको प्रारम्भिक कवि जीवन वि.सं १९५६ देखि नै सुरु भएको पाउन सकिए तापनि उनको औपचारिक कवितायात्रा वि.सं. १९६१-६२ मा प्रकाशित **कविता**

---

ढ वासुदेव त्रिपाठी, लेखनाथ पौड्यालको कवित्वको विश्लेषण र मूल्याङ्कन, पृ. २ ।

छ पूर्ववत पृ. ३ ।

6 ऐजन ।

ठ पूर्ववत पृ. ३ ।

**कल्पद्रुम** नामक कविता सङ्ग्रह भित्रका **शृङगारपच्चीसी** र **मानसाकर्षिणी** शीर्षकको कविताका माध्यमबाट भएको पाउन सकिन्छ ।[ड] पण्डित दुर्गाप्रंसाद शर्माद्वारा सम्पादित उक्त **कविता कल्पद्रुम** कविता सङ्ग्रहमा दुई शीर्षकका कविताको प्रकाशन तथा बनारसबाट निस्कने सूक्तिसुधा संस्कृत पत्रिकमामा **पाठशाला विशाला** लगायतका समस्यापूर्ति कविताको प्रकाशन समेतबाट उनको औपचारिक कवितायात्रा आरम्भ भएको स्पष्ट हुन्छ भने यसैलाई जीवनका अन्तिम क्षणसम्म निरन्तरता दिइरहेको पाइन्छ ।

## २.१.३ औपचारिक शिक्षा

शैक्षिक परिवेश युक्त पारिवारिक वातावरणका कारण ५ वर्षको बाल्यावस्थादेखि नै अक्षरारम्भ गरेका लेखनाथको औपचारिक शिक्षा काठमाडौं रानीपोखरी संस्कृत पाठशालादेखि लिएर बनारससम्मको पेरिफेरीमा घुमेको पाउन सकिन्छ । मध्यममा सम्मको अध्ययन रानीपोखरीमा गरे तापनि मध्यममा तहको परीक्षा भने बनारसमा दिएको उनले 'न्यायमुक्तावली' को दर्शन पत्रको राम्रोसँग अध्ययन नगरेका कारण अनुत्तीर्ण हुनुपरेको पाइन्छ ।[ढ] यसरी मध्यमा तहसम्मको अध्ययन गरेका लेखनाथले त्यसपछि भने पारिवारिक परिस्थिति लगायतका कारणबाट वि.सं. १९६० तिरबाटै विद्यार्थी जीवनबाट छुट्कारा लिएको पाइन्छ ।[ज्ञण]

## २.१.४ जीविकोपार्जन

निम्न मध्यमवर्गीय परिवारमा जन्मेका कविशिरोमणि लेखनाथ पौड्यालको जीविकोपार्जनमा त्यति समस्या नदेखिए तापनि उनको आफ्नो सामान्य जीविका भने सहज रूपमा नै चलेको पाइन्छ ।[ज्ञज्ञ] तत्कालीन राणा शासकबाट पाएको दान तथा

---

[ड] ऐजन ।

[ढ] वासुदेव त्रिपाठी, लेखनाथ पौड्यालको .............. पृ. १२ ।

[ज्ञण] पूर्ववत्, पृ. १२ ,

[ज्ञज्ञ] वासुदेव त्रिपाठी र अन्य,नेपाली कविता भाग ४ , साझा पृ. १४२ ।

सहयोग नै उनको जीविकोपार्जनको मूल केन्द्रविन्दु भएको र त्यही दान तथा सहयोगलाई नै आधार बनाएर खर्च चलाएको पाइन्छ । तत्कालीन अवस्थामा अत्यन्त सम्पन्न राणा परिवारका तेजशमशेर उनको जीविकोपार्जनको प्रमुख आधार भएको बुझिन्छ ।[ज्ञद] पेशागत रूपबाट जीवनको धेरै वर्ष भीमशमशेरको दरबारमा शिक्षक पण्डितका रूपमा रहेका लेखनाथ पौड्यालले जीवनको उत्तरार्द्धमा भने जागिरभन्दा पनि तराईको जग्गा आवाद गरी खेतीपाती तर्फ आकृष्ट भएका थिए । [ज्ञघ]

समग्रमा हेर्दा शिक्षक पण्डित तथा कविका रूपमा रहेका लेखनाथ पौड्यालको जीविकोपार्जन धेरे उँचो तथा नीचो नभई मध्यमवर्गीय परिवारको रूपमा सञ्चालित भएको पाउन सकिन्छ ।

## २.१.५ पारिवारिक जीवन

कविशिरोमणि लेखनाथ पौड्यालको जीवनवत्त घट्नै घटनाको दोसाँधबाट अघि बढेको पाउन सकिन्छ । २० वर्षे भरभराउँदो युवावस्थाको उमेरमा वि. सं. १९६१ मा पत्नी वियोगको सामना गर्नुपरेका लेखनाथलाई केही वर्षकै अन्तरालमा वि.सं १९७६ मा पिताको मृत्युले अर्को पीडा थपेको थियो ।[ज्ञद्ध] त्यस्तै दरबारबाट निस्कने सयममा उनले मातृवियोग समेतको सामना गर्नुपेरका कारण उनको जीवनयात्रा अवश्य नै सन्तोषप्रद थिएन । पत्नी (प्रथम) वियोग पश्चात् वि.सं. १९७२ मा १२ वर्षीय किशोरी सत्यदेवीसँग द्वितीय विवाह गरेका उनको शोकग्रस्त समयावधि भित्रै दुई छोरी तथा एक छोराको जन्म भएको पाइन्छ ।[ज्ञछ]

---

[ज्ञद] वासुदेव त्रिपाठी, लेखनाथ पौड्यालको कवित्वको ......पुवर्वत् पृ. ७ ।

[ज्ञघ] वासुदेव त्रिपाठी र अन्य (नेपाली कविता भाग ४ , साझा पृ. १४२ ।

[ज्ञद्ध] वासुदेव त्रिपाठी, लेखनाथ पौड्यालको ......... पुवर्वत् पृ. ७ ।

[ज्ञछ] वासुदेव त्रिपाठी र अन्य पूर्ववत् , पृ. १४२ ।

सगम्रमा हेर्दा लेखनाथको पारिवारिक जीवन उतारचढावयुक्त भए तापनि जीवनका घटनावृत्त सँगै केही उल्लासयुक्त दिनहरू पनि रहेको पाइन्छ ।

## २.१.६ साहित्यिक जीवन

१४-१५ वर्षको उमेरमा रानीपोखरी संस्कृत पाठशालामा अध्ययन आरम्भ गरेको तत्कालीन समय नै लेखनाथ पौड्यालको साहित्यिक जीवनको सुरुवात हो । जसको निरन्तरता स्वरूप वि.सं १९६१/६२ मा प्रकाशित **शृङगार पच्चीसी, पिंजराको सुगा, तरुण तपसी** जस्ता काव्यकृतिको रचना गरेर उनले नेपाली साहित्यलाई सुदृढ तथा सम्बृद्ध बनाउने काम गरे ।[ञट] साथै उनले आफ्नो साहित्यिक जीवनावधिमा कवितामात्र नभएर **लक्ष्मीपूजा** (१९९४), **भतृहरिविनर्वेद** (२०२०) जस्ता नाट्यकृतिहरू समेत रचना गरेर नाट्यसाहित्यतर्फ पनि आफूलाई परिचित बनाउने काम गरे र नेपाली भाषा तथा साहित्यमा स्तरीयता ल्याउने लक्ष्य राख्दै हलन्त बहिष्कारवादी आन्दोलन चलाएका लेखनाथले परम्परागत तथा आधुनिक दुबै किसिमका विषवस्तुको प्रयोग गर्दै विभिन्न काव्यकृतिको रचना गरेको पाइन्छ । विशेषरूपमा उनका काव्यकृतिमा आध्यत्मिकता, मानवतावाद, प्रकृति प्रेम, सँस्कृति, राष्ट्रियता, सामजिकता लगायतका भावहरूले युक्त छन् । यिनै विविध साहित्यिक योगदानलाई मध्यनजर गर्दा उनको समग्र साहित्यिक जीवनवृत्त उपलब्धिपुर्ण रहेको छ ।

## २.२ विभिन्न क्षेत्रमा रहेको लेखनाथको व्यक्तित्व विवरण

नेपालीमा भाषा र साहित्यमा अमूल्य योगदान पुऱ्याएका लेखनाथ पौड्याल नेपाली काव्यपम्परामाका आधुनिक युगका निर्माता हुन् । कविताका लघु मध्यम र बृहत्रूप अर्थात् लघुरूप फुकटर कवितादेखि लिएर मध्यमरूप खण्डकाव्य र बृहत्रूप महाकाव्य

---

[ञट] पौड्याल अनन्त, कविशिरोमणि लेखनाथ र कविता, मधुपर्क, कविशिरोमणि लेखनाथ पौड्याल वर्ष १७ अङ्क ४ भदौ २०४१ पृ. ३२ ।

सममको रचना गरी उनले नेपाली साहित्यमा ठूलो भूमिका निर्वाह गरेका छन् । नेपाली भाषाको समुन्नत विकास गर्ने उद्देश्यले उनले कैंयौं संस्कृत भाषाका रचनाहरू अनुवादका माध्यमबाट नेपाली भाषामा भिह्याए भने नेपाली भाषाको स्तरीयता बढाउनका लागि हलन्त बहिष्कार जस्तो आन्दोलनको सूत्रपात गरे । कविता साहित्यका अतिरिक्त उनले नाट्यसाहित्यको फाँटमा पनि कलम चलाएर नेपाली नाटकमा माध्यमिककालीन शृङ्गारिकता र अनुवाद रूपान्तरणका परिधिबाट अघि बढेको पाइन्छ । साथै उनले पूर्वीयसंस्कृत नाट्य ढाँचा अन्तर्गत नै सामाजिक सन्दर्भ तथा शान्त रसका आध्यात्मिक चेततर्फ र मौलिकता एवम् परिष्कृतितर्फ डोऱ्याउने काम गरे ।[ज्ञठ] उनका यिनै साहित्यिक योगदानलाई मध्यनजर गर्दै राष्ट्रले उनीप्रति विशेष सम्मान तथा श्रद्धाको भावना विकसित गरेको कुरा पनि कम महत्त्वको अवश्य नै छैन । निष्कर्षमा उनका सम्पूर्ण साहित्यिक गतिविधिलाई हेर्दा उनको कवि व्यक्तित्व सबैभन्दा महत्त्वपूर्ण रहेको छ । उनका विभिन्न क्षेत्रगत व्यक्तित्वलाई यसप्रकार हेर्न सकिन्छ ।

## २.२.१ फुटकर कवि व्यक्तित्व

लालित्य कविता सङ्ग्रह प्रथम भाग (२०१०) र द्वितीय भाग (२०२५) मा केही फुटकर कविताहरू सङ्ग्रह भए तापनि लेखनाथका कैयौ फुटकर कविताहरू छरलिएर रहेका छन् ।[ज्ञड] विशेषत वि.सं १९६१/६२ मा शृङ्गारिपच्चीसी र मानसाकर्षिणी नामक दुई फुटकर कविताका माध्यमबाट नेपाली साहित्यमा प्रवेश गरेका लेखनाथ फुटकर कविताकै माध्यमबाट चर्चित बनन पुगेका छन् । उनका फुटकर कविताहरू नेपाली साहित्याकाशका अमूल्य निधिका रूपमा रहेका छन् । उनको पिंजराको सुगा नामक फुटकर कविताले नेपाली साहित्यमा ठूलो हलचल नै मच्चाएको थियो । समग्रतामा भन्दा लेखनाथको फुटकर कवि व्यक्तित्व वास्तवमै उललेखनीय रहेको छ ।

---

[ज्ञठ] वासुदेव त्रिपाठी र अन्य नेपाली कविता भाग ४ , साभ्रा पृ. १४० ।

[ज्ञड] वासुदेव त्रिपाठी, लेखनाथ पौड्यालको कवित्वको ........पुवर्वत् पृ. ।

## २.२.२ खण्डकाव्यकार व्यक्तित्व

फुटकर कविताका साथै खण्डकाव्यको पनि रचना गरेका लेखनाथका ऋतुविचार, बुद्धिविनोद, सत्यकलि संवाद, गीताञ्जली, मेरो राम, अमर ज्योतिको सत्यस्मृति जस्ता विभिन्न खण्डकाव्यहरू रहेका छन्. । उनका यी खण्डकाव्यहरूले नेपाली साहित्यमा आधुनिक नेपाली कविताको प्रथम धाराका रूपमा रहेको परिष्कारवादी धाराको प्रवर्तन गरेका छन् । विशेषरूपमा उनको ऋतुविचार खण्डकाव्यले परिष्कारवादी धाराको अधिष्ठापन गर्नमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ । उनलाई कविशिरोमणि पदले विभूषित गर्नमा ऋतुविचार खण्डकाव्यको विशेष योगदान रहेको कुराले नेपाली साहित्यमा चर्चा पाएको त छँदै छ त्यसका अतिरिक्त उनका अन्य खण्डकाव्यहरूसमेत परिष्कृत रूपमा रचना गरिएका छन् । निष्कर्षमा के भन्न सकिन्छ भने कविशिरोमणि लेखनाथ पौड्याल आधुनिक नेपाली साहित्याकाशका परिष्कारवादी धाराका लेख्ने उज्जवल नक्षत्र हुन् ।

## २.२.३ महाकाव्यकार व्यक्तित्व

कविशिरोमणि लेखनाथ पौड्यालले महाकाव्यको नै रचना नगरे पनि महाकाव्य समकक्षी तरुण तपसीको रचना गरेका छन् । लेखनको दीर्घसाधनाबाट प्राप्त तरुण तपसी (२०१०) का आधारमा पनि उनलाई महाकाव्यकारका रूपमा समेत चिन्न सकिन्छ । उनले आफ्नो जीवनको उत्तरार्द्धमा महाकाव्य नै भनी गङ्गागौरीको लेखनकार्य प्रारम्भ गरेका थिए तर उनको यो कार्य पूरा हुन सकेन । अपूर्ण रूपमा नै रहेको भए तापनि वि.सं. २०६१ मा गङ्गागौरीको प्रकाशन भइसकेको छ । यसले पनि उनको महाकाव्यकार व्यक्तित्वलाई झल्काउँछ ।

## २.२.४ नाटककार व्यक्तित्व

**लक्ष्मीपूजा** (१९९४), **भतृहरिविनर्वेद** (२०२०) जस्ता नाटकका रचयिता लेखनाथ नाटकार पनि हुन् । पूर्वीय संस्कृत नाट्य ढाँचामा तयार गरिएका उनका यी नाटकहरूले उनलाई संस्कृत नाट्य परम्परा अँगाल्ने नाटककारका रूपमा परिचित गराउँछ । उनको **भर्तृहरिनिर्वेद** नामक नाटकमा श्रृङ्गार, हास्य, शान्त करुण आदि काव्य रसहरूको प्रयोग र नाटकको विषयानुकूल शान्त रसको प्राधान्य देखिनाका साथै युगानुकूल सुधारवादी विचारधाराको झलक समेत पाइन्छ ।

## २.२.५ अनुवादक व्यक्तित्व

कविशिरोमणि लेखनाथ पौड्याल अनुवादक व्यक्तित्वका रूपमा समेत रहेको उनीद्वारा अनुवाद गरिएका विभिन्न काव्यकृतिहरूले प्रस्ट गर्दछन् । उनका पञ्चतन्त्र ( २००४), संक्षिप्त **श्रीमद्भागवद्गीतासार** (१९७५), अभिज्ञान शाकुन्तलजस्ता अनुवादित कृतिहरूले उनलाई कुशल अनुवादकका रूपमा चिनाउँछन् । संस्कृत तथा नेपाली दुई भाषामा विशेष रूपले पोख्त लेखनाथले संस्कृतका रचनाहरूलाई सरल सुबोध्य तवरबाट भावगत अन्तर कति पनि नआउने गरेर अनुवाद गरेका कारण उनलाई कुशल अनुवादकका रूपमा लिइएको छ ।

## २.२.६ धार्मिक एवम् आध्यत्मिक व्यक्तित्व

कविशिरोमणि लेखनाथ पौड्यालका अधिकांश साहित्यिक रचनाहरू धार्मिक तथा आध्यत्मिक चेतले युक्त भएको पाइन्छ । पूर्वीय साहित्यबाट विशेष रूपमा प्रभावित उनलाई हिन्दू धर्म र दर्शनको अभिव्यक्ति दिने विशिष्ट कविको रुमपा लिन सकिन्छ । पारिवारिक पृष्ठभूमिका रूपमा समेत धार्मिक पण्डित परिवारमा जन्मेका लेखनाथले पाँच वर्षकै उमेरदेखि संस्कृतका विभिन्न धार्मिक ग्रन्थहरूको अध्ययन गर्न थालेका कारण त्यसको प्रभाव उनका कृतिमा यथेष्ट मात्रामा  परेका थिए  ।

# परिच्छेद –तीन

# लेखनाथ पौड्यालको समग्र कवितायात्रा तथा लालित्यको योगदान

## ३.१ लेखनाथ पौड्यालको कवितायात्रा चरण विभाजन

### ३.१.१ कविता यात्रा

कविशिरोमणि लेखनाथ पौड्यालको समग्र कवितायात्रा लगभग अर्धशताब्दी समयावधि (वि.सं १९६१-२०२२) को रहेको छ । तीनधारा संस्कृत पाठशालामा अध्ययनका क्रममा १९५६ देखि नै समस्यापूर्ति कविता लेख्न थालेको पाइए तापनि १९६२ को पं दुर्गाप्रसाद शर्माद्वारा सम्पादित कविता कल्पद्रूममा प्रकाशित श्रृङ्गारपच्चीसी र मानसाकर्षिणी कविताहरू उनको औपचारिक कवितायात्राका पृष्ठभूमि हुन् । त्यस्तै वि.सं. १९६५ को माधवी पत्रिका उनको काव्ययात्रालाई उत्प्रेरित गराउने एक उल्लेखनीय पत्रिका हो । वि.सं १९६१ देखि १९९० सम्मको समयावधिलाई उनको काव्ययात्राको प्रारम्भिक प्रहरका रूपमा लिन सकिन्छ किनभने दधिराम मरासिनीसँगको मित्रता, रामणिसँगको सम्पर्क तथा दरबारीया जीवनका सन्दर्भमा लेखनाथको काव्ययात्राको एक विश्राम यही पूर्ण हुन्छ ।[ज्ञढ] वि.सं १९९१ देखि लेखनाथ पुराना काव्यकृति परिमार्जन तथा परिष्कारका साथ प्रतिष्ठित हुदै सम्पूर्ण रूपबाट र कविताप्रति समर्पित भएका छन् । २००७ सालपूर्वको राजनैतिक परिवेश समेतका आधारमा उनको काव्ययात्रा २००७ सालपछि भिन्न रूपमा अघि बढेको पाइन्छ । १९९१ देखि २००७ सालसम्मको समयावधिलाई उनको काव्ययात्राको दोस्रो चरण वा मध्यवर्ती प्रहरका रूपमा लिन सकिन्छ ।[द्दण] २००७ सालको

---

[ज्ञढ] वासुदेव त्रिपाठी, **लेखनाथ पौड्यालको कवित्वको विश्लेषण र मूल्याङ्कन**, पाठ्यक्रम विकास केन्द्र त्रि.वि. वि. (२०३४) पृ. २७ ।

[द्दण] ऐजन ।

ऐतिहासिक राजनैतिक परिवर्तन पश्चात् कवि शिरोमणि पदले विभूषित पौड्याल इतिहासपुरुषका रूपमा रही बयोवृद्ध कवि बनेर जीवनको अन्तिम अवस्थासम्म नै काव्यसाधनामा लीन भएको पाउन सकिन्छ । यी सम्पूर्ण कुराहरूलाई दृष्टिगत गरी लेखनाथ पौड्यालको समग्र काव्ययात्रालाई मुख्यतः ३ चरणमा विभाजन गर्न सकिन्छ ।[३५]

१. प्रथम चरण (वि.सं १९६१-१९९०)

२. द्वितीय चरण (वि.सं. १९९१-२००७)

३. तृतीय चरण (वि.सं २००८-२०२२)

## ३.१.१.१ प्रथम चरण

वि.सं १९६२-१९९० सम्मको समयावधि मानिएको लेखनाथको कवितायात्राको प्रथम चरण कविता लेखनाभ्यासको चरण हो । उनले कविता लेखनको अभ्यास गर्दै गरेका समयमा मोतीराम भट्टद्वारा सुरु गरिएको श्रृङगारिक भावधारा व्याप्त रहेको थियो । त्यसैले सुरु सुरुका उनका कविताहरूमा माध्यमिक कालीन श्रृङ्गारिक भावधाराको प्रभाव पाइन्छ । कविता कल्पद्रुममा प्रकाशन भएका उनका श्रृङगारपच्चीसी र मानसाकर्षिणी पछि उनको **गोपिका चित्त लिने** कविता सोमनाथ सिग्द्यालद्वारा सम्पादित **सुन्दरी** वर्ष १ लीला २ (वि.सं १९६३) मा प्रकाशन भयो ।[३६] त्यस पश्चात **सुन्दरी सुन्दरी ती, नीला भया चन्द्रमा**, कालीका विलासी नमाव हरी शीर्षकका समस्यापूर्ति कविताहरू र वियोगिनी विलाप अनि वैराग्यवली शीर्षकका दुई फुटकर कविताहरू पनि छापिएका छन् । श्यामजीप्रसाद शर्माद्वारा वि.सं. १९७४ मा सम्पादित सूक्तिसिन्धुमा उनका पान्थप्रबोध, कुञ्जवर्तिनी, विप्रलब्धा र विरहिणीका उपर सखीको प्रश्न शीर्षकमा लेखिएका कविताहरूले उनलाई

[३५] वासुदेव त्रिपाठी र अन्य, नेपाली कविता भाग ४ पूर्ववत् पृ. १४१ पृ. १४२ ।

[३६] तारानाथ शर्मा, कवि शिरोमणि लेखनाथ पौड्याल, गरिमा १ वर्ष २ अङ्क १ पूर्ण १३ पौष २०४० पृ ११५ ।

आधुनिकतातर्फ डोऱ्याउन लागेको आभास समेत दिन्छन् ।[६घ] यसरी यस चरणका उनका कविताहरू कुनै श्रृङ्गारिक भावधाराले युक्त तथा कुनै आधुनिकतातर्फ प्रविष्ट गराउन खोज्ने भएका कारण उनको यस चरणलाई पूर्वार्द्ध र उत्तरार्द्ध गरी दुई उप चरणमा विभाजन गरेर समेत हेर्न सकिन्छ ।[६ढ] पूर्वार्द्ध र उत्तरार्द्ध दुई उपचरणको समयावधि क्रमशः (१९६१-१९७२) र (१९७३- १९९०) निर्धारण गर्न समेत उनका तत्कालीन कविताहरूको प्रकृति आदिका कारण उपयुक्त मानिएको छ ।

माधवी (वि.सं १९६५) पत्रिकाको अङ्क ६ र ८ मा प्रकाशित वर्षाविचार पछि उनका **राम राज्य,** कवि कवितालाप, विचित्र वाहिनी, मनोलड्डु र राधारञ्जन शीर्षकका कविताहरू राममणि आदिको सम्पादनमा वि.सं. १९६९ मा प्रकाशित भएको पाइन्छ ।[६छ] उनका यी कविताहरूमध्ये कवि कवितालाप कविताले अत्यन्त महत्त्व राखेको पाउन सकिन्छ । किनभने कवि कवितालापका माध्यमबाट लेखनाथले माध्यमिककालीन श्रृङ्गारिक धाराबाट छुटकारा लिदै नवीन कविता धारातर्फ उन्मुख भएका थिए । अर्को अर्थमा के पनि भन्न सकिन्छ भने कवि कवितालापबाट उनले कविप्रतिको दृष्टिकोण र परिष्कारधर्मी भावबोधको स्पष्ट रूपमा सङ्केत गरेका छन् ।

परिष्कार युक्त कृतिलेखनका क्रममा उनको एक शोकप्रवाह शीर्षकको खण्डकाव्य लेखिएको पाइन्छ । जुन उनको परिष्कारधर्मिताको अर्को उचाइ हो । यसका साथै नेपाली भाषामा पाठ्यक्रम बनाउने क्रममा गोरखा शिक्षाको प्रथम र द्वितीय भागमा यिनका धेरै रचनाहरू प्रकाशित भएको छन् । दशैं, तिहार, ईश्वरस्तुति, म कस्तो हुँ जस्ता अनेकौं उत्कृष्ट कविताहरू यसै समयावधिमा लेखिएको पाइन्छ । साथै **ऋतुविचार** (१९७३), **बुद्धिविनोद** (१९७३) **सत्यकलि संवाद** (१९७६), **गीताञ्जली** (१९८६) जस्ता प्रसिद्ध खण्ड काव्यहरूमा उनको परिष्कारवादी चेत तथा बौद्धिकता भरिपूर्ण भएको पाइन्छ । यसै

---

[६घ] वासुदेव त्रिपाठी लेखनाथ पौड्यालको कवित्वको विश्लेषण र मूल्याङ्कनग .पूर्ववत् पृ. १४३ ।

[६ढ] ऐजन ।

[६छ] ऐजन, पृ. १४३ ।

समयमा पिंजराको सुगा (१९७४) जस्ता प्रसिद्ध खण्डकाव्य पनि लेखनाथले लेखेका छन् । यसरी प्रारम्भिक चरणमा मोतीरामको श्रृङगारिकधाराले प्रभावित लेखनाथ यसै चरणको उत्तरार्द्ध समयमा परिष्कारवादी धारा हुँदै अघि बढेका अग्रणी व्यक्तित्व हुन् । उनको कविता यात्राको यस प्रथम चरणका कृतिक्रमलाई यसप्रकार देखाउन समेत सकिन्छ ।[६८]

क) **कविताकल्पद्रमु** (१९६१) , **सुन्दरी** (१९६३) **माधवी** (१९६५/६६) र **लालित्य** ( १९६९) अन्तरगतका कविता ।

ख) **शोकप्रवाह** खण्डकाव्य (१९७०)

ग) **गोरखा शिक्षाका विविध भाग** अन्तर्गतका कविता (१९७२-८१)

घ) **बुद्धिविनोद ऋतुविचार** (१९७३)

ङ) **सूक्तिसिन्धु** (१९७४) अन्तर्गतका कविता ।

च) **भर्तृहरिनिर्वेद** (१९७४)

छ) संक्षिप्त भारत अन्तर्गत संक्षिप्त **श्रीमद्भागत गीतासार** (१९७५)

झ) **स्तोत्रावली** अन्तर्गतका कविता (१९७८)

ञ) **गीताञ्जली** (१९८६)

ट) **गोर्खाली, चन्द्रिका गोरखापत्र** आदि विभिन्न पत्रपत्रिकामा प्रकाशित कविता ।

## ३.१.१.२ द्वितीय चरण

प्रथम नेपाली प्रकृतिकाव्य ऋतुविचारको वि.सं १९९२ मा गरिएको परिमार्जन पछि लेखनाथ पौड्यालको कवितायात्राको द्वितीय चरण प्रारम्भ हुन्छ । ऋतुविचारको परिमार्जन पछिका उनका कविताहरू अझ बढी परिष्कृत भएर देखा पर्न थाले । ऋतुविचार जस्तै सत्यकलि संवादको पनि १९९२ मा नै परिष्कृतरूप प्रकाशन भयो । त्यसपछि वि.सं १९९४ मा वुद्धिविनोद र नयाँ लक्ष्मीपूजा नाटक प्रकाशित भए । वि.सं १९९५ सालदेखि सत्य

[६८] ऐजन पृ. २८ ।

सन्देशका विभिन्न भागहरू शारदा पत्रिकाका विभिन्न अङ्कहरूमा प्रकाशित भए तापनि त्यस समयका जीवन चङ्गा, मुरली मोह, कालमहिमा, अरुणोदय, जीवन ज्योति, गौंथलीको चिरिबिरी आदि फुटकर कविताहरूले विशेष महत्व राख्दछन् । उनका यस चरणमा लेखिएका कृतिक्रम यस प्रकार रहेको छ ।[२०]

क) **ऋतुविचार** (विकसित) १९९१

ख) **शारदा गोरखापत्र र उद्योग** अर्न्तगतका कविता (१९९१-१९९४)

ग) **सप्त प्रश्नात्मक बुद्धिविनोदको** प्रथम विनोद (१९९४)

घ) **लक्ष्मीपूजा** नाटक (१९९४)

ङ) १९९५-२००२ सालका फुटकर कविता ।

च) **त्याग र उदयको युगल प्रकाश** काव्य (२००२)

छ) **पञ्चतन्त्र** अनुवाद (२००४)

## ३.१.१.३ तृतीय चरण (वि.सं. २००८–२०२२)

लेखनाथ पौड्यालको कविता यात्राको यो चरण सुरु हुन विशेषतः २००७ सालमा भएको क्रान्ति र राणाशासनको अन्त्यले अत्यन्त महत्त्वपूर्ण स्थान राख्दछ । प्रजातन्त्रको अभ्युदयले लेखनाथमा पारेको प्रभावका कारण जीवनको अन्त्यावस्थासम्म उनले नवीन चेतले युक्त कविताहरू रचना गरेका छन् । जीवनको अन्त्यावस्थामा उनका कविताहरू अति परिपक्व र आध्यात्मिक मानवतावादी दृष्टिले भरिपूर्ण भइसकेका थिए । उनले माहात्मा गान्धीको मृत्युमा रचेको शोकाव्य अमर ज्योतिको सत्य स्मृति (२००८) मानवतावादी आध्यात्मिक काव्य हो । त्यस्तै वि.सं २०10 सालमा उनले लालित्य भाग १

[२०] ऐजन पृ. २८-२९ ।

नामक फुटकर कविताहरूको सङ्ग्रह प्रकाशित गरेका छन् । वि.सं २०१० मै उनको तरुण तपसी नव्य काव्य आएको छ, जसलाई कविको प्रौढताको नमुनाको रूपमा लिन सकिन्छ । यस चरणमा लेखनकार्य सँगसँगै दोस्रो चरणमा लेखिएका उनका अन्य कार्यकृतिहरू पनि प्रकाशन भएका छन् । यसै चरणमा **मेरो राम** (वि.सं. २०११) खण्डकाव्य र **भर्तृहरिनिर्वेद** (वि.सं. २०२०) जस्ता नाट्यकृतिहरू प्रकाशित भए भने गंगा गौरी उनको अधुरो काव्यकृतिका रूपमा रहन पुग्यो । यस चरणको वा जीवनकै अन्तिम कविता आखिरी कविता (वि.सं २०२२) हो जुन कविताबाट उनको समग्र साहित्य यात्राले सदाका लागि विश्राम लिएको थियो । उनका यस चरणका काव्यकृतिहरूलाई यसप्रकार देखाउन सकिन्छ ।[द्दड]

क) **अमर ज्योतिको सत्यस्मृति** काव्य (२००८)

ख) **गौरीगौरव** नाटक (अभिनीत मात्र : २००९)

ग) (२०१०) सालसम्मका कविता (लालित्य प्रथम भाग समेत)

घ) **तरुण तपसी** (नाव्यकाव्य : २०१०)

ङ) **मेरो राम** काव्य (२०११)

छ) **अभिज्ञान शाकुन्तल** नाटक (अनुवाद : २०१५)

ज) **पार्वती परिणय** नाटक (अपूर्ण : अप्रकाशित)

उनको गङ्गागौरी अपूर्ण महाकाव्य (२०२२-२३) का साथै लालित्य दोस्रो भाग २०२५) र विभिन्न समसामयिक पत्रिकामा प्रकाशित (२०१२-३०) सम्मका फुटकर कविताहरू यस चरणका काव्यकृति हुन् ।

## ३.१.२ लेखनाथको कवितायात्रामा लालित्य (भाग १ र २) को योगदान

लेखनाथ पौड्यालको कविता यात्रामा लालित्य (भाग १ र २) को अत्यधिक महत्त्व रहिआएको छ । २०१० सालमा प्रकाशित लालित्य (भाग १) भन्दा पूर्व पनि वि.सं १९६९

---

[द्दड] ऐजन ।

मा लालित्य नामबाटै लेखनाथ कविताहरूको सँगालो आएको कुरा उनको समग्र काव्य यात्रालाई अध्ययन गर्दा पाउन सकिन्छ । विभिन्न विषय र भावका कविताको सङ्कलन लालित्य (भाग १ र २) विभिन्न छन्द, शैली, विचार तथा स्वरले पूर्ण भएका महत्वपूर्ण कविताहरूको सङ्ग्रह भएको कुरालाई कसैले पनि नकार्न सकिदैन । विशेष रूपमा लालित्य (भाग १) भित्र वि.सं. १९६४ देखि २०१० सम्मका विभिन्न कविताहरू समावेश गरिएको छ भने लालित्य (भाग २) भित्र वि.सं २०११ देखि २०२२ सालसम्मका फुटकर कविताहरू समावेश गरिएको छ ।[द्ढ]

लेखनाथद्वारा लालित्य (प्रथम भाग) का भूमिकामा व्यक्त गरिएको उक्तिले के स्पष्ट गर्दछ भने विभिन्न समयमा लेखिएका तथा भिन्न-भिन्न रूपमा छरिएर रहेका फुटकर कविताहरू र केही नयाँ कविताहरू समेत एकत्रित गरी दुई भागमा विभाजन गरिएको महत्त्वपूर्ण सँगालो लालित्य (भाग १ र २) हो ।[घण] लेखनाथको काव्ययात्राकै सन्दर्भमा लालित्य .(भाग १ र २) लाई हेर्दा भने कविता सङ्ग्रहमा लेखन र प्रकाशनको समय र प्रकाशित स्थलको उल्लेख नगरिएका कारण कवित्वको क्रमिक विकास क्रमको अध्ययन गर्न भने कठिनाइ हुन आउँछ । लालित्य (भाग १) मा समावेश भएका कविताहरूको अधययन गर्दा वि.सं १९६४ मा लेखिएको मन परिवर्तन कविता तथा वि.सं १९६९ मा छापिएको लालित्य भित्रका मनोलड्डु, कवि कवितालाप कवितादेखि लिएर गोरखा शिक्षा, शारदामा छापिएका कविताहरू समेत यसमा समावेश गरिएको छ ।[घज्ञ] त्यस्तै वि.सं २०१० सम्मका कविताहरूमध्ये धेरै जसो लालित्य (भाग १) भित्र समावेश भएका भए पनि यस समयावधिका केही कविताहरू लालित्य (भाग २) मा समेत समावेश भएका छन् । उदाहरणार्थ वि.सं. १९६९ मा नै छापिएका रामराज्य, विचित्रबाहिनी, नामका कविताहरू लालित्य (भाग २) भित्र समावेश भएका छन् । वि.सं. २०१० सालभन्दा अघि लेखिएका

---

[द्ढ] वासुदेव त्रिपाठी, पूर्ववत् , पृ. २४०-४१७ ।

[घण] लेखनाथ पौड्याल, लालित्य भाग १ साझा (२०६२ नवौ संस्क) भूमिका ।

[घज्ञ] वासुदेव त्रिपाठी, लेखनाथ पौड्यालको कवित्वको ..... पूर्ववत् पृ. २४१ ।

कविताहरू सबै लालितय (भाग १) मा पर्न नसकेको अवस्थाका साथै केही कविता लालित्य (भाग २) मा समावेश हुनुले लेखनाथका कविताहरू समयक्रमका हिसाबले नराखिएको पाइन्छ ।

लेखनाथ पौड्यलद्वारा लेखिएका कविताहरू सबै लालित्य (भाग १ र २) भित्र अटाउन नसकेपछि उनका ६१ वटा कविताहरू लालित्य भाग १ मा र ३८ वटा लालित्य भाग २ मा समावेश हुनु नेपाली कविताको विकासमा एक महत्त्वपूर्ण पक्ष भने अवश्य नै हो । यसरी लेखनाथको समग्र कवितायात्राका सन्दर्भमा लालित्य (भाग १ र २) को अत्यन्त महत्त्वपूर्ण योगदान रही आएको छ ।

## ३.१.३ लेखनाथ पौड्यालका काव्यप्रवृत्ति

कविताकल्पद्रुममा प्रकाशित शृङगारपच्चीसी र मानसाकर्षिणी नामक कवितामार्फत काव्यारम्भ गरेका लेखनाथ प्रारम्भमा माध्यामिककालीन शृङ्गारिक धारामा कविता लेख्दै अघि बढे तापनि विस्तारै नेपाली कवितामा आधुनिकताको आमन्त्रण गरेका कविव्यक्तित्व हुन् ।[घद] वि.सं १९६५ देखि नै लेख्य व्याकरणका नियमलाई परिपालन गर्दै परिष्कार चेतयुक्त कविता लेख्न थालेका लेखनाथका कविताहरूले विस्तारै शृङ्गारिक भावधाराबाट मुक्त हुँदै धार्मिक, आध्यात्मिक भावभूमिमा आधारित सांस्कृतिक चेतनालाई अङ्गीकार गरेको पाइन्छ । काव्यमा गुणस्तरीयताको सन्देश बोकेर वि.सं १९७३ मा ऋतुविचार प्रकृतिकाव्यको रचना गरेका लेखनाथ नेपाली कविताका फाँटमा आधुनिकता निम्त्याउने परिष्कारवादी कवि हुन् ।[घघ]

अध्यात्मवादी कवि लेखनाथले शास्त्रीय नियमहरूको अनुसरण गर्दै आफ्ना रचनाहरूलाई परिष्कृत एवम् परिमार्जित रूपमा प्रस्तुत गरेका छन् । समाजका विभिन्न मूल्य, मान्यता, नीति नियम, संस्कार अनुशासन आदिको पालना गर्दै चारित्रिक उत्थानतर्फ प्रवृत्त हुने प्रेरणा उनका कविताहरूले दिएका छन् । उनको काव्य यात्रालाई मध्यनजर गर्दा

---

[घद] वासुदेव त्रिपाठी, अन्य, <u>नेपाली कविता भाग ४</u> पूर्ववत् पृ. १४१ ।

[घघ] ऐजन ।

प्रारम्भमा उनी धार्मिक रूढिवादीलाई अङ्गीकार गरे तापनि उत्तरार्द्धतर्फ धार्मिक रूढिवादी मानवतावादतर्फ प्रवृत्त भएको छ । अध्यात्मवादी कविका रूपमा समेत मानिने उनले पूर्वीय सभ्यताप्रति असीम श्रद्धा व्यक्त गर्दै आर्यसंस्कृति र सभ्यताको पुनर्जागरणको अपेक्षा राखेका छन् । प्रकृतिको जीवन्तरूपमा वस्तुपरक चित्रण गर्दै लेखनाथ सहज र सरल भाषाका माध्यमबाट सौन्दर्यको सिर्जना गर्दछन् । भावना र विचारको सन्तुलन गर्दै वर्णमात्रिक एवम् मात्रिक छन्दमा सहज स्वभाविक, परिष्कृत भाषाशैलीयुक्त काव्यात्मक सौन्दर्यको निर्माण गर्ने कवि लेखनाथले सामान्य फुटकर कवितादेखि महाकाव्य समकक्षी रचनासम्म गरेका छन् । तरुण तपसी जस्तो महाकाव्य समकक्षी नव्यकाव्य रचना गरेर कविले युगीन परिस्थितिको बहुपक्षीय अवलोकन गर्दै मानवतावादी दृष्टिकोण प्रस्तुत गरेका छन् । उनको अपूर्ण गङ्गागौरी महाकाव्य २०६२ सालमा मात्र आएर प्रकाशन भएको पाइन्छ ।

आफ्नो काव्य शैलीलाई भिन्न रूपमा पहिचान गराएका लेखनाथले झर्रा एवम् तत्सम शब्दको संयोजनबाट आफ्ना कविताहरूलाई उत्कृष्टतातर्फ डोऱ्याएका छन् । पूर्वीय साहित्यकारका अग्रणी व्यक्तित्व कालिदास, भर्तृहरि जस्ता साहित्यकारहरूबाट प्रेरित कवि लेखनाथ काव्य परिष्कारको अपेक्षा राख्दै सामाजिक रूपमा पनि परिष्कृतताको चाहना राख्ने मूर्धन्य कवि व्यक्तित्व हुन् । उनका समग्र काव्य प्रवृत्तिलाई बुँदागत रूपमा यसप्रकार देखाउन सकिन्छ ।

१. सामाजिक चेतचना र व्यवहारिक बोधयुक्त लेखन ।
२. वैचारिक श्रृङ्खला एवम् चिन्तनशील लेखन ।
३. प्रकृतिसँगको साक्षात्कारयुक्त लेखन ।
४. शिल्पशैलीगत सचेतता ।
५. परिष्कारपूर्ण भाषाशैलीको प्रयोग ।
६. नैतिक चेतना एवम् उपदेशात्मक लेखन ।
७. निष्काम कर्मयोगमूलक आदर्शवादिता ।
८. चिन्तनशीलता ।

# परिच्छेद चार

## लेखनाथ पौड्यालको लालित्यको अध्ययन

### ४.१ लेखनाथ पौड्यालको लालित्यको अध्ययन

नेपाली कविताको क्षेत्रमा लगभग आधा शताब्दी (६० वर्षे) समयावधि व्यतीत गरेका लेखनाथ पौड्याल मोतीराम भट्टको माध्यमिककालीन शृङ्गारिक धाराले नेपाली कविताका फाँटमा वर्चस्व बढाइरहेका बखत उदाएका कवि प्रतिभा हुन् ।[घद्ध] आफ्नो जीवनको सम्पूर्ण समयावधि कविता लेखनमा नै बिताएका उनले नेपाली कविताका क्षेत्रमा विभिन्न समयगत परिस्थिति अनुरूप भएका परिवर्तनहरूको प्रत्यक्ष अनुभव गर्ने अवसर पाएका थिए । मोतिराम भट्टको श्रृङ्गारिक धाराले नै निरन्तरता पाइरहेका बखत कविताका फाँटमा देखापरे पनि आफ्नो सम्पूर्ण काव्ययात्रा परिष्कारवादी धारामा नै केन्द्रित गरेका पौड्याललाई नेपाली कविताको आधुनिककालको आमन्त्रण गर्ने कविका रूपमा समेत पाउन सकिन्छ । नेपाली कवितामा शास्त्रीय छन्दलाई कौशलतापूर्वक सफल प्रयोग गर्ने कवि लेखानथ नेपाली कविताको आधुनिककालका परिष्कृत नेपाली काव्यभाषा, शैली र शिल्पका कुशल कालिगढ समेत हुन् । लेखनाथका आफ्ना रचनाहरूमा सालाखाला श्रृङ्गारी, प्रकृतिवादी, अध्यात्मवादी र बुद्धिवादी कविका रूपमा देखा पर्दछन् ।[घछ] उनका यी प्रवृत्तिहरूमध्ये श्रृङ्गारिकता, प्रकृतिवादी, अध्यात्मवादी प्रवृत्तिले माध्यमिकालीन कविको रूपमा चिनाए पनि पछिल्लो बुद्धिवादी प्रवृत्तिले माध्यमिककालीन प्रवृत्तिबाट केही मात्रामा पृथक बनाएको भए पनि बौद्धिकता आधुनिकताको विशिष्ट परिचायक नभएकाले उनी आधुनिक कविका पङ्क्तिमा बस्न पाउँदैनन् । यसबाट के स्पष्ट हुन्छ भने उनी

---

[घद्ध] कृष्णप्रसाद आचार्य, आधुनिक नेपाली फुटकर कविता न्यू हिरबुक्स , पृ ३६१ ।

[घछ] मोहनराज शर्मा, नेपाली केही आधुनिक साहित्यकार सहयोगी प्रेस, २०४०, पृ. ७८ ।

**'प्राक्आधुनिककालीन कवि"** हुन् ।[घट] पूर्वीय संस्कृतिका माध्यमबाट आध्यात्मिक चेतमा वृद्धि गर्ने किसिमका कविताहरू रचना गर्ने उनले नेपाली समाज तथा सिङ्गो मानव चेतना फैलाउने किसिमका मावनवतावादी, अध्यात्मवादी, प्रकृतिवादी, भक्तिवादी, स्तुतिवादी, नैतिकतावादी कविताहरू रचना गरेका छन् । यिनै मानवतावादी लगायतका अध्यात्मवादी, प्रकृतिवादी, भक्तिवादी, नैतिकतावादी कविताहरूको सफल संयोजन लालित्य (भाग १ र २) मा गरिएको छ ।

## ४.२ कृतिपरक आधारमा लालित्य कवितासङ्ग्रहको विश्लेषण

कुनै पनि कविता तयार हुनका लागि त्यसका आन्तरिक तथा बाह्य तत्वहरू अपरिहार्य हुन्छ । तिनै आन्तरिक तथा बाह्य तत्त्वहरूको व्यवस्थित प्रयोगबाट मात्र कविता कविता बन्न सक्दछ । कविताका आन्तरिक तत्त्वका रूपमा कथ्य विषयवस्तु र भाव पर्दछन् भने बाह्य तत्त्वका रूपमा भाषाशैली, लय, विम्ब र प्रतीक पर्दछन् । समग्रमा हेर्दा कविताका तत्वहरूलाई यसप्रकार देखाउन सकिन्छ ।

१. शीर्षक २. संरचना ३. विषयवस्तु ४. लयविधान ५. भाषा ६. व्यञ्जनाविधान ७. शैली ८. उद्देश्य ।

**क) शीर्षक**

शीर्षकले कविताको सम्पूर्ण पक्षको प्रतिनिधित्व गर्दछ । कविता भित्रका आन्तरिक तथा बाह्य सम्पूर्ण तत्त्वहरूलाई प्रतिनिधित्व गर्ने गरी शीर्षकको निर्धारण गरिएको हुन्छ । शीर्षक नै हेर्दा कविताको सामान्य आँकलन हुनुपर्ने हुनाले शीर्षक चयन गर्दा विभिन्न अर्थहरू दिन सक्ने, सम्भावनाहरू थप्न सक्ने किसिमले शीर्षकलाई छनोट गरिएको हुन्छ । यसरी छनोट गरिएको शीर्षकभित्र कविताको सम्पूर्ण विषयवस्तु समेटिएको हुनुपर्छ ।

---

[घट] ऐजन ।

**ख) संरचना**

प्रत्येक कविताको आन्तरिक र बाह्य संरचना रहेको हुन्छ । यिनै आन्तरिक र बाह्य संरचनाको सफल संयोजनबाट कविता कविता बन्न सक्दछ । कविताको बाह्य संरचना अन्तर्गत लय, गुण, पाउ र चरण, पङ्क्ति, शब्दसङ्ख्या आदि पर्दछन् भने आन्तरिक संरचना अन्तर्गत कविताको प्रत्यक्ष कथन, आख्यानीकृत कथन, नाटकीकृत कथनको स्थल तथा सूक्ष्म पद्धतिलाई लिने गरिन्छ । यसरी हेर्दा कविताको आन्तरिक संरचना सूक्ष्म हुने गर्दछ भने बाह्य संरचना सतही किसिमको हुने गर्दछ । यसर्थ पनि कविताको बाह्य संरचना भनेको भाषिक वा शैलीगत प्राप्ति हो जुन कविताको विधागत उपविधागत आयामसँग सम्बन्धित हुन्छ । त्यस्तै कविताको आन्तरिक संरचना कवितामा अँगालिएको कथनपद्धतिसँग सम्बन्धित हुन्छ । त्यसै कथनपद्धतिका माध्यमबाट कवितामा कथ्य, भाव, विचार तथा सम्बन्धित विषयवस्तुको कथन गरिएको हुन्छ ।

यसरी के भन्न सकिन्छ भने संरचना कविताको एक महत्त्वपूर्ण तत्त्व हो ।

**ग) विषयवस्तु**

विषयवस्तु कविताको अनिवार्य तत्त्व हो । कविलाई जुन विचार वा अनुभूतिले कविता लेख्नका लागि प्रेरित गर्दछ त्यो नै कविताको विषयवस्तु हो । यही विषयलाई प्रस्तुत गर्नु नै कविताको मूल उद्देश्य हुने भएका कारण कविताका अन्य तत्त्वहरू समेत विषय प्रस्तुत गर्न आएका हुन्छन् ।

मानसपटलमा उत्पन्न हुने जुनसुकै स्मृतिहरू पनि कविताको विषयवस्तु बन्न सक्दछन् । जीवनजगत् , इतिहास, संस्कृति कला मानवीय स्वभाव, दर्शन समाज, लगायत समाजका यावत् पक्षहरू कविताविधाका लागि विषय बन्न सक्ने हुनाले विषय जति सशक्त एवम् सार्वकालिक र सार्वभौमिक हुन्छ त्यति नै त्यो कविता उत्कृष्ट बन्न सक्दछ ।

कविताामा भावको उचित संयोजन जब हुन्छ तबमात्र कविता उत्कृष्ट बन्दछ । कविताका लागि कति भाव आवश्यकता पर्छ भन्ने कुरा कविताको आयाममा भर पर्दछ । अनुभूतिको एक अंश मुक्तकका लागि पर्याप्त हुन्छ भने अनुभूतिको एक पाटो फुटकर कविताका लागि आवश्यक हुन्छ त्यस्तै जीवनजगत्को सूक्ष्मचित्र खण्डकाव्यमा आवश्यक हुन्छ भने जीवनजगत्को बृहत् चित्र महाकाव्यमा आवश्यक हुन्छ । यसबाट के स्पष्ट हुन्छ भने कविताको आन्तरिक अनुभूति पक्ष नै भाविधान हो ।

**घ) लय विधान**

काव्यमा लयले अनुभूतिलाई वेग प्रदान गर्ने र रसात्मकता ल्याउने गर्दछ । काव्यमा लयको आयोजना गर्नु नै लयविधान हो । लयविधान कविताको पाउ वा हरफको यति (विराम) र गतिबाट सुरु हुन्छ । वर्ण, मात्रा, अक्षरको वितरणक्रम र उच्चारण अवधिले लयको सिर्जना गर्दछन् । त्यस्तै अनुच्छेद वा पङ्क्तिपुञ्जमा भने अनुप्रास, यमक आदिले लयको सिर्जना गर्दछन् । कविता छन्दयुक्त वा मुक्त जे भए पनि कवितामा लयात्मकता अपरिहार्य हुन्छ । काव्यमा लयविधानको लक्ष्य भावशैलीका पङ्क्ति एवम् पङ्क्तिपुञ्जमा श्रुतिरम्य साङ्गीतिक ध्वनि सिर्जना गर्नु भएका कारण कुनै पनि कृतिलाई जीवन्त तुल्याउन पनि लयाविधानको अपरिहार्यता हुन्छ ।

**ङ) भाषा**

भाषा कविताको अपरिहार्य तत्त्व हो । भाषा विना कविता रचना असम्भव हुन्छ । कवितामा भाषिक सौन्दर्यको सृष्टि गर्न अलङ्करण वा बिम्बविधान अत्यावश्यक पर्दछ । अलङ्करण तथा बिम्बविधानले कवितालाई उत्कृष्ट बनाउँछ । कविताका सौन्दर्य विधायक तत्त्वका रूपमा पर्ने बिम्ब, प्रतीक र अलङ्कारको प्रयोग कवितामा अत्यावश्यक हुने गर्दछ । कवितामा कुनै पनि कथनको लाक्षणिक अर्थ बुझाउन विम्ब प्रतीकको प्रयोग गरिन्छ । कुनै कुनै कृतिमा बिम्ब पूरै कृतिमा आएको हुन्छ । बिम्ब प्रतीकको प्रयोग कवितामा जति सशक्त हुन्छ त्यति नै कविता ओजस्वी र प्रभावकारी हुन्छ । त्यस्तै कवितामा कुनै पनि

भनाइलाई विशिष्ट एवम् चमत्कारपूर्ण बनाउन अलङ्कारको प्रयोग गरिन्छ । कतिपय अलङ्कारवादीहरूले त अलङ्कारविना काव्यको कल्पनासम्म पनि गर्न नसकिने बताएका छन् । यसरी समग्रमा के भन्न सकिन्छ भने कवितालाई लाक्षणिक एवम् व्यङ्ग्यसापेक्ष बनाई भावको प्रभावकारी अभिव्यक्रि दिनका लागि बिम्बप्रतीक एवम् अलङ्कार अत्यावश्यक हुन्छ । त्यस्तै  कवितामा शब्द तथा अर्थगत रूपबाट सोभ्रो अर्थ लाग्ने मात्र नभई भिन्न अर्थ लाग्ने प्रक्रियालाई व्यञ्जनाविधान भनिन्छ । कविताकृतिमा व्यञ्जना स्थानीय स्तरमा वा पूरै कृतिभर व्याप्त हुन पनि सक्दछ । कवितामा व्यञ्जनाले बुभ्राउने वाच्यर्थ, लक्ष्यार्थ पछिको व्यञ्जना अर्थ प्रकट गराएका खण्डमा मात्र कविता उत्कृष्ट बन्न सक्दछ । जब कवितामा विद्यमान आन्तरिक संरचनामा अर्थका तहमा एकभन्दा बढी अर्थहरू रहेको पाठकहरूले अनुभव गर्दछन् ।  त्यस व्यञ्जना विधानले कृतिमा कलात्मकता ल्याएर कविताको महत्त्व बढाउँछ ।

**च) शैली**

भाषा अनुभूतिको अभिव्यक्तिका लागि अत्यावश्यक माध्यम हो भने त्यही अभिव्यक्तिको तरिका वा पद्धतिलाई शैली भनिन्छ । कविता अनुभूतिको भाषिक सौन्दर्य भएको हुनाले यसमा सुललित रागात्मक भाषाको वा शैलीको आवश्यक पर्दछ । कविता प्रभावकारी हुनाका लागि त्यसमा श्रुतिमधुर वर्ण, पद, शब्द र पदावलीको प्रयोग आवश्यक हुन्छ । शैली सङ्क्षिप्त र विस्तारित दुई किसिमका भए तापनि सङ्क्षिप्त एवम् सङ्केतात्मक शैलीलाई राम्रो मान्ने गरिन्छ । कविता एउटा कला भएका कारण पनि यो व्यक्तिपिच्छे फरक-फरक शैली प्रयोग हुन सक्दछ तर भाषाशैली विनाको कविता भने प्रायः असम्भव देखिन्छ ।

**छ) उद्देश्य**

उद्देश्य पनि कविताको एक महत्त्वपूर्ण तत्त्व हो । कुनै पनि विषयवस्तुमा केन्द्रित भएर भावले भरिपूर्ण अनुभूतिलाई कलात्मक ढङ्गले प्रस्तुत गर्नुलाई नै कविताको उद्देश्य

भनिन्छ । कवितामा उद्देश्य प्रभावपरक उपयुक्त तथा आकर्षक भएमा मात्र कविताले मूल्यपरक सन्तुष्टि जन्य भाव प्रसारित गर्न सक्ने हुँदा उद्देश्यको अत्यधिक महत्त्व रहन्छ ।

## ४.२.१ लालित्य भाग १ का कविताहरूको विश्लेषण

माथि उल्लेखित कविता तत्त्वहरूका आधारमा एक/एक कविताको विश्लेषण गर्न संख्यात्मक रूपमा समेत कविताहरू अत्यधिक भएका कारण प्रत्येक तत्त्वको उल्लेख नगरी विषयवस्तु तथा भाषा शैलीका आधारमा कविताको विश्लेषण गरिएको छ ।

### गणेश स्तुति

लालित्य कविता सङ्ग्रह (भाग १) को प्रथम कविता गणेश स्तुति भक्तिभावको पुनर्व्याख्या गरिएको कविता हो । भगवान श्री गणेशको भक्तिगान गरिएको यस कवितामा उनका विविध रूपहरूको स्मरण गर्दै महिमागान गरिएको छ । कविताको आरम्भमानै भगवान श्री गणेशलाई आफ्नो हृदय कमलमा वास गरी सबै विघ्न बाधाहरू नास गरिदिनका लागि कविले प्रार्थना गरेका छन् ; जस्तै :

*जय गणनायक ! मेरो*

*हृदय-कमलमा सदा गरी वास ।*

*दिनमणिले तमको झैं*

*गरिदिनुहोस् ! सकल विघ्नको नाश ॥*

*(लालित्य भाग १, पृ.१)*

आध्यात्मिक चेतले युक्त प्रस्तुत कविताको विषयवस्तु पौराणिक ग्रन्थहरूमा निर्धारित श्री गणेशको स्वरूपको कल्पना गर्द उनै प्रभुको प्रार्थनामा आधारित छ । पात्रनाम तथा विषवस्तुका आधारमा शीर्षकीकरण गरिएको यो कविता जम्मा ५ श्लोकमा संरचित छ । प्रत्येक श्लोकका चार पङ्क्तिमध्ये पहिलो र तेस्रो पङ्क्तिमा १२ मात्रा तथा दोस्रो र चौथो पङ्क्तिमा १८ मात्रा हुने गीति छन्दमा यो कविता रचना गरिएको छ । संस्कृत तत्सम् शब्दहरूको अत्यधिक प्रयोग गरिएको यस कवितामा ठाउँ ठाउँमा उपमा अलङ्कारको प्रयोग, शास्त्रीय लय आदि समेतबाट कविता उत्कृष्ट बन्न पुगेको छ ।

## सरस्वती स्मृति

लेखनाथ पौड्यालद्वारा रचित प्रस्तुत **सरस्वती स्मृति** कविता विद्याकी अधिष्ठात्री देवी सरस्वतीको स्मृतिगानमा आधारित छ । भक्तिभावले परिपूर्ण यस कवितामा सरस्वतीको दिव्य स्वरूपको स्मरण गर्दै जुनीभर यो स्वरूपलाई नबिर्सू भनी प्रार्थना गरिएको छ । उदाहरणार्थ :

*सफा वर्णाऽऽकार स्फटिकमय मालाकन धरी*

*जगत्मा तद्द्वारा व्यवहृति-कला शीतल गरी ।*

*सदा भर्दै हाम्रो हृदयबिच आलोक-लहरी*

*बसेकी वाग्देवी क्षणभर नबिर्सूँ जुनिभरि ॥*

*(लालित्य भाग १ पृ. ३)*

पौराणिक धार्मिक ग्रन्थहरूले निर्धारण गरेअनुसारको सचित्र स्वरूप वर्णन गरिएको यसको शीर्षक पात्रनाम तथा विषयवस्तुका आधारमा निर्धारण गरिएको छ । जम्मा ५ श्लोकमा संरचित यस कवितामा प्रत्येक श्लोकका प्रत्येक पङ्क्तिमा १७ अक्षर रही छैटौं अक्षरमा विश्राम हुने शिखरिणी छन्दको सफल प्रयोग गरिएको छ ।

भाषागत शैलीलाई हेर्दा प्रत्येक २/२ पङ्क्तिमा मिलेको अन्त्यानुप्रास योजना तथा अत्यधिक संस्कृत शब्दहरूको प्रयोगका कारण केही मात्रामा कविता जटिल बन्न पुगेको भए पनि शास्त्रीय लयका कारण कविताको लयात्मकताले उक्त जटिलतालाई विर्साएको छ । भक्तिभावको पुनर्व्याख्या गरिएको यो कवितामा कविले अँगालेको परिष्कारवादी काव्य शैलीको पूर्णरूपले प्रयोग भएको पाउन सकिन्छ ।

### बाल राम

जम्मा २ श्लोकमा संरचित प्रस्तुत कवितामा भगवान श्रीरामचन्द्रको बाललीलाका सम्बन्धमा वर्णन गरिएको छ । भक्तिभावको पुनर्व्याख्या गरिएको यस कवितामा पौराणिक विषयवस्तु अनुसार निर्धारित श्रीरामचन्द्रको बाल स्वरूपको स्मरण गर्दै उनको त्यो दिव्य स्वरूपलाई जीवनभर नबिसूँ भन्ने कामना गरिएको छ । परिष्कारपूर्ण भाषा शैलीमा रचिएको प्रस्तुत कविता प्रत्येक पङ्क्तिमा २१ अक्षर हुने स्रग्धरा छन्दमा रचना गरिएको पाइन्छ । पात्रनामका आधारमा शीर्षकीकरण गरिएको यो कविता उपमा उत्प्रेक्षा जस्ता अलङ्कारको प्रयोगले उत्कृष्ट बन्न पुगेको छ । शास्त्रीय लय, सफल अन्त्यानुप्रास योजना समेतले कवितालाई अत्यन्त परिष्कृत बनाएको छ ।

### शेषशायी विष्णु

शेषनागमा विराजमान भगवान विष्णुको विभिन्न रहस्यको सम्बन्धमा प्रश्न गरिएको प्रस्तुत कविता जम्मा २ श्लोकमा संरचित छ । भगवान विष्णुको पुराण आदिमा व्यक्त गरिएको दिव्यस्वरूपका सम्बन्धमा गरिएका विभिन्न प्रश्नहरूलाई कविले कविताको

रूप दिएका छन् । वास्तवमै भगवान विष्णु बस्ने क्षीर समुद्र कस्तो हो ?, त्यहाँ कसरी शेषनागको शय्या बस्यो ? विष्णुका शरीरमा भएका शङ्ख, चक्र, गदा, पद्मको के कस्तो रहस्य रहेको छ जस्ता विभिन्न तर्क विर्तकहरू यस कवितामा समावेश भएका छन् ; जस्तै :

*कस्तो क्षीरसमुद्र हो ? कुन तहाँ शय्या बन्यो शेषको ?*
*क्या हो नाभिसरोज खास, जसमा लीला छ लोकेशको ?*
*कस्मा लक्ष्य छ शङ्ख चक्र दुइको ? के हो गदा-गौरव ?*
*केको सूचन गर्छ पङ्कज? तथा त्यो झल्कँदो कौस्तुभ ?*

*(लालित्य भाग १ पृ. ६)*

विषयवस्तु तथा पात्रनामका आधारमा शीर्षकीकरण गरिएको प्रस्तुत कवितामा विभिन्न संस्कृत शब्दहरूको प्रयोग गरिएको छ । आद्यानुप्रास तथा अन्त्यानुप्रासको सफल संयोजन गरिएको यस कवितामा शार्दूलविक्रीडित छन्दको प्रयोग गरिएको छ । शास्त्रीय लय, परिष्कृत भाषाशैली समेतले कविता उत्कृष्ट बन्न पुगेको छ ।

## शिवसमाधि

भक्तिभावको पुनर्व्याख्या गरिएको प्रस्तुत कविता आध्यात्मिक चेतले युक्त छ । भगवान शिवको समाधिस्थ अवस्थाको सचित्र वर्णन गरिएको यस कवितामा बाघको छाला ओछ्याएर पद्मासनमा बसेका भगवान शिवको स्मरण गर्दै जसले माता गौरीको झैं भक्ति गर्छ त्यसको जन्म वास्तवमै सार्थक हुने प्रसङ्गलाई कविले यहाँ उपस्थित गराएका छन् । जम्मा २ श्लोकमा रहेको शिवसमाधि कविताको शीर्षक पात्रनाम एवम् विषयवस्तुका आधारमा निर्धारण गरिएको छ । शास्त्रीय स्रग्धरा छन्द प्रयोग गरिएको यस कवितामा रूपक, अतिशयोक्ति, उपमाजस्ता अलङ्कारको प्रयोग गरिएको छ । अलङ्कार प्रयोग परिष्कृत भाषाशैली शास्त्रीय लय समेतका कारण कविता उत्कृष्ट वन्न पुगेको छ ।

## सूर्य महिमा

प्रकाश तथा तापका खानी भगवान श्री सूर्यको महिमागान गरिएको प्रस्तुत कवितामा जीवन शक्तिको दाताको रूपमा सूर्यको वर्णन गरिएको छ । कविताको आरम्भमै **जय जगदीश्वर मङ्गलकारी** भन्ने पङ्क्तिबाट सबै जगत् तथा चराचरको मङ्गल गर्ने सूर्य भगवानको दिव्य स्वरूपको स्मरण गरिएको छ । सूर्यको महिमागान गर्ने क्रमम ब्रह्मा, विष्णु, महेश्वर समेत प्रभुको महिमा भित्र गुप्त रहने तथा सारा शृष्टि दिन, ऋतु, महिना, संवत्सर आदि सूर्यकै भरमा निर्धारित भएको प्रसङ्ग ल्याइएको छ । विभिन्न किसिमका प्रसङ्ग ल्याएर भक्तिभावको पुनर्व्याख्या गरिएको प्रस्तुत कविता जम्मा ११ श्लोकमा संारचित छ । विषयवस्तुका आधारमा शीर्षकीकरण गरिएको यस कवितामा प्रति पङ्क्ति १६ मात्रा हुने पज्झटिका छन्दको प्रयोग गरिएको छ । रूपकातिशयोक्ति अलङ्कारको प्रयोग,

शास्त्रीय लयको संयोजन गरिएको यस कवितामा नेपाली तथा संस्कृत शब्दहरू बराबर रूपमा प्रयोग गरिए पनि दुई भाषाको सम्मिश्रणका कारण कुनै किसिमको क्लिष्टता भने आएको पाइँदैन ।

## श्रीकृष्ण भक्तिको रहस्य

श्रीकृष्णभक्तिको रहस्य कवितामा भगवान श्रीकृष्णभक्तिको रहस्यकै सम्बन्धमा रहेका कारण यसको अभिधात्मक अर्थबाटै कविता स्पष्ट छ । भक्तिभावको पुनर्व्याख्या गरिएको यस कवितामा बाह्य रूपबाट जति नै प्रयास गरे पनि पत्ता लगाउन नसकिने भगवान श्रीकृष्णको स्वरूप तथा रहस्यलाई बुझ्न अन्तर हृदयको गहन खोजी नै एक मात्र उपाय भएको व्यक्त गरिएको छ हृदयको अन्तस्करणबाट मात्रै श्रीकृष्णको दिव्य स्वरूप थाहा लाग्ने मूलभाव भएको यो कविताको शीर्षक विषयवस्तुका आधारमा निर्धारण गरिएको छ । जम्मा २ श्लोकमा संरचित यो कविता शार्दुलविक्रीडित छन्दमा रचना गरिएको छ । अन्तयानुप्रासको सफल योजना, परिष्कृत भाषा शैली, शास्त्रीय लय आदि समेतले कविता उत्कृष्ट बन्न पुगेको छ ।

## शिव पञ्चाशिका

लालित्य (भाग १) कविता सङ्ग्रह भित्रको सबैभन्दा लामो कविता शिव पञ्चाशिका भक्तिभावको पुनर्व्याख्या गरिएको कविता हो । शिवभक्तिको निर्मल भावप्रवाह भएको यस कवितामा कविको हार्दिकताभित्र बुद्धिदृष्टिको सफल प्रयोग गरिएको पाउन सकिन्छ । संस्कृत स्तुति वा स्तोत्र कविता परम्परा अँगाल्दै देवव्यक्तित्वको सगुण वर्णन यस कवितामा गरिएको छ । भगवान शङ्करको विभिन्न स्वरूपहरूको वर्णन गरिएको यस कविता आध्यात्मिक चेतले युक्त भएको छ । प्रतीकात्मक रूपबाट सृष्टि रहस्यको वर्णन , पुराकथाको नवीन व्याख्या, आत्मपरक भावोद्वेग आदिका कारण प्रस्तुत कवितामा कविको स्वच्छन्दतावादी काव्य शिल्पसमेत यसमा पाउन सकिन्छ । शीर्षकबाटै पचास श्लोक भएको सङ्केत पाइने यस कविताको शीर्षक पात्रनाम तथा विषयवस्तुका आधारमा निर्धारण

गरिएको छ । प्रत्येक श्लोकको पहिलो र तेस्रो पङ्क्तिमा १० अक्षर तथा दोस्रो र चौथो पङ्क्तिमा ११ अक्षर हुने वियोगिनी छन्दमा रचना गरिएको यो कविता शास्त्रीयलयमा रहेको छ । सफल अन्त्यानुप्रास योजना, प्रश्नालङ्कार, सन्देश अलङ्कार, तथा वृत्यानुप्रास अलङ्कार पाइने यो कविता परिष्कृत भाषाशैलीमा रचना गरिएको कविता हो ।

**श्री दुर्गा**

देवी दुर्गाको सचित्र वर्णन गरिएको २ श्लोकमा संरचित प्रस्तुत कविता आध्यात्मिक चेतले युक्त कविता हो । भक्तिभावको पुनर्व्याख्या गरिएको यस कवितामा सिंहवाहिनी, वरपर दुई सेविका कन्या राखेकी, हातमा तरवार, शङ्ख चक्र समेत लिएकी दुर्गाको स्वरूप कल्पना गर्दै यो सारा सृष्टिजगत्मा कल्याणका धारा वर्साउनका लागि प्रार्थना गरिएको छ । संस्कृत तथा नेपाली दुवै भाषाका शब्दहरूको प्रयोग गरिएको यो कविता शास्त्रीय स्रग्धरा छन्दमा रचना गरिएको छ । उपमा अलङ्कार, शास्त्रीय लय, सफल अनुप्रास योजना कवितामा गरिएको छ ।

**महाकाली**

भक्तिभावको पुनर्व्याख्या गरिएको महाकाली कवितामा शक्ति स्वरूपा देवी महाकालीको भक्तिगान गरिएको छ । महाकालीको वास्तविक स्वरूपको वर्णन गर्दै जुनसुकै प्रत्येक कष्ट पर्दा उनै महाकाली स्मरण गर्नुपर्छ भन्ने भाव यस कवितामा लुकेको छ । महाकालको छाती माथि कुल्चेर लम्बा जिभ्रो निकाल्ने मुण्डमाला धारी शक्तिस्वरूपा महाकालीको सचित्र वर्णन गरिएको यो कविता जम्मा २ श्लोकमा संरचित छ । प्रत्येक पङक्तिमा २१ अक्षर रही सातौं र चौधौं अक्षरमा विश्राम हुने स्रग्धरा छन्दमा रचिएको प्रस्तुत कविता सन्धि युक्त संस्कृत तथा नेपाली शब्दहरूको प्रयोगले परिष्कृत बन्नुका साथै अन्त्यानुप्रास समेतको सफल संयोजनले उत्कृष्ट बन्न पुगेको छ ।

**शरशय्यामा लडेका भीष्मपितामहले गरेको श्रीकृष्ण स्तुति**

उपवाक्यका तहमा शीर्षकीकरण गरिएको प्रस्तुत कविता समाधिस्थ अवस्थामा रहेका महाभारतमा चर्चित व्यक्तित्व भीष्मपितामहले गरेको श्रीकृष्णको स्तुतिगानमा आधारित छ । हिन्दूहरूको प्रसिद्ध धर्मग्रन्थ महाभारतबाट अनुवाद गरिएको यो कविता भक्तिभावको पुनर्व्याख्या गरिएको कविता हो । कविताको आरम्भमै भगवान श्रीकृष्णको दिव्य स्वरूपको स्मरण गर्दै भीष्मपितामहले उनकै दास भएको कुरा व्यक्त गरेका छन् । सम्पूर्ण शत्रुपक्ष आफ्नै बन्धुवान्धव भएको देखि आफू अत्यन्त डराएको भए पनि भगवान हरिबाट सब तत्त्वको बोध भएका कारण उनकै सहारालाई लिएर आफू युद्धमैदानमा उत्रेको भीष्मपितामहले शरशय्यामा लडेका बखत सम्झना गरेका छन् ; जस्तै :

*बुझि रिपुदल बन्धुले भरेको*
*वध नगरूँ भनी पापमा डरेको ।*
*विजयकन बताइ तत्त्व सारा*
*भ्रम हरने हरिको पर्दै सहारा ॥*

*(लालित्य भाग १ पृ. २८)*

त्यस्तै कविताको अन्त्यतिर सारा यो जीवन जगत्चेत प्रत्येक महत्त्वपूर्ण क्षणमा विभिन्न स्वरूपमा प्रविष्ट हुने भगवान श्रीकृष्णमा आफू पनि लीन हुने इच्छा भीष्मपितामहले व्यक्त गरेका छन् । उदाहरणार्थः

*रचिकन सब जीव ई यथेष्ट*
*घट-घटमा रवि झैं स्वयं प्रविष्ट ।*
*यदुपति विभुमा म हुन्छु लीन*
*भइ भय भेद र मोहले विहीन ॥*

*(लालित्य भाग १ पृ. २९)*

आध्यत्मिक चेतले युक्त प्रस्तुत कविता पहिलो र तेस्रो पाउमा १२ अक्षर तथा दोस्रो र चौथो पाउमा १३ अक्षर हुने पुष्पिताग्र छन्दमा रचना गरिएको छ । संस्कृत ग्रन्थबाट अनुवाद रूपान्तरण नै भएको हुनाले केही संस्कृत शब्दहरू जस्ताको तस्तै प्रयोग हुनाका साथै नेपाली भाषाको शब्दहरूको प्रयोग यसमा भएको छ । अन्त्यानुप्रासको सफल योजना, उपमा अलङ्कारको ठाउँ ठाउँमा प्रयोग भएको यो कविता शास्त्रीय लयमा रहेको छ ।

## राधाकृष्ण

आध्यत्मिक चेतले युक्त राधाकृष्ण कवितामा राधाकृष्णको युगल स्वरूपको स्मरण गर्दै कविले आफ्नो चित्त प्रकाशको कामना गरेका छन् । एक श्लोकको अत्यन्त छोटो यस कवितामा प्रति पङ्क्तिमा १५ अक्षर हुने तथा प्रत्येक आठौँ अक्षरमा विश्राम हुने मालिनी छन्दको प्रयोग गरिएको छ । पात्रनामका आधारमा शीर्षकीकरण गरिएको प्रस्तुत कवितामा संस्कृत तथा नेपाली दुबै भाषाका शब्दहरूको प्रयोग गरिएको छ । श्रृङ्गारिकताले युक्त भएको यस कविता परिष्कृत भाषाशैली, सफल अन्त्यानुप्रास योजना तथा शास्त्रीय लयका कारण उत्कृष्ट बनेको पाइन्छ ।

## कालमहिमा

दार्शनिक दृष्टि प्रस्तुत गरिएको कालमहिमा कविता जीवनको नियमिततासँग सम्बन्धित छ । जीवन कसैको पनि अजम्बरी छैन भन्ने मूल भाव बोकेको यो कवितामा कालको महिमा गान गरिएको छ । कुनै पनि मानिसलाई कालका सम्बन्धमा केही जानकारी नभए पनि कालले एक न एक दिन लिन आउने प्रसङ्गलाई उपस्थित गराउँदै कविले यसले राजा रङ्क कसैलाई पनि नछोड्ने कुरा व्यक्त गरेका छन्; जस्तै :

*राजा रङ्क सबै समान  उसका, वैषम्य गर्दैन  त्यो*

*आयो, टप्प टिप्यो,लग्यो, मिति पुग्यो, टारेर टर्दैन  त्यो*

*लाखौ औषधी, अस्त्र-शस्त्र महिमा देखेर डर्दैन त्यो*

*व्याधा-तुल्य लुकेर चल्दछ सदा, मारेर मर्दैन त्यो ॥*

*(लालित्य भाग १ पृ. ३१)*

त्यस्तै जीवनको गति यस्तो अनिश्चित छ कि प्रारब्ध अनुसार समय पुग्यो भने जस्तोसुकै अवस्था, जुनसुकै ठाउँबाट कालले लैजाने जुन समयमा लाखौ शस्त्र अस्त्र , लाखौ औषधी कसैले पनि काम गर्न नसक्ने कुरा कवितामा व्यक्त भएको छ । जम्मा ४ श्लोकमा संरचित प्रस्तुत कविताको शीर्षक विषयवस्तुका आधारमा निर्धारण गरिएको छ । सफल अन्त्यानुप्रास योजना युक्त शास्त्रीय शार्दूलविक्रीडित छन्दको यहाँ प्रयोग गरिएको छ ।

## मुरली मोह

भगवान श्रीकृष्णको मुरलीप्रतिको मोहका सम्बन्धमा तयार गरिएको यस गानामा उक्त मुरलीको मधुर स्वरको चर्चा गरिएको छ । मुरलीको मधुर स्वरका अगाडि यो सारा जलचर, नभचर समेत पछि पर्ने हुँदा सम्पूर्ण जलचर, नभचर तथा चराचरलाई मुरलीको स्वर गुञ्जायमान हुँदा चुपचाप लाग्न कविले आग्रह गरेका छन् । विषवस्तुका आधारमा शीर्षकीकरण गरिएको यो गाना जम्मा ५ टुक्कामा संरचित छ । मध्यानुप्रास तथा अन्त्यानुप्रासको सफल प्रयोग भएको यो गाना लेखनाथका उत्कृष्ट गानाहरू मध्येमा पर्दछ ।

## दशैं

नेपालीहरूको महान चाड दशैंलाई विषयवस्तु बनाएर रचना गरिएको प्रस्तुत गजल जम्मा ७ सेरमा संरचित छ । दशैंको समयावधिको प्रकृति चित्रणका साथै हामीहरूको धार्मिक विश्वासका साथ हुने दुर्गाभक्तिलाई कविले कवितामा उल्लेख गरेका छन् । वर्षामासको हिलो मैलोबाट विदा हुँदै सुरु हुने दशैंले सबैका सङ्कट विर्साउने प्रसङ्ग

उपस्थित गराएर त्यो समयमा हुने दुर्गा पूजा, हाम्रा संस्कृति समेतको कविले कवितामा जीवन्त चित्रण गरेका छन् ; जस्तै :

*हट्यो सारा हिलो-मैलो हरायो पानिको वर्षा ,*
*भवानीको भयो पूजा, चल्यो सानन्दको वर्षा ॥*

*जता जाऊ उतै भन्छन् दशैँ आयो ! दशैँ आयो !*
*यही आनन्द-चर्चाले सबै सङ्कष्ट बिर्सायो ॥*

*(लालित्य भाग १ पृ. ३३)*

विषयवस्तुका आधारमा शीर्षकीकरण गरिएको यो गजल भाषागत परिष्कृतता समेतले उत्कृष्ट बनेको छ ।

## तिहार

हिन्दूहरूको महान चाडका रूपमा लिइने तिहारलाई विषयवस्तु बनाएर लेखिएको प्रस्तुत कविता जम्मा ७ श्लोकमा संरचित छ । तिहार चाडलाई मनाउने क्रममा गरिने विभिन्न क्रियाकलापका साथै आहारविहार समेतका प्रसङ्गलाई कविले यहाँ उपस्थित गराएका छन् । राजादेखि रैतिसम्म सबैले खुशीका साथ मनाउने यो चाड पर्ने समयावधिमा घर घरमा सबका अन्नका भकारी पूर्ण हुने भोकै वस्नु नपर्ने अवस्था समेतको यहाँ चित्रण गरिएको छ । त्यस्तै दाजुभाइ, दिदी बहिनी बीच माया ममताको आदान प्रदान गरी टीकाटाला गर्ने तथा पारिवारिक जमघटमा मीठामीठा परिकारहरू खाने हाम्रो संस्कृतिको कविले कवितामा जीवन्त चित्रण गरेका छन् ।

*उदाहरणार्थः*

*वर पर सबका दाज्यूभाइ*
*बटुलिन थाले टीका लाई ।*

*हिंड सब जाऔं बहिनीबाट*
*पहिरौँ टीका पारौं ठाँट ॥*

*सब सिद्धयाई टीकाटाला*
*पहिरि गलामा लामा माला ।*
*चिजबिज खाऔँ, चाड मनाऔं*
*बेर नलाऔं , जाऔं जाऔं ॥*

*(लालित्य भाग १ पृ. ३५)*

विषयवस्तुका आधारमा शीर्षकीकरण गरिएको ७ श्लोके यस कवितामा प्रत्येक पङ्क्तिमा १६ मात्रा हुने पज्झटिका छन्दको प्रयोग गरिएको छ । प्रत्येक २/२ पङ्क्तिमा सफल अन्तयानुप्रास योजना, शास्त्रीय लय, परिष्कृत भाषाशैली समेतका कारण कविता उत्कृष्ट बन्न पुगेको छ ।

## श्रीकृष्ण लीलाको सानू किरण

उप वाक्यका तहमा शीर्षकीकरण गरिएको यो कविता जम्मा १ श्लोकमा संरचित छ । श्रीकृष्णका विभिन्न लीलाहरूमध्येको एक सानो अंशको प्रस्तुति यस कवितामा गरिएको छ । गरिब मित्र सुदामाले आफ्नो पुरानो मित्र श्रीकृष्णलाई गहुँका कनिका सौगात स्वरूप लिएर गएको र उक्त सौगातलाई बढो रुचिका साथ श्रीकृष्णले ग्रहण गरेको विषयवस्तु नै कविताको विषयवस्तु हो । प्रश्नोत्तर अलङ्कारले अलङ्कृत प्रस्तुत कवितामा शिखरिणी छन्दको प्रयोग गरिएको छ । सफल अनुप्रास योजना, परिष्कारपूर्ण भाषा शैली तथा शास्त्रीय लयका कारण कविता आफैमा परिष्कृत रहेको छ ।

**जीवन–चङ्गा**

जीवनलाई चङ्गाको रूपमा प्रस्तुत गरिएको यस कवितामा चङ्गालाई जविनको रूपमा कविले तुलना गरेका छन् । जसरी चङ्गा कहिले माथि, कहिले तल गरी एउटा धागोका माध्यमबाट छुटिरहेको हुन्छ । त्यसरी नै सङ्कल्परूपी अभिलाशाका साथ मानिसको जीवन पनि विभिन्न आरोह-अवरोह पार गर्दै बढिरहने प्रसङ्गलाई यहाँ कविले उपस्थित गराएका छन् ।

*उदाहरणार्थ :*

*सङ्कल्पको छ  धागो छुटी-रहेको लगातार ।*
*गर्दछ जसका  भरमा  जीवन-चङ्गा विचित्र सञ्चार ॥*
*(लालित्य भाग १  पृ. २९)*

त्यस्तै चङ्गाको लागि जसरी यो आकाश पारलगाई नसक्नु छ । त्यसरी नै मानिसको जीवन चक्र पनि पारलगाई नसकिने किसिमको भएको कविले बताएका छन् । साथै जीवनको आरोह-अवरोहमा चङ्गा जस्तै धेरै आकाशिएर गएका अवस्थामा हराउने समेतको सम्भावना र उड्नै नसकेका अवस्थामा गङ्गा लहरी जस्ता जन्जालमा फँस्न सक्ने सम्भावनालाई कविले कवितामा देखाएका छन् । विषयवस्तुका आधारमा शीर्षकीकरण गरिएको प्रस्तुत कविता जम्मा २० श्लोकमा संरचित छ । प्रत्येक श्लोकका प्रथम र तृतीय पाउमा १२ मात्रा, दोस्रो र चौथो पाउमा क्रमशः १८ र १५ मात्रा हुने आर्या छन्दको प्रयोग गरिएको छ । आद्यानुप्रास तथा अन्त्यानुप्रासको सफल योजना गरिएको यस कवितामा ठाउँ ठाउँमा उपमा अलङ्कारको प्रयोग गरिएको छ ।

**कवि –कविताऽऽलाप**

नेपाली कविताको तत्कालिक वातावरणप्रति व्यङ्ग्य गरिएको प्रस्तुत कविताले कविताको नयाँ यात्राको सङ्केत गरेको पाइन्छ । कविता तयार गर्नका लागि प्रतिभा हुनु

अनिवार्य भएको हुँदा विनाप्रसङ्गका कथा थुपारेर मात्र कविता हुन नसक्ने कुरा यहाँ कविले व्यक्त गरेका छन् । पूर्वीय काव्यपरम्पराका व्यास र वाल्मीकिको प्रेरणामा प्रचलित काव्य परम्परा र तत्कालीन प्रवृत्तिप्रति कविले विद्रोह गर्दै नवपरिवर्तनतर्फ लाग्न आग्रह गरेका छन् । त्यस्तै कविले कवितामा समाज र सामाजिकताप्रति अनुत्तरदायी कविताहरूको निन्दा गर्दै भँडुवा ग्रामीण भ्रष्ट बोली र भद्दा अवनतिकारी रसिया साहित्यको भर्त्सना गरेका छन् । यसरी परम्परागत कविताका मूल्य र मान्यताप्रति विद्रोह गर्दै समाजसुधारक, नैतिकतापूर्ण मीठासयुक्त कविता रचना गर्नका लागि काव्ययात्रामा लाग्नेहरूलाई यस कवितामार्फत सन्देश दिएका छन् । विषयवस्तुका आधारमा शीर्षकीकरण गरिएको प्रस्तुत कविता प्रश्नोत्तरीय शैलीमा रचना गरिएको एक उत्कृष्ट कविता हो । जम्मा ४५ श्लोकमा संरचित कवि **कविताऽऽलाप** कविता प्रतिश्लोक पहिलो र तेस्रो पङ्क्तिमा १२ मात्रा तथा दोस्रो र चौथो पङ्क्तिमा क्रमशः १८ र १५ मात्रा हुने आर्या छन्दमा रचना गरिएको छ । परिष्कृत भाषाशैलीमा रचित प्रस्तुत कविताको अन्त्यमा कविले विनयोक्ति अलङ्कारको प्रयोग गरेका छन् ।

## को ? को

दार्शनिक दृष्टि प्रस्तुत गरिएको **को ? को**? कवितामा मानव शरीरको बाह्य तथा भित्री सबै अङ्ग केवल बोक्रोमात्र भएको उल्लेख गरिएको छ । यसमा कविले हाड, छाला, मासु रगत हुँदै प्राण, मन, आनन्दसमेतको चर्चा गरी यी सबैको मिश्रणले मात्र सम्भव भएको यस शरीरप्रति अहमताको भ्रम हामीहरूमा परिरहेको बताएका छन् । जम्मा १ श्लोकमा संरचित प्रस्तुत कविता शास्त्रीय स्रग्धरा छन्दमा रचना गरिएको छ । भाषागत रूपबाट परिष्कृत भाषाशैलीको प्रयोग गरिएको यस कवितामा रूपकमाला अलङ्कारको प्रयोग गरिएको छ ।

## म कस्तो हूँ

नैतिकताको प्रतिपादन गरिएको प्रस्तुत कवितामा उपदेशात्मक सन्देशहरू कविले व्यक्त गरेका छन् । कविताको आरम्भमै सत्यवादी बन्दै नित्य अध्ययनका लागि यो चित्तदेखि अविद्या हटाउन आग्रह गरिएको छ । त्यस्तै प्रत्येकले आँफूलाई म को हुँ ? कस्तो हालचाल छ ? के कस्तो काममा लागेको छु ? त्यसको आत्ममूल्याङ्कन गरी आफ्नो कर्तव्य पथमा बढ्नुपर्ने कुरा औंल्याएका छन् । परोपकारमा दत्तचित्त हुँदै पाएका सुख ऐश्वर्यमा नगम्कने र विपत्मा थक्कथक्क नहुने सन्देश कविले यस कवितामार्फत दिएका छन् । विषयवस्तुका आधारमा शीर्षकीकरण गरिएको र  प्रति पङ्क्ति १२ अक्षर हुने भजुङ्गप्रयात छन्दमा रचिएको यस कवितामा अन्त्यानुप्रासयोजना मिलेको शास्त्रीय लय प्रयोग गरिएको छ ।

## वसन्त कोकिल

प्रकृतिको चित्रण गरिएको **वसन्त कोकिल** कवितामा कविले वसन्त ऋतु तथा यस ऋतुको प्रसिद्ध चरा कोइलीको महिमागान गरेका छन् । प्राकृतिक रूपबाट लतावृक्षहरू टनाटन हुँदै फूल पालुवाले परिपूर्ण हुने वसन्त ऋतुमा कोइलीको मधुर स्वर गुञ्जायमान हुने प्रसङ्ग यहाँ उपस्थित गराइएको छ । जतातत्तैको हरियाली फूलको सुवास, चराहरूको चिरिबिरी आदिका कारण वसन्तको महिमा अवर्णनीय हुने भाव कविले यहाँ व्यक्त गरेका छन् । विषयवस्तुका आधारमा शीर्षकीकरण गरिएको प्रस्तुत कविता जम्मा ९ श्लोकमा संरचित छ । प्रत्येक श्लोकका प्रत्येक पङ्क्तिमा १२ मात्रा हुने वंशस्थ छन्दको प्रयोग गरिएको यस कविताको भाषाशैली अत्यन्त परिष्कृत छ भने शास्त्रीय लयका कारण कवितामा लयात्मकता थपेको छ । कविताको मध्यभागतिर स्वभावोक्तिजस्ता अलङ्कारले कवितालाई उत्कृष्ट बनाउन थप मद्दत गरेका छन् ।

## विवेक वाटिकाको सानू फूल

लालित्य कवितासङ्ग्रह (भाग १) मा रहेको प्रस्तुत कविताको पादटिप्पणीमा नै उल्लेख गरेअनुसार यो कविता अमर शहीद शुक्रराज शास्त्रीलाई फाँसीमा चढाइएका बखत मनलाई शान्त गर्नका लागि लेखिएको हो । यसमा कविले मानिसको भित्री अन्तरहृदयमा रहने आत्मज्योति अथवा विवेक-वाटिकालाई विभिन्न समस्यारूपी बादलहरूले विभिन्न तर्क वितर्क ल्याउने कुरा व्यक्त गर्दै जब ती बादलहरू किनार लाग्छन् त्यसपछि मात्र मानिसहरू शान्ति, सुख हुने प्रसङ्गलाई उपस्थित गराएका छन् । जम्मा १ श्लोकमा संरचित प्रस्तुत कविता शार्दूलविक्रीडित छन्दमा रचना गरिएको छ । सफल अन्त्यानुपास योजना शास्त्रीय लयसमेतले यो कविता परिष्कृत बन्न पुगेको छ ।

## नैतिक दृष्टान्त

नैतिकताको प्रतिपादन गरिएको प्रस्तुत कवितामा कविले विभिन्न नैतिक चेतनायुक्त प्रसङ्गहरूलाई उजागर गरेका छन् । कविताको आरम्भमै कविले ठूला बडाले गरेको कुरा यो हाम्रो जीवनजगतमा सर्वसम्मत हुन्छ भन्दै भगवान शङ्करको नङ्गा मगन्ते भेष निन्दित नभएको कुरा व्यक्त गरेका छन् ।

*उदाहरणार्थ :*

*बडाले जो गर्‍यो काम हुन्छ त्यो सर्व-संमत ।*
*छैन शङ्करको नङ्गा, मगन्ते भेष निन्दित ॥*

*(लालित्य भाग १ पृ. ५७)*

ठूलो व्यक्तिले कहिल्यै पनि मर्यादालाई ननाघ्ने प्रसङ्ग ल्याएर कविले सीमाबद्ध सिन्धुको उदाहरण दिएका छन् । त्यस्तै लोकमा कसैको एकैनासको उन्नति हुँदै नजाने गुणीका दोषहरू गुणका राशिमा नै हराउने, दुष्ट मानिसको मति वाल्यावस्थादेखि नै छुचो हुने लगायतका विभिन्न नैतिकतामूलक सन्देशहरू कवितामा प्रस्तुत गरिएको छ । यो

जगत्मा जसले दिंदैन उसले दिन्छु भनेर गर्जने , ठाउँ विशेषमा सानाले पनि मान पाउने, उपकारी व्यक्ति सधैं झुक्ने जस्तो प्रसङ्गहरू पनि कवितामा आएका छन् । दुष्ट मानिस कदापि सज्जन बन्न नसक्नेसमेतका प्रसङ्गलाई व्यक्त गर्दै कविले दुष्ट मूर्खलाई दिएका अर्ती पनि गाली तुल्य हुने बताएका छन् । यसरी यस कवितामा विभिन्न तीतो यथार्थलाई समेत उल्लेख गर्दै कविले नैतिकताको सन्देश दिन चाहेका छन् । जम्मा १९ श्लोकमा संरचित प्रस्तुत कविताको शीर्षक विषयवस्तुका आधारमा निर्धारण गरिएको छ । अनुष्टुप छन्दको प्रयोग तथा सरल भाषाशैलीसमेतले कविता लयात्मक बनेको छ । दृष्टान्त अलङ्कारको कविले यस कवितामा प्रयोग गरेका छन् ।

## पिंजराको प्यासा मैना

आध्यत्मिक चेतले युक्त प्रस्तुत कविता हड्डीको शरीररूपी पिंजराभित्र म स्वरूपको आत्म चराको व्याकुलतालाई व्यक्त गरेका छन् । मैनास्वरूपी त्यो आत्मचराको माध्यमबाट जगत्मा देखिएको अशान्ति, आक्रान्त परिवेशमा आफू छट्पट्याइरहेको कुरा व्यक्त गर्दै कुनै पनि विषयसुखले आफ्नो व्याकुलता, दाह्र नछुट्ने प्रसङ्गलाई कविले यहाँ उपस्थित गराएका छन् । जम्मा १ श्लोकमा संरचित प्रस्तुत कविताको शीर्षक विषयवस्तुका आधारमा निर्धारण गरिएको छ । अन्त्यानुप्रसायुक्त वर्णमात्रिक शार्दूलविक्रीडित छन्दका साथै रूपक अलङ्कारको सफल संयोजनले कविता उत्कृष्ट बन्न पुगेको छ ।

## हिउँदका दिन

ऋतुचक्रअनुसार पृथ्वीमा हुने प्राकृतिक परिवर्तनका सम्बन्धमा लेखिएको यो कविता प्रकृति चित्रणमा आधारित छ । असोजपछि सुरु हुने हिउँदका दिनमा पृथ्वीमा हुने विभिन्न क्रियाकलापहरूको कवितामा सचित्र वर्णन गरिएको छ । सूर्यको मधुर गतिसँगै झरी बादल, मेघ आदिबाट पृथ्वीले छुटकारा पाउँदै नीलो आकाश, सफा पानी, नदीनाला आदिले पृथ्वीको वातावरणमा नै मधुरता छाउने प्रसङ्ग यहाँ उपस्थित गराइएको छ ।

सबका घरघरमा अन्नपात भित्रने , गर्मी भाग्दै शीलतताले जरो गाड्ने, फाँटमा कुहिरो लाग्ने यस समयमै हाम्रो महत्त्वपूर्ण चाड तिहार पर्ने कुरासमेत कविले यहाँ व्यक्त गरेका छन् । साथै कविले कविताको अन्त्यमा विद्यार्थीवर्गलाई यो हिउँदको समयमा पारिलो घाम ताप्तै पढ्नका लागि प्रेरणासमेत दिएका छन् । जम्मा ८ श्लोकमा संरचित प्रस्तुत कविता अन्त्यानुप्रासयुक्त स्वागत छन्दमा रचना गरिएको छ । अत्यन्त सरल भाषाशैली तथा शास्त्रीय लयका कारण कविता अत्यन्त लयात्मक बनेको छ ।

## नारद र विज्ञान

दार्शनिकताको प्रयोग गरिएको प्रस्तुत कवितामा अध्यात्मिकता र भौतिकताबीचको द्वन्द्व देखाइएको छ । प्रश्नोत्तर शैलीमा आध्यात्मिकताको प्रतिनिधि नारद र भौतिकताको प्रतिनिधि विज्ञानबीच भएको वार्तालाप नै यस कविताको विषवस्तु हो । आध्यात्मिकताको प्रतिनिधि नारदले यो ग्रह गोलमा उत्पात मच्चाउन खोजे तापनि यहाँको ज्योतिश्चक्रले त्यसलाई कदापि सफल हुन नदिने व्यक्त गरे पनि भौतिकताको प्रतिनिधि विज्ञानले देवासुर सङ्ग्रामसमेतको उदाहरण दिँदै नयाँ ग्रहको खोजीका साथ नयाँ बस्ती बसाउने लक्ष्यका साथ अघि बढेको प्रसङ्ग यहाँ उपस्थित गराइएको छ । पात्रनाम एवम विषयवस्तुका आधारमा शीर्षकीकरण गरिएको प्रस्तुत कविता जम्मा २ श्लोकमा संरचित छ । अन्त्यानुप्रासयुक्त प्रश्नालङ्कारको प्रयोग गरिएको यो कविता शार्दूलविक्रीडित छन्दमा रचना गरिएको छ ।

## साहित्यको फुटबल

साहित्य सम्बन्धी धारणामा आधारित लेखनाथका कविताहरूमध्ये उत्कृष्ट मानिने यस कवितामा साहित्यलाई फुटबलसँग तुलना गरिएको छ । साहित्यरूपी फुटबलको खेल राम्रोसँग जमाउन विचाररूपी पम्पबाट जागरणको हावा भरिनुपर्ने कविले यहाँ व्यक्त गरेका छन् । जम्मा ३ श्लोकमा संरचित प्रस्तुत कविताको शीर्षक विषयवस्तुका आधारमा निर्धारण गरिएको छ । सफल अन्त्यानुप्रासयोजना गरी रूपक अलङ्कारले अलङ्कृत प्रस्तुत

कवितामा शार्दूलविक्रीडित छन्दको प्रयोग गरिएको छ । परिष्कृत भाषाशैली शास्त्रीय लय आदिका कारण कविता उत्कृष्ट बन्न पुगेको छ ।

## शिक्षक र भिक्षुक

सामाजिक विषयवस्तुको प्रतिपादन गरिएको प्रस्तुत कविता संवादात्मक शैलीमा रचना गरिएको छ । समाजमा उच्चवर्गीय रूपमा स्विकारिएको शिक्षक तथा निम्नवर्गका रूपमा स्विकारिएको भिक्षुकबीचको वार्तालाप नै यसको मूल विषयवस्तु हो । अरूलाई शिक्षा दिने शिक्षक ऊ स्वयम् शिक्षक भएको अभिनय गर्दै अरूका कुरा नसुन्ने प्रवृत्तिको विरोध गर्दै निम्नवर्गीय पात्र भिक्षुकका माध्यमबाट अनावश्यक गर्व नगर्न कविले निर्देशन दिएका छन् । शिक्षा केवल बाह्य आडम्बरका लागि नभएर आत्मज्ञान, उच्चस्तरीय सोचका लागि भएको भाव व्यक्त गर्दै ठूलो सानो जसबाट पनि ज्ञान हासिल गर्न सकिने प्रसङ्गलाई यहाँ व्यक्त गरिएको छ । विषयवस्तुका आधारमा शीर्षकीकरण गरिएको यो कविता जम्मा २ श्लोकमा संरचित छ । अन्तयानुप्रासको सफल संयोजन प्रश्नोत्तर अलङ्कारले युक्त प्रस्तुत कविता शार्दूलविक्रीडित छन्दमा रचना गरिएको छ । शास्त्रीय लय, परिष्कृत भाषाशैलीसमेतले कविता अत्यन्त परिष्कारयुक्त बन्न पुगेको छ ।

## धन महिमा

सामाजिक रूपमा जीवनयापन गर्नका लागि अत्यावश्यकीय धनको महिमागान यस कवितामा गरिएको छ । कविताको आरम्भमा नै मनुष्यको जीवनरूपी वृक्षलाई हुर्काउन, बढाउनका लागि केवल धनमात्र एक उपाय भएको यहाँ उल्लेख गरिएको छ । सम्पन्नता, विपन्नता आदिको विभाजन गराउने धन विभिन्न सुधार, शिक्षा दीक्षाका लागि अत्यावश्यक रहने बताउँदै कविले यहाँ गास, बास, कपासको माध्यमका रूपमा रहेको धनलाई जो कोहीले जीवनका अन्तिम क्षणसम्म उपयोग गरिरहने बताएकमा छन् । भाग्य रेखाचित्रको निर्माणसमेत धनका माध्यमबाट हुनका साथै चातुर्य, विचार शक्ति, महत्त्व, सौजन्य, गुणक्षता सबै धनबाट नै सञ्चालन भएको उल्लेख गर्दै कविले धनलाई कल्पवृक्षका रूपमा

दिएका छन् । जम्मा ३४ श्लोकमा संरचित प्रस्तुत कविता अन्त्यानुप्रासको सफल योजना रूपक अलङ्कारको प्रयोग भएको तथा उपेन्द्रबज्रा छन्दको प्रयोग गरिएको उत्कृष्ट कविता हो जुन शास्त्रीय लयमा रचना गरिएको छ ।

## वसन्त

प्रकृतिको जीवन्त चित्रण गरिएको यो कविता वसन्त ऋतुलाई विषय बनाएर रचना गरिएको छ । ऋतुराज वसन्तको आगनमनसँगै प्रकृतिको स्वरूपमा आमूल परिवर्तन हुने प्रसङ्ग ल्याएर कविले कविताको आरम्भ गरेका छन् । शीतल, शरदी सबैलाई बिदा दिँदै न शीतल त न गरमी मध्यम स्थितिका साथ उदाउने वसन्तको बहारसँगै लता वृक्षहरूमा देखिने पालुवा वृक्ष विशेषमा देखिने नयाँपन आदिको यसमा वर्णन गरिएको छ । त्यस्तै वसन्त ऋतुमा मन्दमन्द बग्ने शीतल हावा, किटपतङ्ग , चराचुरुङ्गीहरूको चिरबिराहट पोखरीहरूमा कमलको सुवास, कोइलीको गायन आदि समेतका प्रसङ्ग ल्याएर वास्तविक वसन्तको सजीव चित्रण कविले कवितामा गरेका छन् । विषयवस्तुका आधारमा शीर्षकीकरण गरिएको प्रस्तुत कविता जम्मा १३ श्लोकमा संरचित छ । तुल्योगिताजस्ता अलङ्कार प्रयोग सफल अन्त्यानुप्रासयोजना भएको यो कविता स्वागता छन्दमा रचना गरिएको छ । परिष्कृत भाषाशैली शास्त्रीय लयसमेतले कविता उत्कृष्ट बन्न पुगेको छ ।

## अरूणोदय

बिहानीको आमन्त्रणसँगै झुल्कने सूर्यको सचित्र वर्णन गरिएको प्रस्तुत कविता प्रकृति चित्रणमा आधारित कविता हो । टाढा टाढासम्म छरिने प्रभातकालीन सूर्यका किरणहरूले एक किसिमको रौनक छाउने प्रसङ्गलाई कवितामा उपस्थित गराइएको छ । सारा आकाशलाई चम्काउँदै बग्ने सूर्यको उदय आफैमा रौनकपूर्ण हुने भाव बोकेको यो कविताको शीर्षक विषयवस्तुका आधारमा निर्धारण गरिएको हो । कविताको आरम्भतिर नै वित्सा अलङ्कारको प्रयोग, सफल अन्त्यानुप्रासयोजना भएको यस कवितामा विभिन्न

संस्कृत तथा नेपाली शब्दहरूको प्रयोग गरिएको छ । पज्झटिका छन्दको प्रयोगका साथै परिष्कृत भाषाशैलीसमेतका कारण कविता उत्कृष्ट बन्न पुगेको छ ।

**गङ्गाजीसित**

जम्मा २ श्लोकमा संरचित प्रस्तुत कविता गङ्गासागर नदीसँग सम्बन्धित छ । स्वर्गपुरीदेखि सुरु भएको गङ्गाजीको यात्रा गिरिशदेखि कैलास शिखरको हिउँ हुँदै ठूला ठूला पाखापखेरा झर्दै समथर भू-भागमा झरेको प्रसङ्गलाई यहाँ कविले विषयवस्तु बनाएका छन् । तिनै गङ्गाजीको स्वर्गपुरीदेखि समथर भू-भागसम्मको यात्रासँग सम्बन्धित भएका कारण पनि यसको शीर्षकीकरण विषयवस्तुका आधारमा गरेको स्पष्ट हुन्छ । शास्त्रीय शार्दूलविक्रीडित छन्दमा रचित प्रस्तुत कवितामा अन्तयानुप्रासको सफल संयोजन तथा परिष्कृत भाषाशैलीको प्रयोग गरिएको छ ।

**सान्त्वना**

साहित्यको धारणामा आधारित सान्त्वना कवितामा कविले नेपाली भाषाप्रति श्रद्धाभाव व्यक्त गर्दै यस भाषाप्रति नेपाली स्वयम्ले गरेको वितृष्णाको विरोध गरेका छन् । पाश्चात्य अङ्ग्रेजी भाषा लगायतका अन्य विभिन्न भाषाहरू प्रयोग गर्दा आफूलाई धन्य सम्झने हामीहरू आफ्नो भाषा नेपालीप्रति हेलाभावले हेर्ने गरेको प्रति कवि स्वयम्ले क्षोभ व्यक्त गर्दै कवितामा नेपाली भाषालाई यस विषम घडीमा धेरै शोक नगर्न आग्रह गरिएको छ । अन्य विभिन्न राष्ट्रमा आफ्नो भाषाप्रतिको श्रद्धा तथा राष्ट्रभाषालाई उभो बनाउन गरिएका विभिन्न प्रयासहरू देखिरहे तापनि नेपाली भाषालाई सम्बृद्ध बनाउनेतर्फ हामी कसैको पनि ध्यान पुग्न नसकेको अवस्थाको स्मरण गर्दै कविले चाडै नै यस भाषाको ज्योति छर्न क्रियाशील हुने भाव यस कवितामा व्यक्त गरेका छन् । विषयवस्तुका आधारमा शीर्षकीकरण गरिएको प्रस्तुत कविता जम्मा १४ श्लोकमा संरचित छ । सफल अन्तयानुप्रासयोजना गरिएको यो कविता शास्त्रीय लयका स्रग्धरा छन्दमा रचना गरिनुका साथै परिष्कृत भाषाशैलीमा रचना गरिएको छ ।

## विश्रामघाटको पवित्र स्मृति

जम्मा २ श्लोकमा संरचित विश्रामघाटको पवित्र स्मृति कवितामा कविले विश्रामघाटको खोजी गरेका छन् । यो संसारको विषयसुखमा अडिएको भोग आशाको भल लोभको भेल, दुर्भावनाको भुमरी क्षेभको छालमा परेर शान्ति, सन्तोष हराउँदै दम्भ क्रोधको वृद्धि भइरहेको स्मरण गर्दै कविले विश्रामघाटको खोजी गरेका छन् । माया मोहयुक्त यो संसारबाट मुक्त हुने आकांक्षा बोकको यो कवितामा मानिसहरूको दम्भ क्रोधप्रति अप्रत्यक्षरूपमा व्यङ्ग्यसमेत प्रहार गरिएको छ । परिष्कारपूर्ण भाषाशैली सफल अन्तयानुप्रासयोजनायुक्त स्रग्धरा छन्दमा रचना गरिएको यो कविताको शीर्षक विषयवस्तुका आधारमा निर्धारण गरिएको छ ।

## विज्ञानको मोह

अध्यात्मवादी कवि लेखनाथले भौतिकताप्रति देखाएको विद्रोहका स्वरूपहरूलाई यहाँ कविताको रूप दिइएको छ । दार्शनिक दृष्टि प्रस्तुत गरिएको यस कवितामा कविले मानिसहरूको विज्ञानप्रपतिको बढ्दो मोहमाथि वितृष्णा व्यक्त गरेका छन् । विज्ञानको उदयसँगै मानव जातिमा एक किसिमको उत्साह छाए तापनि त्यही विज्ञानले सर्वसंहारको लक्ष्य राख्दै अघि बढेको प्रसङ्ग यहाँ उपस्थित गराइएको छ । विज्ञानको गतिसँगै सबैका हृदयमा भ्रान्ति उत्पन्न गरेको र त्यो भ्रान्त्रिले मैत्री, शम, दम, करुणा, शान्ति , सन्तोष सबैलाई मार्ने निश्चित भएको उल्लेख गर्दै अध्यात्म चिन्तनतर्फ प्रवृत्त हुन कविले यहाँ आग्रह गरेका छन् । यसरी आध्यात्मिकता र भौतिकताप्रति विद्रोह गरिएको प्रस्तुत कविता जम्मा ५ श्लोकमा संरचित छ । स्रग्धरा छन्दको प्रयोग गरिएको यस कवितामा परिष्कृत भाषाशैली प्रयोग गरिएको छ । विषयवस्तुका आधारमा शीर्षकीकरण गरिएको यस कवितामा शास्त्रीय लय प्रयोग गरिनुका साथै अन्त्यानुप्रासको सफल योजना गरिएको छ ।

## गौंथलीको चिरिबिरी

भौतिकताको आडम्बरप्रति विद्रोह गरिएको प्रस्तुत कवितामा गौंथलीका माध्यमबाट सम्पूर्ण मानवलाई शिक्षा दिइएको छ । यो मेरो र यो तेरो भन्ने आडम्बरवादी सोचबाट मुक्त हुन आग्रह गर्दै कविले खोक्रो धनको आडम्बरसँगै कैयौं मानिस राष्ट्रपतिबाट सडकपति बन्नुपरेको प्रसङ्गलाई कवितामा उपस्थित गराएका छन् ।

*उदाहरणार्थ :*

*तिमीभन्दा लाखौँगुन अझ  धनी मानिस पनि*
*डुलेका  छन् बाबा ! फगत भिखमङ्गा सरि बनी*
*विधाताको सारा अघट घटना संझ मनामा*
*सबै  मेरो मेरो  भनि  नभुल  यो मोह-वनमा ॥*

*(लालित्य भाग १  पृ. ९९)*

जति नै ठूलो मोह राखे पनि सारा धन दौलत छोडेर जानुपर्ने जीवनको अन्तिम सत्यतर्फ सङ्केत गर्दै कवितामा मानवताको शिक्षा प्रदान गरिएको छ । विषयवस्तुका आधारमा शीर्षकीकरण गरिएको प्रस्तुत कविता जम्मा १६ श्लोकमा संरचित छ । अन्त्यानुप्रासयुक्त शिखरिणी छन्दको प्रयोगका साथै परिष्कार पूर्ण भाषाशैली र शास्त्रीय लयका कारण कविता उत्कृष्ट बन्न पुगेको छ ।

## शरणाऽऽगति

अध्यात्मवादी कवि लेखनाथद्वारा रचित प्रस्तुत कविता भक्तिभावको पुनर्व्याख्या गरिएको कविता हो । जीवनको वास्तविक रहस्यको उद्घाटन गर्दै यो सारा सृष्टिजगत् विषयसुखको चञ्चलपनमा सञ्चालित भएको कविले यहाँ व्यक्त गरेका छन् । यो जीवन केवल क्षणभरको सपना भएको बताउँदै कविले भगवानलाई शरणमा लिनका लागि आग्रह गरेका छन् । त्यस्तै दुराचारी व्याधा, अद्यम गणका भिल्ल लगायतले समेत पाउको मधुर

करुणा प्रभुबाट प्राप्त होस् भन्दे कविले प्रार्थना गरेका छन् । जम्मा २ श्लोकमा संरचित प्रस्तुत कविता अन्त्यानुप्रासयुक्त शिखरिणी छन्दमा रचना गरिएको छ । परिष्कृत भाषाशैली शास्त्रीय लयसमेतका कारण कविता उत्कृष्ट बन्न पुगेको छ ।

## कन्याहरूको गौरीसित अभ्यर्थना

उपवाक्यका स्तरमा शीर्षकीकरण गरिएको प्रस्तुत कविता नारीवादी चेतले युक्त भएको कविता हो । नारीअस्मितासमेतको रक्षाका लागि कन्याहरूद्वारा गौरीसँग गरिएको प्रार्थनालाई मुल विषयवस्तु बनाइएको यस कवितामा सम्पूर्ण नारीहरूका लागि साहस, शक्ति र शीतलता प्राप्त होस् भन्ने कामना गरिएको छ । जम्मा ५ श्लोकमा संरचित प्रस्तुत कविताको शीर्षक विषयवस्तुका आधारमा निर्धारण गरिएको छ । प्रत्येक श्लोकमा प्रत्येक पङ्क्तिमा १६ मात्रा हुने पज्झटिका छन्दको प्रयोग गरिएको यस कवितामा सफल अन्त्यानुप्रासयोजना पाइन्छ । परिष्कारपूर्ण भाषाशैली भए पनि मधुर शास्त्रीय लयमा रचिएको हुनाले कविता अन्यन्त लयात्मक बन्न पुगेको देखिन्छ ।

## चुँडिएको चङ्गासित

दार्शनिक चेतले युक्त प्रस्तुत कवितामा जीवनलाई चङ्गाको रूपमा दिइएको छ । मानिसको जीवन केवल चङ्गाजस्तो भएको स्मरण गर्दै कविले चुँडिएको जीवनरूपी चङ्गा अर्थात् शरीर त्यागिसकेको आत्मालाई चुँडिएको चङ्गा अर्थात् शरीर त्यागिसकेको आत्मालाई चुँडिएको चङ्गाजस्तै पुरानो संसार त्याग्दै नयाँ नयाँ स्वर्गको मसिना जलकणहरूको माधुरी लिदै यो सारा सृष्टिजगत्लाई, यहाँ क्रियाकलापहरूलाई बिर्सदै विनासन्ताप विश्रान्ति लिनका लागि आग्रह गरेका छन् । जम्मा २ श्लोकमा संरचित प्रस्तुत कविताको शीर्षक विषयवस्तुका आधारमा निर्धारण गरिएको छ । वृत्यानुप्रास अलङ्कारयुक्त यस कवितामा स्रग्धरा छन्दको प्रयोग गरिएको छ । शास्त्रीय लय सफल अन्त्यानुप्रास योजना, परिष्कृत भाषाशैलीसमेतले कविता उत्कृष्ट बनेको छ ।

## परिश्रान्त चातक

जीवनदेखि नै थकित काकाकुलको बिलौनालाई यहाँ कविले कविताको रूप दिएका छन् । बुझ्नै नसकिने यो सृष्टिचक्र र आफ्नो जीवनवृत्तको स्मरण गर्दै काकाकुलले पानी पर्ने सम्भावनासँगै चुच्चो उघार्नुपर्ने बाध्यताको यहाँ स्मरण गरेको छ । सारा जीवनजगत्मा हुने श्रद्धा, रसरङ्ग, उल्लास, कौतूहल सबै यथावत् भए पनि काकाकुलले आफ्नो जीवनको अन्त्यावस्था आइसकेका कारण तर्कवितर्कमा मात्र सारा जीवन अघि बढिरहेको प्रसङ्गलाई यहाँ उपस्थित गराइएको छ । जीवनचक्रको गतिसँगै आफ्चो चुचो निर्बल बनिसकेको, पखेटा, खुट्टा गलिसकेको स्वा-स्वाँ बढिरहेको अवस्थामा पानीको सम्झनामात्र गरिएको देखाउँदै कविले काकाकुलको माध्यमबाट मानवजीवनको अन्त्यावस्थाको यथार्थतालाई व्यक्त गरेका छन् । जम्मा १० श्लोकमा संरचित प्रस्तुत कविताको अगाडिको ९ श्लोकमा शार्दूलविक्रीडित छन्द र पछिल्लो १ श्लोकमा अनुष्टुप छन्दको प्रयोग गरिएको छ । विषयवस्तुका आधारमा शीर्षकीकरण गरिएको यस कवितामा सफल अन्त्यानुप्रासयोजना, शास्त्रीय लय र परिष्कृत भाषाशैलीको प्रयोग गरिएको छ ।

## संसारको स्वरूप

जम्मा १ श्लोकमा संरचित यस कवितामा कविले संसारको स्वरूपलाई आकाश बेलीका रूपमा तुलना गरेका छन् जसरी आकाश बेलीको जरा हाँगा हुँदैन त्यसरी नै यो सारा संसार आकाशबेलीजस्तै आफैमा अडेको छ भन्ने कुरा व्यक्त गर्दै संसारको रहस्यात्मक चित्रण यहाँ कविले गरेका छन् । सफल अन्त्यानुप्रासयोजनायुक्त स्रग्धरा छन्दको प्रयोग गरिएको यस कवितामा परिष्कारपूर्ण भाषाशैलीको प्रयोग गरिएको छ । कविता शास्त्रीय लयमा रहेको छ ।

## जीवन ज्योति

दार्शनिक दृष्टि प्रस्तुत गरिएको यस कवितामा सृष्टिको रचनाकार ब्रह्माजी नै जीवनको ज्योति भएको उल्लेख गरिएको छ । आफूले गरेको यो सारा सृष्टिको सञ्चालन

हेरेर दङ्ग पर्ने ब्रह्माजी प्रत्येक प्राणीजगत् एक सङ्कल्पका साथ कर्म पथमा लम्किरहेको देखेर प्रसन्न बनेको प्रसङ्ग यहाँ उपस्थित गराइएको छ । संसारको सारा सृष्टिचक्रलाई एउटा नाटकको रूपमा चित्रण गर्दै यो सम्पूर्ण जीवनजगत् परमब्रह्मको इशाराबमोजिम युग युगान्तसम्म चलिरहने कुरा कविले यहाँ व्यक्त गरेका छन् । थोत्रा पुराना समानको पूर्जा हेरफेर गर्दै यो सारा सृष्टि र सञ्चालन गर्ने ब्रह्माजी स्वयमा नै धन्य भएको कविले यस कविताको अन्त्यतिर उल्लेख गरेको पाइन्छ । विषयवस्तुका आधारमा शीर्षकीकरण गरिएको यो कवितामा अन्त्यानुप्रासको सफल योजना ठाउँठाउँमा रूपक अलङ्कार तथा प्रश्नालङ्कारको प्रयोग गरिएको छ ।

## अध्यात्म वाटिकाको सानू सुगन्धी फूल

अध्यात्मवादी कवि लेखनाथको यो कविता जम्मा १ श्लोकमा संरचित छ । विषय वासनायुक्त मायामोहलाई कुचोले बढार्दै मोहरूपी संसारको सम्पूर्ण ढोका धुनेर अत्यन्त एकाग्र चित्तले घरपरिवारसमेतको पर्वाह नगरेमा मात्र वेदान्त विधाको रस प्राप्त गर्न सकिने कविले कवितामा बताएका छन् ? यसरी सांसारिक मोह त्याग गरेमा मात्र वेदान्त विधा प्राप्त गर्न सकिने मुख्य भाव रहेको यो कविता शार्दूलविक्रीडित छन्दमा रचना गरिएको छ । सफल अन्त्यानुप्रासयोजना, परिष्कारपूर्ण भाषाशैली, शास्त्रीय लयसमेतले कविता उत्कृष्ट बन्न पुगेको छ ।

## प्रभात

प्रकृतिको जीवन्त चित्रण गरिएको प्रभावत कवितामा प्रभातकालीन समयको वर्णन गरिएको छ । रातको गमनसैँ अन्धकारलाई हटाएर सारा चराचर जगत्लाई व्युँझाउने प्रभातकालीन समयले वास्तवमै रात्रिकालीन समयका ग्रह ताराहरूलाई बिदा दिँदै प्रत्येक चराचरजगत्मा नयाँ उमङ्ग ल्याउने प्रसङ्गलाई कविले यहाँ उपस्थित गराएका छन् । पूर्वदिशाबाट क्रमशः चहकिलो ज्योतिका साथ उदाउने सूर्यसँगै सारा सृष्टिजगत्नयाँ उत्साहका साथ आ-आफ्ना क्रियाकलापमा संलग्न हुने विषयवस्तुलाई कवितामा चित्रण

गरिएको छ । रातभर निद्रामा मस्त प्राणीजगत्लाई कर्मपथमा सक्रियतापूर्वक लाग्न प्रेरणासमेत दिएका छन् । जम्मा १३ श्लोकमा संरचित प्रस्तुत कविता स्वागता छन्दमा रचना गरिएको छ । अन्त्यानुप्रासको सफल योजना उपमा दृष्टान्त जस्ता अलङ्कारको प्रयोगका साथै परिष्कृत भाषाशैली कवितामा पाउन सकिन्छ ।

## पिंजराको सुगा

जम्मा २३ श्लोकमा संरचित प्रस्तुत कविताले अभिधात्मक रूपमा एउटा पिंजराभित्र रहेको सुगा भन्ने बुझाए तापनि यसले व्यञ्जनात्मकरूपमा धेरै किसिमका अर्थ राखेको छ । व्यञ्जनात्मक रूपबाट यस कवितालाई तीन अर्थमा हेर्न सकिन्छ । १) आफ्नो जीवनको पूर्वावस्थामा पहाडीमुक्त संस्कारमा हुर्केका लेखनाथ सहरीया सामन्ती परिवेशको पिंजडायुक्त संसारमा बाँच्न बाध्य लेखनाथको युगा चेत । २) राणाकालीन शासन व्यवस्थाको कठोर पिंजडाभित्र उत्पीडित नेपाली जनताको मुक्त हुने आकांक्षा र ३. दैनिक पिंजडाभित्र उत्पीडित मोक्षाकाङ्क्षी आत्मचराको पीडाबोध । यस कवितामा कविले पहिले स्वतन्त्र रूपमा विहार गर्ने सुगा पिंजडामा बाँधिनु परेको वाध्यात्मक अवस्थालाई कलात्मक ढङ्गले चित्रण गरेका छन् । विषयवस्तुका आधारमा शीर्षकीकरण गरिएको यस कवितामा प्रतिपङ्क्ति १६ मात्रा हुने पज्झटिका छन्दको प्रयोग गरिएको छ । शास्त्रीय लय, परिष्कृत भाषाशैली, अन्त्यानुप्रासको सफल प्रयोग यस कवितामा पाउन सकिन्छ ।

## चाखुराको प्रेमोल्लास

अभिधा अर्थमा एउटा चराको प्रेमोल्सालाई लिन सकिए तापनि व्यञ्जना अर्थमा कवि स्वयम्को प्रेमोल्लास पो हो कि भन्ने शङ्का कविताले उब्जाएको छ । दिवंगत प्रेमीको सम्झना गरिएको यस कविता कवि लेखनाथले पत्नीवियोगका क्रममा रचेका हुन कि भन्ने आभास यहाँ पाइन्छ । प्रेमीको वियोगमा अम्बा पनि विकम्बा हुने लिचीमा अरुचि पैदा हुने आँप पाप जस्तो लाग्ने लगायतका प्रसङ्गलाई उपस्थित गराएर कविले चाखुराको प्रेमका माध्यमबाट प्रेमको महिमागान समेत गरेका छन् । विषयवस्तुका आधारमा शीर्षकीकरण

गरिएको प्रस्तुत कविता जम्मा ८ शलोकमा संरचित छ । परिष्कारपूर्ण भाषाशैली, सफल अन्त्यानुप्रास योजनाका साथै वृत्यानुप्राससमेतको प्रयोग, उपमा अलङ्कार कवितामा पाउन सकिन्छ । स्रग्धरा छन्दमा रही शास्त्रीय लयको प्रयोग पाइने यो कविता अत्यन्त श्रुतिमधुर तथा परिष्कृत बन्न पुगेको छ ।

## अल्छीको सातसुरे उद्योग वीणा

सामाजिक विषयवस्तुमा आधारित प्रस्तुत कवितामा कविले अल्छीहरूप्रति तीव्र व्यङग्य प्रहार गरेका छन् । अल्छीका नानाथरिका कल्पना केवल कल्पनामा मात्र सीमित हुने प्रसङ्गलाई उपस्थित गराउँदै कविले कुनै पनि उद्योग गर्ने सोच नराखी केवल सुख सुविधाको चाहना गर्नेहरूलाई कर्मपथमा प्रवृत्त हुन कवितामार्फत् कविले आग्रह गरेका छन् । उपवाक्यका तहमा शीर्षकीकरण गरिएको प्रस्तुत कविताको शीर्षक विषयवस्तुका आधारमा चयन गरिएको हो । जम्मा २ श्लोकमा संरचित यस कवितामा प्रति पङ्क्ति १९ अक्षर हुने शार्दूलविक्रीडित छन्दको प्रयोग गरिएको छ । शास्त्रीय लय, सफल अन्त्यानुप्रास योजना, परिष्कृत भाषाशैली समेतले कविता उत्कृष्ट बनेको छ ।

## मनोलड्डु

प्रस्तुत मनोलड्डु कविता दार्शनिक चेतले युक्त कविता हो । यसमा कवि लेखनाथ स्वयम्ले आत्मलापीय शैलीमा आफ्नो मनोकाङ्क्षा व्यक्त गरेका छन् । यो सारा जीवन जगत् लोभ, क्रोध, रिस, मोह एवम् विषयवासना युक्त भएको व्यक्त गर्दै कविले यी सारा कुराबाट छुटकारा पाऊँ भनी ईश्वरसँग प्रार्थना गरेका छन् । कविले कल्पना गर्दै यो सारा जीवन जगत्को विषयवासनादिबाट मुक्ति मिल्ने गरी एकान्त स्थानमा एक कौपिन वस्त्र मात्र लगाएर समाधिस्थ बनी शिवमार्ग समाउने इच्छा यहाँ व्यक्त गरेका छन् ।

*उदाहरणार्थः*

*एक मात्र  कसि कौपिन खालि*

*कन्दमूल फलले  जिउ पाली ।*

*धैर्यसाथ दिनरात बिताऊँ*

*द्वैतभाव मनले नचिताऊँ ॥*

*(लालित्य भाग १ पृ. १२९)*

वासना लगायतका छठयोगबाट छुटकारा पाउँदै राजयोगतर्फ पवृत्त हुने आकाङ्क्षा यहाँ व्यक्त गरिएको छ । आफू समाधिस्थ भएका बखत समेत कुनै किसिमका लोभ प्रलोभनले तान्न नसकोस् भन्ने इच्छा व्यक्त गर्दै कवितामा कविले आफ्नो त्यो त्याग तपस्या देखेर ब्रह्मा विष्णुलाई समेत छक्क पार्ने दृढ इच्छा प्रकट गरेका छन् । जम्मा २१ श्लोकमा संरचित प्रस्तुत कविताको शीर्षक विषयवस्तुका आधारमा निर्धारण गरिएको छ । मिश्रित छन्दप्रयोग पाइने यस कवितामा सुरुका २० श्लोक स्वागता छन्दमा रहेका छन् भने अन्तिमको १ श्लोक अनुष्टुप छन्दमा रहेको छ । शास्त्रीय लय परिष्कृत भाषाशैली, सफल अन्त्यानुप्रास योजनासमेतले कवितालाई श्रुतिमाधुर्य बनाएको पाइन्छ ।

**आश्चर्य**

जीवनको अन्त्यावस्थाको चित्रण गरिएको यस कवितामा शरीरको अहम् पनप्रति कविले आश्चर्यभाव व्यक्त गरेका छन् । समयको गतिसँगै जीवनको अन्त्यावस्था अर्थात् वृद्धावस्थामा इन्द्रियजन्य शिथिलता, शक्तिहीन, कान्तिहीन, मलिनता साथै बन्धुवान्धवमा व्यग्रता हुनका साथै उपचार समेत विफल हुने अवस्था कविले कवितामा उल्लेख गरेका छन् । त्यस्तै मृत्युशैय्यामा नै पुग्ने बेलाको अवस्थामा समेत यो शरीरको अहम्पन रहिरहनेप्रति कविले अत्यन्त आश्चर्यभावले हेरेका छन् । जीवनको वास्तविक सत्यको रूपमा हुने वृद्धावस्थाका साथै अवश्य नै हुने मृत्यु प्रक्रिया अन्त्यावस्थामा पनि अहम्पन रहिरहिने प्रति कविले आश्चर्यभाव व्यक्त गरेका हुन् । जम्मा २ श्लोकमा संरचित प्रस्तुत कवितामा परिष्कारपूर्ण भाषाशैली, आदिमध्यान्त्यानुप्रासयुक्त शार्दूलविक्रीडित छन्दको प्रयोग गरिएको छ ।

## कुचो

जम्मा १ श्लोकीय प्रस्तुत कविता **कुचो** कुचोको नै विषयवस्तु बनाएर लेखिएको कविता हो । एउटा कुचोले साना झुप्रादेखि ठूला-ठूला महलसम्मको फोहर सफा गर्नुका साथै विगलित वस्तुदेखि रत्नसम्मका चीजहरूलाई फाल्ने प्रसङ्गलाई नै कविले कविताको रूप दिएका छन् । अभिधार्थमा एउटा कुचोले सानो झुप्रादेखि ठूलो महलसम्मको फोहर बढार्ने तथा विगलित फोहरदेखि रत्नसम्म फालिदिने भनिए तापनि व्यञ्जनात्मक अर्थमा प्रत्येक सामान्य चीजको पनि आफ्नो स्थान विशेष ठूलो महत्त्व तथा उपयोगिता हुने भाव कवितामा व्यक्त गरिएको छ । स्रग्धरा छन्दमा रचना गरिएको प्रस्तुत कविताको शीर्षक विषयवस्तुका आधारमा निर्धारण गरिएको छ भने कवितामा परिष्कारपूर्ण भाषाशैली शास्त्रीय लयका कारण कविता आफैमा उत्कृष्ट बन्न पुगेको छ ।

## सन्ध्या

सन्ध्याकालीन समयको वर्णन गरिएको प्रस्तुत कविता प्रकृतिचित्रणमा आधारित छ । कर्मपथमा सक्रिय जीवनजगत्लाई विश्रान्तिको प्रवल उत्सुकता जगाउने सन्ध्याको महिमागान यसमा गरिएको छ । गगनमण्डलको सम्पूर्ण विहार सकेर रातो लालीसँगै झरेको सूर्यको तेज मलिन हुँदै जाने प्राकृतिक सत्यको चित्रण गर्दै कविले प्रत्येक प्राणीजगत् आफ्नो सम्पूर्ण जीवनचक्रलाई भोग गरेर अन्त्यमा यस धर्तीबाट विदा लिनुपर्ने जीवनको निश्चिततालाई यहाँ उल्लेख गरिएको छ । त्यस्तै प्रकृतिको जीवन्त चित्रण गरिएको यस कवितामा सन्ध्याको आगनमनसँगै विभिन्न मानव लगायतका चराचरहरू आफ्नो घरमा फर्कने प्रसङ्ग उपस्थित गराउँदै प्रत्येकको जीवनको सन्ध्यारूपी वृद्धावस्थासँगै उही ब्रह्ममा लीन हुने यथार्थतालाई संरचित प्रस्तुत कविताको शीर्षक विषयवस्तुका आधारमा शीर्षकीकरण गरिएको छ । सफल अन्त्यानुप्रास योजनायुक्त वसन्ततिलका छन्दको प्रयोग गरिएको यो कविता सरल भाषाशैलीका साथै शास्त्रीय लय भएका कारण श्रुतिमधुर बन्न पुगेको छ ।

## पूर्वस्मृति

आफ्नो जीवनको पूर्वाद्ध समयको स्मरण गर्दै रचना गरिएको यस कवितामा कविले जीवनको पूवार्द्ध समय र जीवनको अन्त्यावस्थाको समयबीच तुलना गरेका छन् । कविको अध्ययन प्रारम्भ गर्ने बेलामा प्रचलित गुरुकुल परम्पराअनुसारको स्रोत शिक्षा प्रणाली गुरुहरूप्रतिको श्रद्धाभाव, अनुशासन, सत्य सन्तोष, निष्ठाभाव, आध्यात्मिकता समेतले प्रत्येकको प्रतिष्ठा आफैमा उचो भएको कविले सम्झना गरेका छन् । त्यस्तै पारदर्शी दृष्टि, आदर्शता, कल्याणकारी सोच, सत्कर्म, स्वच्छता आदि समेत समयको गतिसँगै किनारा लागेको प्रसङ्गलाई कविले उपस्थित गराएका छन् । जम्मा २ श्लोकमा संरचित प्रस्तुत कविता स्रग्धरा छन्दमा रचना गरिएको छ । शास्त्रीय लय परिष्कृत भाषाशैली आदि समेतले कविता उत्कृष्ट बन्न पुगेको छ ।

## मन परिवर्तन

यो कविता वि.सं १९६४ मा अनुवादित जयन्ती नामक ऐतिहासिक उपन्याससँग सम्बन्धित छ । जयन्ती उपन्यासको प्रमुख पात्र कप्तान मनरो साहेवले आफूले एक दिन अघि छातीमा गोली हानेर मारेकी पन्ध्र वर्षकी सेवतालबालिकाको पाउ पक्रेर गरेको विलौनालाई यहाँ कविले कविताको रूप दिएका छन् । गोली हानेको पश्चाताप गर्दै आफ्नो कुकर्मप्रतिको आत्मबोध गराउँदै कविले आमजनमानसलाई कुकर्मतर्फ प्रवृत्त नहुनाका लागि सन्देश समेत दिन खोजेका छन् । जम्मा १८ श्लोकमा संरचित प्रस्तुत कविताको शीर्षक विषयवस्तुका आधारमा शीर्षकीकरण गरिएको छ । अन्त्यानुप्रासको सफल संयोजन युक्त वियोगिनी छन्दमा रचना गरिएको यस कवितामा शास्त्रीय लय, परिष्कृत भाषाशैली तथा श्लेष आदि अलङ्कारको सफल प्रयोग गरेका छन् ।

## वंशीधरको दिव्य वंशी

भक्तिभावको पुनर्व्याख्या गरिएको प्रस्तुत कवितामा भगवान श्रीकृष्णको विभिन्न लीलाका साथै उनको मनमोहक मुरलीको चर्चा गरिएको छ । सारा यो भौतिक जगत्लाई

मुरलीको स्वरले नयाँ जीवन भर्ने श्रीकृष्णको लीलामा सारा यो सृष्टिजगत् घुमिरहेको र अदृश्य शक्तिका रूपमा रहने कृष्णको दिव्यस्वरूपको कविले यहाँ प्रशंसा गरेका छन् । जम्मा २ श्लोकमा संरचित प्रस्तुत कविता शास्त्रीय शार्दूलविक्रीडित छन्दमा रचना गरिएको छ । अन्त्यानुप्रासको सफल योजना परिष्कारपूर्ण भाषाशैली, शास्त्रीय लयसमेतले उत्कृष्ट यस कविताको शीर्षक विषयवस्तुका आधारमा निर्धारण गरिएको छ ।

### ४.२.२ लालित्य (भाग २) का कविताहरूको विश्लेषण

#### राष्ट्रभावनाको गीत

तत्कालीन शासकको महिमागान गर्दै लेखिएको प्रस्तुत कवितामा राष्ट्रिय प्रकृतिको सचित्र वणर्न गरिएका छ । नेपाललाई एउटा स्वर्गपुरकि रूपमा सम्भदै कविले शीतल हावा, पानी, हिउँको मुस्कान तथा शीतल भर्नाहरूले शोभायमान गराएको यस नेपाललाई शिव पार्वतीको वासस्थानका रूपमा चिनाएका छन् ।

उदाहरणार्थ :

*सुन्दर यौटा स्वर्गपुरी हो*
*हाम्रा खातिर हाम्रो नेपाल ।*
*जसमा जन्म्यौँ , खायौँ, खेल्यौँ,*
*हुर्क्यौँ हेर्दै अचल हिमाल ॥*
*शीतल हावा, शीतल पानी, हिमको शीतल मधुर मुसकान ।*
*सबतिर कलकल शीतल भर्ना, शिवगौरीको वासस्थान ॥*
*(लालित्य भाग २ पृ. १)*

हाम्रा पुर्खाहरूले पसिना भिजाएको यस भूमिमा बस्ने हामी नेपालीहरू स्वतन्त्रताको सेनानी, विश्वशान्तिका पुजारी भएको उल्लेख गर्दै कविले कविताको अन्त्यावस्थामा तत्कालीन राजा महेन्द्रको महिमागान गरेका छन् । विषयवस्तुका आधारमा शीर्षकीकरण गरिएको यो कविता जम्मा ५ श्लोकमा संरचित छ । अन्त्यानुप्रासको सफल योजना पाइने

यस **राष्ट्रभावनाको गीत** कवितामा परिष्कारपूर्ण भाषाशैली, रूपक, कारक र दीपक जस्ता अलङ्कारको प्रयोग गरिएको छ ।

## गौंथलीको चिरिबिरी

गौंथलीका माध्यमबाट सारा यो मानव जगतलाई शिक्षा प्रदान गरिएको यस कवितामा एउटा सानो चरा गौंथलीको विलौनालाई कविले उपस्थित गराएका छन् । माथि दलिनमा गौंथली बस्दा खसेको मैलाका कारण रिसले चुर मानिस गुण भत्काउन लागेको प्रसङ्गमार्फत् कविले कविताको सुरुवात गरेका छन् । रिसले अत्यन्त व्यग्र बनेको मानिसलाई मेरो तेरो भन्ने फोस्रो आडम्बरलाई त्याग्दै हामी सबैको हो भन्ने भावना जागृत गराउने लक्ष्यका साथ यो संसारमा हाम्रो अनिश्चित तर छोटो जीवनलाई मेरो र तेरो भनेर वित्थामा द्वेष राख्नु बेकार भएको कवितामार्फत व्यक्त गरिएको छ । सानो चरा गौंथलीलाई माध्यम बनाएर यहाँ कविले मानवजगत्लाई शिक्षा प्रदान गरेका छन् । जम्मा २७ श्लोकमा संरचित प्रस्तुत कविताको शीर्षक विषयवस्तुका आधारमा निर्धारण गरिएको पाइन्छ । अन्त्यानुप्रासको सफल संयोजन भएको यस कवितामा पज्झटिका छन्दको प्रयोग गरिएको छ । परिष्कारपूर्ण भाषाशैली, शास्त्रीय लय, उपमा पश्नालङ्कार जस्ता अलङ्कारको प्रयोगले कविता उत्कृष्ट वन्न पुगेको छ ।

## बिरहिणीका उपर सखीको प्रश्न

विरहिणीका उपर सखीको प्रश्न नेपाली कविताको माध्यमिककालीन श्रृङ्गारिक धाराको अन्त्यावस्थाको सूक्तिसिन्धु कविता सङ्ग्रहमा प्रकाशित कविता हो । प्रस्तुत कविता जम्मा १० श्लोकमा संरचित छ । माध्यमिककालीन नारी सौन्दर्यको चित्रण भएको यस कवितामा वियोगिनी वा योगिनीका रूपमा रहेकी विरहिणीलाई सखीद्वारा गरिएको प्रश्नलाई नै कविताको रूप प्रदान गरिएको छ । शिरमा जटा पालेर, शरीर फुस्रो लिएकी तथा कुनै पनि इच्छा नभएकी, डर नभएकी, मानसिक रूपमा अत्यन्तै एकाग्र भएकी, वियोगिनी वा योगिनीलाई उसकी सखीले प्रश्न गर्दै वियोगिनी हुन गयौ कि योगिनी भन्दै

कवितामा सम्बोधन गरिएको छ । माध्यमकिकालीन श्रृङ्गारिकताको चित्रण समेत गरिएको यो कवितामा कविले परिष्कारपूर्ण भाषाशैलीको प्रयोग गरेका छन् । संस्कृत तथा नेपालीका सन्धियुक्त शब्दहरूको प्रयोगले कविता जटिल बनेको छ । सफल अन्त्यानुप्रासयोजना, शास्त्रीय लययुक्त पृथ्वी छन्दको प्रयोग गरिएको लेखनाथको यो कविता उत्कृष्ट कविताहरू मध्येको एक हो । जसमा श्लेष, विकल्प, उपमा, परिकर जस्ता अलङ्कारको प्रयोग गरिएको छ ।

## प्रवासीलाई आमाको प्रत्युत्तर

प्रवासिएका नेपालीलाई स्वदेश फर्कन आग्रह गरिएको यस कवितामा राजा महेन्द्रको तत्कालीन समयावधिको महिमागान गरिएको छ । विदेशिएको छोरालाई आमाले घर फर्कन आग्रह गर्दै उक्त छोराको वाल्यावस्थाको स्मरण गरेकी छन् । ग्रामीण दुःखी परिवारको जीवनचर्यालाई सजीव चित्रण गरिएको यस कवितामा अरूको जाँतो ढिकी गरेर गुजारा गर्नुपरेको वाध्यात्मक नेपाली जीवनका साथै देशमा नयाँ युगको सुरुवात भइसकेको सङ्केत कविले गरेका छन् । तत्कालीन राजा महेन्द्रको शासनकालको वर्णन गर्दै विभिन्न कलकारखाना, विजुली बाटो लगायतका सुविधासमेतको सुरु भइसकेका अवस्थामा देशको सुखसुविधा भोग गर्दै यही माटाको सेवा गर्न कवितामार्फत आग्रह गरिएको छ । **जननी जन्मभुमिश्च स्वर्गऽऽदपि गरीयसी भन्ने** भावना जागृत गराउने मूल लक्ष्य राखिएको यस कवितामा महेन्द्रयुगको अतिप्रशंसा गर्दै कविले यस युगको विरोध गर्नु ठूलो भूल हुने सङ्केतसमेत गरेका छन् । जम्मा ६ श्लोकमा संरचित प्रस्तुत कविताको शीर्षक विषयवस्तुका आधारमा नै निर्धारण गरिएको छ । अन्त्यानुप्रासको सफल संयोजन गरिएको प्रस्तुत कविता शार्दूलविक्रीडित छन्दमा रचना गरिएको छ ।

## विवेकवाटिकाको सानू फूल (क)

जम्मा १ श्लोकी प्रस्तुत कविता संसारको रहस्यात्मक स्वरूपमा आधारित छ । संसारको वास्तविक तर गहन विषयवस्तु कविले यहाँ उठाएका छन् । कविले विभिन्न

विद्वान्, महात्मा लगायतको कथनलाई उद्धृत गर्दै ब्रह्म, माया-मोहरूपी संसार, पुरुषको भाग्य, असलमित्रको पहिचान लगायतका कुराहरू पत्ता लगाउन अत्यन्त गाह्रो हुने कुरा कवितामा व्यक्त गरेका छन् । जीवनको रहस्यात्मक स्वरूपको चर्चा गरिएको यो कविता स्रग्धरा छन्दमा रचना गरिएको छ । अन्त्यानुप्रासको सफल संयोजन भएको यो कविता परिष्कारपूर्ण भाषाशैली तथा शास्त्रीय लयमा संरचित छ ।

## राष्ट्रभाषाको भविष्य उपर एक दृष्टि

नेपाली भाषाप्रतिको कविको दृष्टिकोण प्रस्तुत भएको यस कवितामा कविले नेपाली कविताको प्रयोजनको खोजी गरेका छन् । यस कवितामा लेखनाथले तत्कालीन समयमा स्वयम्ले अँगालेको काव्यमार्गको रेखाङ्कन गर्दै आफ्नो कवित्व तथा कवि चेतनाको परिचय दिएका छन् । उनले कवितामा यस भाषाको प्रचार प्रसार गर्दै विस्तारै सुधार गर्ने त्यसमा नैतिकता घट्ने र विस्तारै जागरण ल्याउने इच्छा व्यक्त गरेका छन् । साथै उनले कवितामा उच्छृङ्खलता स्वीकार्य नहुने बताएका छन् । यिनै वैचारिकतालाई कलात्मक रूपमा सिद्धि गर्दै सौन्दर्यतर्फ कविताहरू आकृष्ट हुनुपर्ने कविताको मुख्य भाव रहेको छ । जम्मा १५ श्लोकमा संरचित प्रस्तुत कविताको शीर्षक विषयवस्तुका आधारमा निर्धारण गरिएको छ । श्लोकका प्रत्येक २/२ पङ्क्तिमा गरिएको अन्त्यानुप्रास योजना, शास्त्रीय लय, उपजाती छन्दको प्रयोग, परिष्कारपूर्ण भाषाशैली, प्रश्न, उपमा आदि अलङ्कारको प्रयोगले कविता उत्कृष्ट बन्न पुगेको छ ।

## परशुरामको द्रोणाऽऽचार्यसँग उक्ति

पौराणिक विषयवस्तुका आधारमा तयार गरिएको प्रस्तुत कवितामा सम्पूर्ण पृथ्वी, ऋषिवर्ग समेतलाई दान दिएर त्यागी बनेका परशुरामले धनको इच्छा लिएर उपस्थित भएका द्रोणाऽऽचार्यलाई परशुरामले ऐश्वर्य तथा बाहुबलले कमाएको सम्पुर्ण सम्पत्ति कश्यपाऽऽदि ऋषिलाई दिइसकेको कवितामा उल्लेख गरिएको छ । सत्पात्रलाई दान गर्ने इच्छा भए तापनि आफूसँग नै नभए पछि कसरी पो दिन सकिन्छ भन्दै परशुरामले

आफूसँग भौतिक सम्पत्ति केही नभएका कारण केवल शस्त्रास्त्रको ज्ञान दिन तयार भएको प्रसङ्ग यहाँ प्रस्तुत गरिएको छ । यसरी अभिधार्थमा परशुरामले द्रोणाचाऽऽर्यलाई आफूसँग भएको सम्पत्ति सबै दान गरिसकेको र बाँकी शस्त्रास्त्रको ज्ञान त्यो पनि दिन तयार भएको भए पनि व्यञ्जनार्थमा परोपकारतर्फ प्रवृत्त हुन आग्रह गर्दै शिक्षा अर्थात् ज्ञान कदापि नमर्ने जानकारी यहाँ दिइएको छ । जम्मा ५ श्लोकमा संरचित प्रस्तुत कविता वसन्ततिलका छन्दमा रचिएको कविता हो । परिष्कृत भाषाशैली शास्त्रीय लय, सफल अन्त्यानुप्रास योजनाका साथै प्रश्न अलङ्कारसमेतको प्रयोगले कविता उत्कृष्ट बन्न पुगेको छ ।

## ईश–विनय

आध्यात्मिक चेतले युक्त प्रस्तुत कविता ईश्वरको प्रार्थनामा आधारित छ । सारा सृष्टिजगत्लाई घुमाउने जगदीश्वर स्वयम्मा अविनाशी, करुणाको खानी भएको कुरा कवितामा व्यक्त गरिएको छ । सारा जलचर, थलचर, ग्रहगण, तारागण,  सूर्यगण सबै प्रभुकै करुणा पाएर आफ्नो कर्मपथमा बढिरहेको बताउँदै कविले ईश्वरकै इच्छामा सारा यो जीवनजगत् चलिरहेको कवितामा उल्लेख गरेका छन् । त्यस्तै प्रत्येक जीवजगत्को सुख सम्पत्तिदाता, भाग्यविधाता, उन्नति अवनतिका कारक उनै प्रभु भएका कारण उनैको भक्तिमा लीन हुँदै आफूहरू अध्ययनतर्फ केन्द्रित हुने भाव व्यक्त गरेका छन् । भक्तिभावको पुनर्व्याख्या गरिएको यो कविता जम्मा ७ श्लोकमा संरचित छ । सरल भाषाशैली, शास्त्रीय लय, रूपकातिशयोक्ति जस्ता अलङ्कारको प्रयोग कवितामा गरिएको छ ।

## राष्ट्रको जागृति

जागृत नेपाल निर्माणको अपेक्षा सहित महेन्द्रयुगको वर्णन गरिएको यस कवितामा कविले राजा महेन्द्रको शासनकालमा राष्ट्र जागरणको मार्गतर्फ उन्मुख भइरहेको प्रसङ्गलाई व्यक्त गरेका छन् । कविताको आरम्भमै कविले दुर्भाग्यवस राष्ट्र एकसय वर्षको निद्रावस्थालाई पार गर्दै भर्खर ब्युँझदै गरेको अवस्थाको चित्रण गरेका छन् । बीचको एक

सयवर्षको समयावधिमा हजारौ व्यथाहरू भोल्दै राष्ट्रले आत्मपीडाबोध गरेको अवस्थाको चर्चा गर्दै कविले नयाँ उमङ्ग उत्साहका साथ महेन्द्र युगको उदय भएको बताएका छन् । महेन्द्रयुगको उदयसँगै सम्पूर्ण नेपालीहरूलाई नैराश्यता तथा अल्छीपना हटाउँदै कर्मपथमा लम्कनसमेत कवितामा आग्रह गरिएको छ । जम्मा ८ श्लोकमा संरचित प्रस्तुत कविता शार्दूलविक्रीडित छन्दमा रचना गरिएको छ । परिष्कृत भाषाशैली, सफल अन्त्यानुप्रास योजनाका साथै उत्प्रेक्षा अलङ्कारको प्रयोग कवितामा पाउन सकिन्छ ।

## कविताको खोजी

जम्मा ८ श्लोकमा संरचित प्रस्तुत कवितामा कविले हाम्रो जीवनका विकृति विसङ्गतिलाई हटाउन सक्ने कविताको खोजी गरेका छन् । शूर वीरका रूपमा विश्वमै परिचित भए तापनि हामी अर्काको इशारामा विदेशी संस्कृतिको अङ्गीकार गर्दै आफ्नोपन, आफ्नो संस्कृति बिर्सदै गएकोमा क्षोभ व्यक्त गरेका छन् । विदेशीपनमा इज्जत देख्ने हामीहरू केवल दलदलमा फँसी रहेको व्यक्त गर्दै कविले हाम्रा यिनै विकृति विसङ्गतिलाई पखाल्न सक्ने कविताको खोजी गरेको यहाँ स्पष्ट हुन्छ । विषयवस्तुका आधारमा शीर्षकीकरण गरिएको यस कवितामा प्रश्न अलङ्कारको प्रयोग गरिएको छ ।

## पाटीमा ढाक्रेको पसारो

समाजको अत्यन्त गरिबका रूपमा स्वीकारिएको ढाक्रेको जीवन्त चित्रण यस कवितामा गरिएको छ । दिनभर भारी बोकेर बेलुका पाटीमा बस्नुपर्ने ढाक्रेको वास्तविक जीवनचर्याको चर्चा गर्दै कविले त्यो सानो पाटीभित्र धेरै संख्यामा ढाक्रेहरू ठेलमठेल भएर खैलाबैला गरिरहेको, डोका कुम्लाहरू वरपर फालिरहेको, वरपरको फोहर, खाना खानका लागि चूह्लो चौकाको खटपट गरिरहेको विषयवस्तुलाई कविताको रूप दिएका छन् । त्यस्तै त्यो साँघुरो पाटीमा आँखा चिम्लिएर घुर्ने समस्या, तेरो मेरोको भावना रहिरहनुका साथै उनीहरूको जीवन केवल एक पथ बीचको पाटीमा सधैं पसारो पर्नुपरेको बाध्यात्मक अवस्थाको यहाँ चित्रण गरिएको छ । नेपालको गरिबी समस्यालाई कविले आफ्ना

कविताका माध्यमबाट व्यक्त गरेका छन् । जम्मा २ श्लोकमा संरचित प्रस्तुत कविता स्रग्धरा छन्दमा रचना गरिएको छ । परिष्कृत भाषाशैली शास्त्रीय लय तथा आद्यान्त्यानुप्रासको सफल संयोजनले उत्कृष्ट यस कविताको शीर्षक विषयवस्तुका आधारमा निर्धारण गरिएको छ ।

## पतीत–पावनी गङ्गाजीको झाँकी

जम्मा २ श्लोकमा संरचित प्रस्तुत कवितामा कविले पर्वतबाट बग्ने गङ्गाजीको गडगडाहटको चित्रण गरेका छन् । कैलाश पर्वतदेखि बहने गङ्गाजीको गड्गडाहट युक्त द्रूततर गति सर्पस्वरूप हुँदै विभिन्न किसिमका चट्टानहरू फोर्दै फाल्दै सङ्गीतमय रूपले अघि बढ्ने कवितामा उल्लेख गरिएको छ । त्यस्तै साना-साना शाखा नदीहरू साथमा लिएर वरिपरिको भू-भाग सिंचित गर्दै अघि बढ्ने नदीहरूको जीवन्त चित्रण यस कविता मार्फत् कविले गरेका छन् । विषयवस्तुका आधारमा शीर्षकीकरण गरिएको यो कवितामा तत्सम तथा मौलिक शब्दहरूको सफल प्रयोग गरिएको छ । परिष्कारपूर्ण भाषाशैली, सफल अन्त्यानुप्रासयुक्त स्रग्धरा छन्दमा संरचित यस कवितामा स्वभावोक्ति, उपमा आदि अलङ्कारको प्रयोगले झन् उत्कृष्टता थपेको छ ।

## धीर

धैर्यतालाई मूल विषयवस्तु बनाइएको यस कवितामा धैर्यवान् मानिस सधैं कर्तव्य पथमा अडिग रहने कविले उल्लेख गरेका छन् । जस्तासुकै आरोहअवरोह आए तापनि धैर्यवान् मानिस कुनै पनि क्षणमा कर्तव्यबाट विचलन नहुने नैतिकता मूलक सन्देश कवितामार्फत् दिइएको छ । सांसारिक रूपमा आइपर्ने जे जस्ता कुरा भए तापनि त्यसलाई स्वभाविक रूपमा स्वीकार्दै धैर्यवान् मानिस आफ्नो कर्तव्यलाई अघि राखेर निरन्तर लम्कने प्रसङ्ग नै यस कविताको मुख्य भाव हो । जम्मा २० श्लोकमा संरचित प्रस्तुत कविताको शीर्षक विषयवस्तुका आधारमा निर्धारण गरिएको हो । परिष्कारपूर्ण भाषाशैली, सफल अन्त्यानुप्रास योजना, उपमा जस्ता अलङ्कारको प्रयोग कवितामा गरिएको छ ।

## विवेक–वाटिकाको सानू फूल (ख)

जम्मा १ श्लोकी प्रस्तुत कविता नैतिकतामा आधारित छ । यो समाजमा मानिसहरू एक अर्काको अस्तित्व स्वीकार्न नसक्ने प्रसङ्गलाई यहाँ कविले उपस्थित गराएका छन् । मानिसहरूमा अहम्पनका साथै अरूलाई होच्याउने प्रवृत्तिको चित्रण गर्दै कविले कवितामा अर्कालाई होच्याएर आफू ठूलो हुन खोज्ने मानिस कदापि ठूलो हुन नसक्ने र आफू सानो भएर विश्व सेवामा समर्पित हुने मानिस अत्यन्त कम भए तापनि त्यसको यश सारा संसारभर फैलने भाव व्यक्त गरेका छन् । यसरी अहम्पनलाई त्यागेर सानो हुनका लागि आग्रह गर्दै कविले विश्व सेवामा समाहित हुन कविताका माध्यमबाट आग्रह गरेका छन् । परिष्कारपूर्ण भाषाशैली, अन्त्यानुप्रासको सफल संयोजन गरी शार्दूलविक्रीडित छन्दमा यो कविता संरचित छ ।

## कलमसित

यस कवितामा कविले कलमसँग आफ्ना आत्मलापहरू व्यक्त गरेका छन् । भाग्यको चिह्नका रूपमा कलमलाई स्वीकार्दै कविले कवितामा जति किरिमिरि धर्काहरू कोरिदै जान्थे त्यसमा लाखौ खुसीका स्वप्नहरू देखिने कुरा व्यक्त गरेका छन् । त्यस्तै कलमको दौडाइसँगै आफ्नो दिमागसमेत खियाउने, विना विश्राम कलमको गतिसँगै खुल्न समेत कविले यहाँ उल्लेख गरेका छन् । व्यास वाल्मीकि जस्ता मुनिहरूको काव्ययात्राको समेत स्मरण गर्दै कवितामा कविले भाग्यरेखा केही गरी नमेटिने कुरा व्यक्त गरेका छन् । यसरी कवितामा कलमलाई एक भाग्य विधाताका रूपमा कविले चित्रण गरेका छन् । जम्मा ११ श्लोकमा संरचित प्रस्तुत कविता शास्त्रीय मालिनी छन्दमा रचना गरिएको छ । सफल अन्त्यानुप्रास योजना, परिष्कृत भाषाशैली, शास्त्रीय लय एवम् पूर्वस्मृति, तुल्योगिता, प्रश्न जस्ता अलङ्कारको प्रयोगले कविता उत्कृष्ट बनेको छ ।

## आश्चर्यचकित चातक

जम्मा २ श्लोकमा संरचित प्रस्तुत कवितामा कविले चातकका माध्यमबाट यो सृष्टिप्रतिको आश्चर्य भाव व्यक्त गरेका छन् । वास्तवमै भ्रमपूर्ण यो सृष्टिचक्र कहिले निहारिका तारामात्र लिएर झुल्कने कैले चमकदार चन्द्रमाको साथ लिएर झुल्कने त्यस्तै कैले सूर्यका साथ झुल्कने प्रसङ्गलाई यहाँ कविले कलात्मक पाराले चित्रण गरेका छन् । शार्दूलविक्रीडित छन्दमा रचना गरिएको यो कवितामा तत्सम तथा नेपाली मौलिक शब्दहरूको यथेष्ट प्रयोग गरिएको छ । परिष्कारपूर्ण भाषाशैली, शास्त्रीय लय, सफल अनुप्रास योजना समेतका कारण कविता उत्कृष्ट बन्न पुगेको छ । प्रस्तुत कविताको शीर्षक विषयवस्तुका आधारमा निर्धारण गरिएको हो ।

## प्रभात

प्रकृतिको जीवन्त चित्रण गरिएको यस कवितामा कविले प्रभातकालीन समयको वर्णन गरेका छन् । सारा विश्वलाई जागृत गराउँदै आउने प्रभातकालीन समयको प्रशंसा गर्दै कविले रातरूपी कालो चादरलाई पर सार्दै गुलाफ रङ्गी नव मुस्कानका साथ प्रभातको आगमन हुने प्रसङ्गलाई यहाँ उपस्थित गराएका छन् । त्यस्तै कृष्णमुखी निशालाई छायाँ पार्दै उदाउने कान्तियुक्त उषाले नै रङ्गीन पूर्वीभागको किनारा, कुखुराको प्रभातकालीन सङ्केत चराचुरुङ्गीहरूको चिरबिराहट, प्राकृतिक रम्यता आदिको कविले मुक्त कण्ठले प्रशंसा गरेका छन् । प्रत्येक प्राणीजगत्लाई कर्मपथमा लम्काउने लक्ष्यका साथ प्रभातकालीन समयको वर्णन गरिएको यस कवितामा जम्मा ८ श्लोक रहेका छन् । विषयवस्तुका आधारमा शीर्षकीकरण गरिएको यो कविता उपजाती छन्दमा रचना गरिएको छ । अन्त्यानुप्रासको सफल संयोजन परिष्कारपूर्ण भाषाशैली, शास्त्रीय लय एवम् उपमा जस्ता अलङ्कारको प्रयोगले कविता उत्कृष्ट बन्न पुगेको छ ।

## कोपिलालाई आश्वासन

१० श्लोकमा संरचित प्रस्तुत कविता उपदेशात्मक रहेको छ । कोपिलालाई माध्यम बनाएर सारा यो मानवजगत्लाई कविले कवितामार्फत् उपदेश दिएका छन् । अभिधात्मक रूपमा एउटा कोपिलालाई आश्वासन दिइए पनि व्यञ्जनात्मक रूपमा यो सारा मानवजगत्लाई कविले उपदेश दिएका छन् । कोपिला अर्थात् मानिसलाई उपदेश दिँदै कविले संयम रहनुपर्ने धैर्यवान् बन्नुपर्ने आशावादी बन्नुपर्ने प्रसङ्गलाई यहाँ उपस्थित गराइएको छ । त्यस्तै यथासक्य सबैलाई सहयोग पुऱ्याइनुपर्ने सकारात्मक सोच लिँदै परोपकारतर्फ प्रवृत्त हुनु पर्नेमा कविले जोड दिएका छन् । विषयवस्तुका आधारमा यो कविता शीर्षकीकरण गरिएको छ । संस्कृत तथा नेपाली दुबै भाषाका शब्दहरूको प्रयोग, परिष्कृत भाषाशैली, सम्भावना, उपमा जस्ता अलङ्कार तथा अन्त्यानुप्रासको सफल संयोजन गरी उपजाती छन्दमा यो कविता लेखिएको छ ।

## वयोवृद्ध कोइलीको विलौना

अभिधात्मक रूपमा वयोवृद्ध कोइलीको विलौला नै भए तापनि व्यञ्जनात्मक रूपमा वृद्धावस्थामा पुगेका लेखनाथको विलौना यस कविता मार्फत् व्यक्त भएको छ । कविताको आरम्भमा नै कविले सारा प्रकृतिजगत् यथास्थितिमा रहे पनि आफ्नो भने जीवनको सारा उमङ्ग उत्साह हराउँदै जानथालेको व्यक्त गरेका छन् । आफ्नो यौवनावस्थाको कल्पना गर्दै कविले जवानीमा आफ्नो शरीरमा भएको तेज, आनन्दमय अवस्था कौतूहलतापूर्ण दिनचर्या एक एक गर्दै समाप्त हुँदै गइरहेको स्मरण गरेका छन् भने वृद्धावस्थाको समयको निरन्तरको खोकी जर्जर शरीर आदि समेतको कवितामा उल्लेख गरेका छन् । त्यस्तै कविले कविताको अन्त्यतिर देशमा महेन्द्रयुगको वर्णन गर्दै देशमा हुँदै गरेको विकास प्रक्रियाको मुक्त कण्ठले प्रशंसा गर्न समेत आफू शारीरिक अवस्थाका कारण असमर्थ भइरहेको बताएका छन् । जीवनको वास्तविकताको चित्रण गरिएको यस कवितामा जम्मा ५ श्लोक रहेका छन् । शिखरिणी छन्दमा रचना गरिएको यस कवितामा

परिष्कारयुक्त भाषाशैली, शास्त्रीय लय एवम् वृत्यानुप्रास उपमा जस्ता अलङ्कारको प्रयोग गरिएको छ ।

**कविको उन्निद्रता**

लेखनाथका जागरणमूलक कविताहरूमा पर्ने प्रस्तुत कविता जागृति गीतको रूपमा उपस्थित भएको छ । कवितामा कविले रातको चित्रण गर्दै समसामयिक विश्वको सङ्केत गरेका छन् भने त्यही रातमा कविले उन्निद्रतापूर्ण अवस्थाका चेतनाका साथै जाग्रत नेत्रका रूपमा आफ्ना आँखा भएको भाव व्यक्त गरेका छन् । त्यस्तै कविले सम्पूर्ण विश्व नै निद्रावस्थामा गइरहेको सङ्केत गर्दै त्यसलाई घातक गतिविधिका रूपमा लिएका छन् । कवितामार्फत् जागृतिको गायक बन्दै जागरणका स्वरहरू प्रचार प्रसार गर्ने र त्यही लेख्य धारालाई आफूले अँगाल्ने कविको उच्च अभिलाषा कवितामा व्यक्त भएको छ । कविले काव्य लेखनमा नवीन स्वरूप ल्याउने उच्च अभिलाषा व्यक्त गरेका छन् । जम्मा ३४ श्लोकमा संरचति प्रस्तुत कविताको शीर्षक व्यञ्जनात्मक रहेको छ । अन्त्यानुप्रासको सफल संयोजन गरी स्रग्धरा छन्दमा  लेखिएको यस कवितामा परिष्कृत भाषाशैली, शास्त्रीय लय एवम् रूपकातिशयोक्ति अलङ्कारको प्रयोग गरिएको छ ।

**म मधेशमा**

जम्मा २७ श्लोकमा संरचित **म मधेशमा** कवितामा कविले मधेशको जीवनको जीवन्त चित्रण गरेका छन् । चैत्रमासको मधेशको बसाइलाई स्मरण गर्दै कविले धुलैधुलो उडेको वातावरण , तातो हावा, अत्यधिक गर्मी शरीरको शिथिलतालाई कलात्मक तवरले वर्णन गरेका छन् । तराईमा रहेका प्राकृतिक सम्पदा, चराचुरुङ्गी, कीटपतङ्ग समेतको जीवन्त चित्रण गर्दै कविले कीटपतङ्गभित्र पनि मानिसहरूको जस्तो ठूलाले सानालाई दमन गर्ने प्रवृत्तिको उल्लेख गर्दै सम्पूर्ण मानव जातिलाई अप्रत्यक्षरूपबाट आफ्नो प्रवृत्तिप्रति सचेत गराउन चाहेका छन् । नेपालको हावापानी कहीँ अत्यन्त गर्मी त कहीँ अत्यन्त जाडो हुने अवस्थाको वर्णनकै क्रममा मधेशको हावापानीलाई कविले यहाँ उल्लेख गर्दै

मधेशवासीहरूको दिनचर्याको समेत व्याख्या गरेका छन् । उपजाती छन्दमा रचिएको यो कवितामा परिष्कारपूर्ण भाषाशैली प्रयोग हुनाका साथै उपमा, वृत्यानुप्रास , उत्प्रेक्षा, वीभत्स, स्वभाविोक्ति अलङ्कारको समेत प्रयोग गरिएको छ ।

## नेपाल र नेपाली

जम्मा ५० श्लोकमा संरचित प्रस्तुत कवितामा कविले नेपालको वास्तविक चित्र कोर्दै नेपालीहरूको जीवनचर्याको चर्चा गरेका छन् । उत्तरमा हिमालय पर्वत, दक्षिण हिन्दूस्थान, पूर्वमा मेची, पश्चिममा महाकालीको परिधिभित्र रहेको नेपाल हिमाल पहाड र तराई तीन खण्डमा विभाजित भएको कविले यहाँ व्यक्त गरेका छन् । विभिन्न किसिमका पर्वतमाला, उत्तरतर्फ टल्कने हिमाल, नदीनाला छाँगा छहरा आदिको सचित्र वर्णन गर्दै यहाँको सुमधुर हावापनीले हाम्रो आयु ८० वर्षसम्म रहेको कविले उल्लेख गरेका छन् । हाम्रो संस्कृति, रीतिरिवाज यहाँका प्राकृतिक सम्पदाहरूको जीवन्त चित्रण गर्दै कविले राष्ट्रलाई समुन्नत बनाउने लक्ष्यतर्फ प्रवृत्त हुनका लागि सारा नेपाली जगतलाई कविता माफत आग्रह गरेका छन् । विषयवस्तुका आधारमा शीर्षकीकरण गरिएको यस कवितामा परिष्कृत भाषाशैलीको प्रयोग गरिएको छ । यस कवितामा सफल अन्त्यानुप्रासयोजना, शास्त्रीय लय तथा उपमा अलङ्कारको प्रयोग गरिएको छ ।

## प्रतिभा

विषयवस्तुका आधारमा शीर्षकीकरण गरिएको प्रस्तुत कवितामा प्रतिभाको महत्व तथा उपयोगिता सम्बन्धमा चर्चा गरिएको छ । कवितामा कविले प्रतिभालाई मनुष्यको मुटु भन्दै यसले देवताको पद लिने अर्थात् पूजा हुने, बिजुली बेगी रूपमबाट दु:ख दर्द हटाउने महत्त्वपूर्ण साधनका रूपमा लिएका छन् । प्रतिभाभित्र अनेक शास्त्र रहेका, साराका सारा तत्व रहेको बताउँदै कविले प्रतिभाको प्रयोगबाट नयाँ नयाँ रङ्गका कविताहरू तयार हुने प्रसङ्गलाई यहाँ उपस्थित गराएका छन् । त्यस्तै प्रतिभाले दिलमा प्रकाश भर्ने, दिलका अँध्यारोलाई हटाउने , नयाँ नयाँ प्रविधिहरूको विकास तथ्य विस्तार गर्ने समेतका कुराहरू

ल्याएर आजको विश्वमा भएको समुन्नत विकास केवल प्रतिभाकै कारण सम्भव भएको कविले बताएका छन् । विश्वकै लगामको रूपमा प्रतिभालाई लिदै युगको प्रवाहसँगै यसले नयाँ नयाँ सोच, आविष्कार गरेको कवितामा व्यक्त गरिएको छ । जम्मा ५ श्लोकमा संरचित प्रस्तुत कवितामा सफल अन्त्यानुप्रास योजना परिष्कारपूर्ण भाषाशैली, रूपक , अतिशयोक्ति रूपकातिशयोक्ति जस्ता अलङ्कारको प्रयोग गरिएको छ ।

## आर्यजाति

जम्मा २८ श्लोकमा संरचित प्रस्तुत कवितामा कविले आर्यजातिका सम्बन्धमा चर्चा गरेका छन् । कविताको आरम्भमा नै कविले मानवको सभ्यताको विकास गर्दै यो सारा विश्वजगतमा आर्यजातिले आलोक भर्ने काम गरेको बताएका छन् । सारा पृथ्वी एवम् मानवजगत्को उत्थानका लागि जागृतिको सन्देश बोकेर जङ्गलीयुगबाट आजको समुन्नत युगसम्म ल्याउन यसले धेरै प्रत्यत्न गरेको बताइएको छ । कर्तव्यनिष्ट भएर आर्यजातिले विभिन्न ज्ञान गुनका सागर वेद वेदाङ्गको निर्माण, समाजमा आदर्श उदारताको सञ्चार गर्नुका साथै ज्ञान विज्ञानका माध्यमबाट यो सारा जगत्लाई अग्रगतितर्फ उन्मुख गराएको प्रसङ्ग यहाँ उपस्थित गराइएको छ । त्यस्तै **आत्मैव सर्व** भन्दै देवराज इन्द्रदेखि कृमिकीटसम्म सबै प्रति करुणा, परोपकारको भाव व्यक्त गर्ने आर्यजाति सम्पत्तिको सञ्चयदेखि डराउने, विधि व्यवस्थाअनुसार सबैलाई समान शिक्षादीक्षा प्रदान गर्दै आफ्नो कर्तव्य पथमा निरन्तर लागिरहेको यहाँ जनाइएको छ । उदार चित्तले उपदेश प्रदान गर्दै अनार्यता पखाल्दै समाजमा सात्विकताको घडालाई पूर्ण पार्ने आर्यजातिको विद्यमान संस्कृति विश्वभरि नै पवित्र रहिरहेको उल्लेख गर्दै कविले त्यही आर्यसंस्कृतिको समाजलाई भुलेर आजको समाज अनार्य वा जडवादमाथि सानो छाती पारेर झुक्दै गएको कवितामा व्यक्त गरेका छन् । आर्यसंस्कृतिको मुक्त कण्ठले वर्णन गरिएको प्रस्तुत कविताको शीर्षक विषयवस्तुका आधारमा निर्धारण गरिएको छ । उपजाती छन्दमा रचित यस कवितामा परिष्कारपूर्ण भाषाशैली, शास्त्रीय लय, अन्त्यानुप्रासको सफल संयोजन एवम् प्रश्न अलङ्कारको प्रयोग पाउन सकिन्छ ।

## जीवन–नदी

जीवनलाई एक नदीका रूपमा लिइएको प्रस्तुत कवितामा नदीको दुर्गम शिखरबाट सागरसम्मको सम्पूर्ण यात्रालाई जीवनको यात्रासँग तुलना गरिएको छ । पर्वतबाट सुरु हुने नदीको यात्रासँग तुलना गर्दै कविले जीवनको सुरुवातसँगै विभिन्न आरोहअवरोह पार गरी अघि बढ्नुपर्ने प्रसङ्ग कवितामा ल्याएका छन् । बाल्यावस्थाबाट बढ्दै जाने मानवको जीवनयात्रा जीवनको उत्तरार्द्धमा विभिन्न विषयसुख, वासना आदिका साथै विभिन्न कल्पनाहरूमा डुब्ने प्रवृत्तिको यहाँ कविले चित्रण गरेका छन् । यही उत्तरार्द्धको समयमा विभिन्न विघ्न बाधाहरू समेत पर्ने बताउँदै कविले विघ्न बाधाहरूको ठक्करमा मानवको गतिमा नै परिवर्तन आउने उल्लेख गरिएको छ । यसरी उतार चढावयुक्त नदीरूपी जीवनको यात्रा अन्त्यमा सानो विन्दुमा गएर मिलन हुने बताउँदै कविले जीवनजगतको वास्तविक सत्यको चित्रण गरेका छन् । जम्मा १० श्लोकमा संरचित यस कवितामा अन्त्यानुप्रासको सफल संयोजन गरिनुका साथै परिष्कारयुक्त भाषाशैलीको पनि प्रयोग गरिएको छ ।

## केदार–दर्शनको रहस्य

आध्यात्मिक चेतले युक्त प्रस्तुत कविता जम्मा १ श्लोकमा संरचित कविता हो । केदार दर्शनको रहस्यलाई चित्रण गर्दै कविले विभिन्न विषयसुखलाई टाढै राखेर भक्तिभाव पूर्वक जसले कैलाशोपत्यकाको सुमधुर छविमा पुग्न सफल हुन्छ त्यसले मात्र केदारनाथ देख्न सक्ने बताएका छन् । यसरी मानसिक रूपबाट स्वच्छ रही विषय सुखलिप्त नहुने मानिस केदारनाथ नै पुग्नु नपर्ने र उसले मनैले केदारनाथको दर्शन गर्न पाउने किसिमको भाव यस कवितामा लुकेको छ । संस्कृत तथा नेपाली दुबै भाषाका शब्दहरूको प्रयोग, शास्त्रीय लय एवम्, अन्त्यानुप्रास युक्त यो कविता स्रग्धरा छन्दमा रचना गरिएको छ ।

## विचित्र–बाहिनी

जम्मा ५२ श्लोकमा संरचित प्रस्तुत कविताको शीर्षक अभिधात्मक रूपमा विभिन्न किसिमको फौज बुझिए तापनि व्यञ्जनात्मक रूपबाट विचित्र किसिमका लामखुट्टे भएको पाउन सकिन्छ । बाटोमा यात्रा गर्ने बटुवाको एक रातको पाटीको बसाइमा लामखुट्टेसँग भएको सङ्गतलाई कविले कविताको रूप दिएका छन् । कवितामा कवि स्वयम् बटुवा बनेर पाटीमा बस्दाका बखत लामखुट्टेको हुल आएर आफ्नो निद्रा पूर्णरूपमा भङ्ग गरिदिएको र शरीरको रक्त शोषण गरेको प्रसङ्ग कवितामा उपस्थित गराएका छन् । टाँटाँ र टीँ टीँ युक्त लामखुट्टेको शब्दले रात पूर्णरूपमा दुःखदायी भएको स्मरण गर्दै आफू केवल हजारौ विषालु कमिलाको बीचको गड्यौला जस्तो बनेको प्रसङ्गलाई यहाँ चित्रित गरिएको छ । हास्यात्मक तवरबाट पाटीको बसाइलाई व्यक्त गरिए पनि नेपालीहरूको यात्राका क्रममा पाटीमा बस्नुपर्ने वाध्यता र बस्दाखेरि लामखुट्टेजस्ता कीटपतङ्गहरूको टोकाइ सहनुपर्ने वाध्यात्मक अवस्थाको कविले यहाँ चित्रण गरेका छन् । कविको काव्य कौशलता पाइने यस कवितामा परिष्कारपूर्ण भाषाशैली, शास्त्रीय लय, सफल अन्त्यानुप्रासयोजनायुक्त अनुष्टुप छन्दको प्रयोगका साथै संसृष्टि, उत्प्रेक्षा, उपमा जस्ता अलङ्कारको प्रयोग पाइन्छ ।

## हाँसेको साहित्य सागर

हर्षित मुद्रामा रहेको साहित्यरूपी सागरको वर्णन गरिएको यस कवितामा साहित्यकारहरूका विभिन्न रूपहरूको कविले चित्रण गरेका छन् । साहित्य आकाशभित्र कोही वायुकुमार जस्तै उडेर विहार गर्ने, कोही बन्धन हाल्ने, कोही घुमीघुमी आलोचना गर्ने, कोही उत्साहका साथ तत्त्वज्ञानका लागि देव दानवको जस्तै एक आपसमा विचारको मन्थन गर्ने लगायतका प्रसङ्ग ल्याएर साहित्यका विभिन्न विधामा क्रियाशील भइरहेको कविले व्यक्त गरेका छन् । साहित्याकाशभित्र कोही लेखक, कोही समालोचक कोही विश्लेषक कोही टिप्पणीकार भइरहेको अवस्थामा यो साहित्यसागर हाँसिरहेको छ भन्ने भाव कवितामा व्यक्त भएको छ । जम्मा २ श्लोकमा संरचित प्रस्तुत कविताको शीर्षक

विषयवस्तुका आधारमा निर्धारण गरिएको छ । सफल अन्त्यानुप्रास योजना, शास्त्रीय लय, परिष्कारपूर्ण भाषाशैली, उपमा, श्लेष, रूपकजस्ता अलङ्कार पाइने प्रस्तुत कविता शार्दूलविक्रीडित छन्दमा रचना गरिएको छ ।

## पिंजराबाट छुटेको सुगा

अभिधात्मक रूपमा पिंजराबाट छुटेको सुगा नै भए तापनि व्यञ्जनात्मक रूपमा पिंजरारूपी दरबारबाट छुटेका लेखनाथको आत्मकथा यस कवितामा व्यक्त भएको छ । लामो समयसम्म पिंजराभित्र थुनिएर बसेको अवस्थाको सम्झना गर्दै कविले आफ्नो बढ्दो चढ्दो जवानी त्यही पिंजरारूपी दरबारभित्र व्यतीत भइसकेको, सारा आफ्नो कर्मशील जीवन उकुसमुकुस युक्त वातावरणमा गुज्रिसकेका अवस्थामा अब खुला वातावरण युक्त समयको जीवन कसरी पो बित्ने हो त्यसतर्फ कवि गम्भीर देखिएका छन् । आफ्नो क्रियाशीलता उत्साह सबै कुँजिए जस्तो भएको स्मरण गर्दै कविले अब पो कसरी समय बिताउने हो त्यसतर्फ आश्चर्यभाव व्यक्त गरेका छन् । त्यस्तै आफ्नो जवानी अवस्था पूर्णरूपमा पिंजडारूपी दरबार भित्र बस्दा परिवारजनसँग समेत विछोड भएको सम्झना गर्दै विस्तारै उही पिंजडाप्रति मोह बढ्दै गएको प्रसङ्ग समेत कवितामा उल्लेख गरेका छन् । यसरी कविताका माध्यमबाट कविले सामन्तवादी दरबारीया संस्कारका साथै नेपाली जीवनको यथार्थपरक चित्रण गर्न समेत खोजेको पाउन सकिन्छ । जम्मा ३५ श्लोकमा संरचित प्रस्तुत कविता पज्झटिका छन्दमा रचना गरिएको छ । परिष्कृत भाषाशैली शास्त्रीय लय, अन्त्यानुप्रासको सफल योजनाका साथै प्रश्न अलङ्कारको प्रयोग कवितामा पाइन्छ ।

## बूढा बटुवाको प्रातकालीन गन्थन

जम्मा २० श्लोकमा संरचित प्रस्तुत कवितामा नैतिकताको सन्देश दिदै कर्मपथमा लम्कनका लागि सम्पूर्ण नेपालीहरूलाई आग्रह गरिएको छ । बूढा बटुवाको माध्यमबाट यहाँ कविले अल्छीपनलाई हटाएर वरपरको विकास यात्रा समेतलाई मध्यनजर गर्दै हामी

अघि बढ्नु पर्ने अवस्थाको चित्रण गरेका छन् । कुम्भकर्ण जस्तै निदाएर बसेमा पछि पछुताउनु पर्ने बताउँदै कविले हामी सुतेको देखेर वरपरका छिमेकीहरू पनि हाँस्न थालेको भाव व्यक्त गरेका छन् । हाम्रो यात्रा अत्यन्त लामो भएको र यही यात्रामा पनि विभिन्न आरोह अवरोह रहेका कारण ती आरोह अवरोहलाई विस्तारै किनारा लगाउँदै कर्तव्य पथमा अग्रसर हुनुपर्ने सन्देश कवितामा दिइएको छ । त्यस्तै समयमा नै होस पुऱ्याएर मित्रतापूर्ण तवरबाट हातमा हात मिलाएर अघि बढ्नुपर्ने सन्देश बूढा बटुवाका माध्यमबाट कविले दिएका छन् । परिष्कारयुक्त भाषाशैली सफल अन्त्यानुप्रासयोजना, शास्त्रीय लय तथा प्रश्न अलङ्कारको प्रयोग कवितामा पाउन सकिन्छ ।

## राम–राज्य

जम्मा ३६ श्लोकमा संरचित प्रस्तुत कवितामा कविले रामराज्यको वर्णन गरेका छन् । प्राचीन शैलमिा रचना गरिएको यो कवितामा सारा भारतवर्षको ताप हर्दै भगवान रामचन्द्रले सारा यो जीवन जगत्लाई पूर्णचन्द्र जस्तो स्वच्छ बनाएको प्रसङ्ग उपस्थित गराइएको छ । रामको राज्यकालमा सबै मानिसहरू एवम् प्राणीजगत्को समेत प्रसन्न चित्त, नीति पद्धतिअनुरूपको शासन सबैलाई सुख सन्तोष हुनुका साथै उनको कीर्ति यत्रतत्र फैलिरहेको कविले व्यक्त गरेका छन् । उनको यस कीर्तिले सारा विश्व जगत् धपधप बलिरहेको प्रत्येक मन्त्रआदिमा शक्ति रहेको सत्को शासन, शिक्षाको विकासका साथै कुशासनपूर्ण रूपमा नष्ट भएका प्रसङ्गहरू यहाँ आएका छन् । त्यस्तै चोरी लुटपाट, कुटाकुट पूर्णरूपमा बन्द हुँदै प्रत्येकको मनोकांक्षा पूरा भइरहेको व्यक्त गर्दै कविले रामराज्यको मुक्त कण्ठले प्रशंसा गरेका छन् । परिष्कृत भाषाशैली शास्त्रीय लय, सफल अन्त्यानुप्रास योजनायुक्त अनुष्टुप छन्दको प्रयोगका साथै कविताको मध्यतिर श्लेष अलङ्कारको प्रयोग पाउन सकिन्छ ।

## मातृभूमिको प्रार्थना

मातृभूमिको प्रार्थना गरिएको प्रस्तुत कवितामा कविले मातृभूमि प्रतिको श्रद्धाभाव व्यक्त गरेका छन् । मातृभूमिलाई सम्बोधन गर्दै कविले गिरिराजको सुपुत्री मातृभूमिका हामी पुजारी भएको बताएका छन् । त्यस्तै शिव भावनायुक्त हाम्रो पवित्र मनमा बस्ने मातृभूमि नेपाल मेची र महाकालीको बीचमा रहिरहेको र यहाँ बस्ने हामी नेपाली पनि सादा जीवन उच्च विचार लिदै मातृभूमिको कल्याणका लागि कर्तव्य पथमा समाहित हुने बताएका छन् । **जननी जन्भ भूमिश्च स्वर्गाऽऽपि गरीयसी** को भावनाले ओतप्रोत प्रस्तुत कविता जम्मा ५ श्लोकमा संरचित छ ।

## श्रद्धाऽऽञ्जलि

नेपाली भाषाका आदिकवि भानुभक्तप्रति श्रद्धासुमन व्यक्त गरिएको यस कवितामा कविले नेपाली भाषामा भानुभक्तले पुऱ्याएको योगदानको चर्चा गरेका छन् । नेपाली साहित्याकाश अन्धकारमै रहेका बेला उदाएका भानुभक्तले नेपाली भाषा तथा साहित्यका क्षेत्रमा चेतना ज्योति फिँजाएका कारण नेपाली भाषा हाल राष्ट्रभाषाको रूपमा रहन सकेको कविले उल्लेख गरेका छन् ।

*उदाहरणार्थ :*

*साहित्याऽऽकाश हाम्रो उस  बखत  थियो शून्य निष्पट्ट कालो*
*मानु हालि-रहेथ्यो फगत विजयको जोशले नै अँगालो ।*
*त्यै  बेला दैवगत्या  उदय शिखरमा  भानु झैं भानु हाम्रो*
*आए यद्धा  उदाए  सबतिर  भरदै  चेतना-ज्योति राम्रो ॥*

*(लालित्य भाग २  पृ. ११६)*

विभिन्न छन्दका शास्त्रीय श्लोकहरूले रामायण जस्तो महाकाव्य तयार गर्ने भानुभक्तले राष्ट्रियताको भावना जगाउँदै नेपाली भाषाप्रति गरेको योगदान स्वरूप उच्च

शिक्षा प्रणालीको समेत सुरुवात हुन सकेको कवितामा उल्लेख गरिएको छ । नेपाली भाषामा रहेका कारण सम्पूर्ण नेपाली जनताहरूले रामायण पढ्न थालेको प्रसङ्ग ल्याएर कविले नेपाल लगायत यस आसपासका भाक्सु, आसाम, बर्मा, सिक्किम, मलया, दार्जिलिङ्ग जस्ता स्थानमा समेत भानुको चर्चा भएको बताउँदै कविले नेपाली भाषाप्रतिको उनको योगदानलाई कदर गर्दै प्रथम कविका रूपमा राष्ट्रले स्वीकार्नु पर्ने आग्रह गरेका छन् । यसरी कवितामा भानुको नेपाली भाषाप्रतिको योगदानलाई कदर तथा सम्मान गर्दै कविता शक्तिको वैजयन्ति फैलाउने भानुको जन्मजयन्ति भव्यताका साथ मनाउनु पर्ने मुख्य भाव कवितामा व्यक्त भएको छ । जम्मा १६ श्लोकमा संरचित प्रस्तुत कविता शार्दूलविक्रीडित छन्दमा रचना गरिएको छ भने परिष्कारपूर्ण भाषाशैली, शास्त्रीय लय उपमा अलङ्कारको प्रयोगले कविता उत्कृष्ट बन्न पुगेको छ ।

## ४.३ लालित्य (भाग १ र २) मा रहेका सत्यसन्देश शीर्षकका कविताहरूको विश्लेषण

दार्शनिकता, काव्यचमत्कृति एवम् शिल्प विधानका दृष्टिले लेखनाजथका सत्य सन्देश शीर्षकका कविताहरू उत्कृष्ट देखिएका छन् । समाजमा व्याप्त तृष्णा, घमण्ड, दोष दर्शन र क्रूरता जस्ता मानवीय विकृतिहरूलाई विषयवस्तु बनाएर लेखिएका उनका अधिकांश सत्य सन्देश शीर्षकका कविताहरू वेदान्त दर्शनबाट प्रभावित भएका छन् । तृष्णारूपी जालोले सम्पूर्ण संसार नै अन्धकारमय बनाउने भाव व्यक्त गर्दै कविले त्यो तृष्णरुपि जालो हटेपछि संसार पूर्णरूपमा उज्यालो, हुने , एउटा सानो पाटीमा उज्यालोपन पाइने, तृष्णकुटीमा उज्वलता छाउने लगायतका प्रसङ्गहरू उपस्थित गराएका छन् । त्यस्तै सामाजिक जीवनमा विद्यमान अहमताको चित्रण गर्दै दम्भी चरित्रका विकृतिहरूलाई कवितामा औंल्याएका छन् । समाजका प्रत्येक मानिसका मानसिक पर्दामा ज्ञानरूपी ज्योतिको प्रकाश नपार्दासम्म सम्पूर्ण दृष्टि दोषी हुने बताउँदै कविता माता पिता गुरु लगायत सबैका उपदेशहरू दोषी हुने कुराको कविले उल्लेख गरेका छन् । परम्परागत धारणा विकसित समाजका विकृतिहरूलाई औंल्याउँदै स्वार्थ चरित्रको दवावमा परी अनेक

कुकृत्यमा भाग लिने समाजलाई कविले मार्गनिर्देश गरेका छन् । समव्यवहारमा जोड दिदै सत्यसन्देश शीर्षकका कवितामा सम्पन्न मानिसका अगाडि झुक्ने सकेमा वा सबै प्राणीमा समदृष्टि राख्न सकेमा स्वर्गको मोलतोल गर्ने ब्रत, जप, तप केहीको पनि आवश्यकता नपर्ने कविले बताएका छन् । सांसारिक विषयसुखले यो शरीररूपी घडा भरेर अन्त्यमा यो देह मरणासन्न अवस्थामा पुग्ने प्रसङ्ग ल्याएर कविले जीवनको वास्तविकताको चित्रण गरेका छन् भने जवानीको जोश तथा विषयसुखका मदमत्ततामा अवशयभावी मृत्यु विर्सनेहरूलाई कविले व्युँझाउन चाहेका छन् ।

यसरी समग्रतामा हेर्दा सत्य सन्देश शीर्षकका लेखनाथका कविताहरू दार्शनिक प्रसङ्गलाई, अनुभूत जीवनका सत्यतालाई, सामाजिक विकृतिलाई र आध्यात्मिक शास्वत चिन्तलाई प्रस्तुत गर्ने सन्दर्भमा बढी केन्द्रित देखिएका छन् । सामाजिक सत्य र अनुभूत सत्यको उद्घाटन भएका यी कवितामा लेखनाथ वैचारिक कवि बनेका छन् भने दार्शनिक सत्यको प्रस्तुतिमा लेखनाथ पूर्वीय वेदान्न दर्शनका अनेक सूक्ष्म प्रसङ्गका प्रतिपादक बनेका छन् । लालित्य (भाग १ र २ ) मा सङ्कलित सत्य सन्देश शीर्षकका कविताहरू भाग १ मा ६ र भाग २ मा ३ गरी जम्मा ९ वटा कविता समावेश भएका छन् । भाग १ मा सङ्कलित सत्यसन्देश शीर्षकका सम्पूर्ण ६ कविताहरू जम्मा १/१ श्लोकमा संरचित छन् भने भाग २ मा सङ्कलित ३ कविता मध्ये एउटामा २ वटा श्लोक र बाँकी २ कवितामा १/१ श्लोक रहेको छ । छन्दप्रयोगका दृष्टिले भाग १ मा सङ्कलित सम्पूर्ण कविताहरू स्रग्धरा छन्दमा रहेका र भाग २ मा सङ्कलित कवितामध्ये २ वटा शार्दूलविक्रीडित छन्दमा तथा एक कविता स्रग्धरा छन्दमा रचना गरिएको छ । प्रत्येक कवितामा अन्त्यानुप्रासको सफल संयोजन गरिनुका साथै परिष्कृत भाषाशैली, तथा शास्त्रीय लयको प्रयोग गरिएको छ ।

# परिच्छेद - पाँच

## उपसंहार तथा निष्कर्ष

### ५.१ उपसंहार

आधुनिक नेपाली कविताका प्रवर्तक कवि शिरोमणि लेखनाथ पौड्याल (वि.सं १९४१-२०२२) परिष्कारवादी धाराका केन्द्रीय कवि हुन् । वि.सं. १९६२ को कविता कल्पद्रुमका शृङ्गारपच्चीसी र मानसाकर्षिणी कवितामार्फत् आफ्नो काव्ययात्रा आरम्भ गरेका उनले काव्ययात्राका आरम्भमा माध्यमिककालीन शृङ्गारिक धारामा नै कविता लेख्ने गरेको पाइन्छ । वि.सं १९६५ देखि लेख्य व्याकरणका अनुशासनलाई पालना गर्दै परिष्कारवादी कविता लेख्न थालेका उनले विस्तारै शृङ्गारिकतालाई विदा दिदै धार्मिक, आध्यात्मिक भावभूमिमा आधारित सामाजिक सांस्कृतिक चेतनालाई आफ्ना कवितामा अभिव्यक्त गर्न थालेको पाइन्छ । भावना र विचारको सन्तुलन गर्दै वर्णमात्रिक एवम् मात्रिक छन्दमा सहज, स्वभाविक भए तापनि परिष्कारयुक्त शैलीमा काव्य रचना गरेका उनले मुक्तकदेखि महाकाव्य समकक्षी सम्मका काव्य कृतिहरू रचना गरेका छन् । उनीद्वारा रचना गरिएको काव्यकृतिहरू वि.सं १९७३ को ऋतुविचारदेखि लिएर वि.सं २०४६ को लेखनाथका प्रमुख कवितासम्म विभिन्न समयावधिमा प्रकाशित कृतिहरूमध्ये लालित्य (भाग १) वि.सं २०१० मा प्रकाशित भएको कृति हो भने लालित्य (भाग २) २०२५ सालमा प्रकाशित कृति हो । कविशिरोमणि लेखनाथ पौड्यालका यिनै लालित्य (भाग १ र २) प्रसिद्ध कवितासङ्ग्रहको कृतिपरक अध्ययनका क्रममा यो शोधपत्र तयार गरिएको हो ।

प्रस्तुत शोधपत्र जम्मा पाँच परिच्छेदमा विभाजन गरिएको छ । यस शोधपत्रको पहिलो परिच्छेदमा शोधपरिचय राखिएको छ । विशेषतः यस परिच्छेदमा शोध समस्याहरू तथा शोधका उद्देश्य किटान गरी यस सम्बन्धमा भए गरिएका पूर्व अध्ययनहरूको समीक्षा

गरिएको छ । सामान्यतः शोधपत्रको सम्पूर्ण स्वरूप यस परिच्छेदमार्फत निर्धारण गरिएको छ । यस शोधपत्रको दोस्रो परिच्छेदमा कविशिरोमणि लेखनाथ पौड्यालको जीवनवृत्त तथा व्यक्तित्व सम्बन्धमा उल्लेख गरिएको छ । पौड्यालको जीवनका मूलभूत पक्षहरूको छुट्टाछुट्टै विश्लेषण गरिनुका साथै उनका विभिन्न किसिमका व्यक्तित्वहरूको यहाँ चर्चा गरिएको छ ।

यस शोधपत्रको तेस्रो परिच्छेदमा कविशिरोमणि लेखनाथ पौड्यालको समग्र कवितायात्रा, काव्य प्रवृत्ति तथा लालित्य (भाग १ र २) को योगदानको चर्चा गरिएको छ । यस क्रममा लेखनाथ पौड्यालको विभिन्न काव्यात्मक प्रवृत्तिहरूको आँकलन, उनको वैचारिकतामा समय सन्दर्भअनुसार आएको परिवर्तन समेतलाई मध्यनजर गर्दै कविता यात्राको निर्धारण गरिएको छ । त्यस्तै यस परिच्छेदमा लेखनाथ पौड्यालद्वारा रचित लालित्य (भाग १ र २) ले नेपाली काव्यजगत्मा पुऱ्याएको योगदानको चर्चा गरिएको छ ।

यस शोधपत्रको चौथो परिच्छेदमा कविशिरोमणि लेखनाथ पौड्यालको प्रसिद्ध कविता सङ्ग्रह लालित्य (भाग १ र २) को कृतिपरक अध्ययन तथा विश्लेषण प्रस्तुत गरिएको छ । कविता तत्वका आधारमा लालित्य (भाग १) का जम्मा ६१ वटा कविता र लालित्य (भाग २) का जम्मा ३८ वटा कविता कविता गरी कूल ९९ वटा कविताको यहाँ विश्लेषण गरिएको छ ।

यस शोधपत्रको पाँचौ परिच्छेदमा शोधपत्रको उपसंहार दिंदै निष्कर्ष प्रस्तुत गरिएको छ ।

## ५.२ निष्कर्ष

दुई भागमा विभाजित लेखनाथ पौड्यालको लालित्य उनको समग्र कविता यात्राको महत्त्वपूर्ण उपलब्धि हो, फुटकर कविताका क्षेत्रमा अत्यन्त महत्त्वपूर्ण स्थान राख्ने लालित्य

(भाग १) उनको जीवनावधिमा नै प्रकाशित भएको पाइन्छ भने लालित्य ( भाग २) उनको मृत्युपश्चात् मात्र प्रकाशित भएको पाइन्छ ।

लालित्य (भाग १) को भूमिकामा लेखनाथले बताएअनुसार बेला बेलामा लेखिएका र यत्रतत्र छरिएका फुटकर कविताका साथै केही नयाँ कविताहरू समेत एकत्रित गरी जम्मा २ भागमा विभाजित लालित्यको तर्जुमा गरिएको पाइन्छ । यसले के स्पष्ट गर्दछ भने वि.सं २०१० सालसम्म लेखिएका र धेरैजसो छापिएका कविताका साथै केही नछापिएका कविताहरूको सङ्ग्रह लालित्य (भाग १) हो । लालित्य प्रथम भाग भित्र अधिकांश पुराना कविता भए तापनि यसको एक तृतीयांश नयाँ कविताहरू समावेश गरिएको देखिन्छ । एक तृतीयांश मात्र कविता यसमा समावेश गरिएका कारण (वि.सं २००८-२०१०) साल बीचको काव्यात्मक प्रवृत्तिहरूलाई पूर्ण रूपमा समेट्न नसके तापनि आंशिक रूपमा अवश्य नै समेटेको छ । लालित्य (भाग १) भित्रका कविताहरूलाई विषयवस्तुका आधारमा जम्मा पाँच भागमा वर्गीकरण गरेर हेर्न सकिन्छ । ती हुन् : १) भक्तिभावको पुनर्व्याख्या गरिएका कविता २) दार्शनिक दृष्टि प्रस्तुत गरिएका कविता ३) प्रकृतिचित्रण गरिएका कविता, ४) सामाजिक सांस्कृतिक र नैतिकताको प्रतिपादन गरिएका कविता र ५) साहित्य धारणामा आधारित कविता हुन् । यी पाँच किसिमका विषयवस्तुमध्ये साहित्य धारणामा आधारित कविता र भक्तिभावको पुनर्व्याख्या गरिएका कवितालाई लालित्य (भाग १) को नयाँ प्राप्तिका रूपमा लिन सकिन्छ ।

लालित्य प्रथम भागभित्र भक्तिभावको पुनर्व्याख्या गरिएका जम्मा १८ कविता सङ्कलित छन् । नेपाली जनजीवनमा प्रचलित सम्पूर्ण पौराणिक देवी देवताको वर्णन , स्तवन र आध्यात्मिक वौद्धिकताद्वारा पौराणिक रहस्यको पुनर्व्याख्याको झलक यिनका यी कविताहरूमा पाइन्छ । हाम्रा प्राचीन धर्मग्रन्थ पुराण उपनिषद्मा वर्णित वा संस्कृत स्तुतिकाव्यमा निर्मित स्वरूप तथा चरित्रको मिठासपूर्ण शैलीमा वर्णन गरिएका यी कविताहरूमा गणेश स्तुति सरस्वती स्मृति, बालराम, शेषशायी विष्णु, शिव समाधि, सूर्यमहिमा, शिवपञ्चाशिका श्रीकृष्ण भक्तिको रहस्य, श्री दुर्गा, महाकाली, राधाकृष्ण,

मुरलीमोह, शरणाऽगति, कन्याहरूको गौरीसित प्रार्थना, वंशीधरको दिव्यवंशी, शरशचयामा लडेका भीष्मपितामहले गरेको श्रीकृष्ण स्तुति रहेका छन् । लालित्य (भाग १) मा सङ्कलित कविताहरूमध्ये उनका जम्मा २० वटा कवितामा दार्शनिक दृष्टि पाउन सकिन्छ । अध्यात्मदर्शन, जीवनदर्शन लगायतका विभिन्न दर्शनहरूले प्रभावित उनका यी कविताहरूमा अर्मूत वस्तुलाई पनि मूर्तता प्रदान गरिएको देखिन्छ । पूर्वीय वेदान्त दशृनका अनेक सूक्ष्म प्रसङ्गलाई उपस्थित गराएर अनुभूत जीवनका सत्यतालाई, सामाजिक विकृतिलाई र आध्यात्मिक शास्वत चिन्तनलाई प्रस्तुत गर्दै दार्शनिक दृष्टि प्रस्तुत गरिएका उनका कविताहरूमा कालमहिमा, जीवनचङ्गा **को? को?,** पिंजराको प्यासा मैना, मनोलड्डु, चुँडिएको चङ्गासित, जीवन ज्योति, संसारको स्वरूप, आश्चर्य , पूर्वस्मृति, नारद र विज्ञान, विज्ञानको मोह, सत्य सन्देश अन्तर्गतका ६ कविता र विवेकवाटिका र अध्यात्मवाटिका अन्तर्गतका २ गरी जम्मा २० वटा कविताहरू रहेका छन् ।

प्रकृतिको जीवन्त चित्रण गरिएका जम्मा ९ वटा कविता लालित्य (भाग १) मा सङ्कलित भएको पाइन्छ । पहिलो प्रकृतिकाव्य ऋतुविचार खण्डकाव्यको रचना पश्चात् प्राकृतिक कविका रूपमा समेत परिचित लेखनाथले विभिन्न प्राकृतिक सम्पदा, विभिन्न ऋतुचक्र तथा दैनिक रूपमा आउने प्रभात सन्ध्या लगायतका विषयवस्तुको सजीव चित्रण गरेका छन् । प्रकृतिको चित्रण गरिएका उनका कविताहरूमा वसन्त कोकिल, हिउँदका दिन, वसन्त, अरुणोदय, गङ्गाजीसित , परिश्रान्त चातक, प्रभात, च्याखुराको प्रेमोल्लास र सन्ध्या रहेका छन् ।

लालित्य (भाग १) मा सङ्कलित सामाजिक, सांस्कृतिक र नैतिकताको प्रतिपादन गरिएका उनका जम्मा ११ वटा कविता रहेको पाइन्छ । समाजमा रहेका विभिन्न सामाजिक विषयवस्तु, सामाजिक सत्यता, सांस्कृतिक चाडपर्वको वर्णनका साथै विभिन्न नीतिमूलक सन्देश उनका यी कविताहरूमा पाइन्छ । सामाजिक जीवनको जीवन्त चित्रण गरिएका उनका कविताहरूमा शिक्षक र भिक्षुक, धनमहिमा, गौंथलीको चिरिबिरी, पिंजडाको सुगा, अल्छीको सातसुरे, उद्योग, वीणा र मन परिवर्तन रहेका छन् भने

सांस्कृतिक विषयवस्तुमा आधारित कविताहरूमा दशैं, तिहार तथा नैतिकताको प्रतिपादन गरिएका कविताहरूमा म कस्तो हुँ, नैतिक दृष्टान्त र कुचो रहेका छन् । उनका सामाजिक विषयवस्तुमा आधारित कविताहरूले समाजको यथार्थपरक चित्रण गरेका छन् भने सांस्कृतिक विषयवस्तुमा आधारित कविताहरूले हाम्रो प्रचलित सांस्कृतिको वर्णन गरेका छन् । त्यस्तै नैतिकताका सन्देश दिने  काम उनका नीतिमूलक कविताहरूले गरेका छन् ।

लालित्य (भाग १) को नयाँ प्राप्तिका रूपमा लिइने साहित्य धारणामा आधारित उनका कविता जम्मा ३ वटा रहेका छन् । कवितामा वैचारिक परिष्कृतताको अपेक्षा गर्दै जागृति ल्याउनका लागि सन्देश दिने ती कविताहरूमा कवि कवितालाप, सान्त्वना र साहित्यको फुटबल रहेका छन् ।

कविशिरोमणि लेखनाथ पौड्यालको लालित्य (भाग २) का अधिकांश कवितामा राष्ट्रियताको भावना, राष्ट्रनिर्माणको गान तथा जातीय एकताको आह्वान गरिएको पाइन्छ । उनका यस किसिमका कविताहरूमा वयोवृद्ध कोइलीको विलौना, प्रवासीलाई आमाको प्रत्युत्तर, प्रवासी बन्धुसित, प्रवासी पुत्रको मार्मिक चिठी, राष्ट्रको जागृति, कोपिलालाई आश्वासन, नेपाल र नेपाली, म मधेशमा, राष्ट्रभावनाको गीत, श्रद्धाञ्जली आदि रहेका छन् । उनका यी कवितामा कविले आफ्नो बुढ्यौलीको देह-शिथिलताले गर्दा राष्ट्रिय जागरणको बेला गला खोलेर गाउन नसकेकोमा क्षोभ व्यक्त गरेका छन् भने यस अवस्थामा उनका भावना झन् झन् तरुण बन्दै गएको पाइन्छ । लालित्य भाग २ का अधिकांश कवितामा कविले महेन्द्रयुगको वर्णन गर्दै विदेशिएका नेपालीहरूलाई स्वदेश फर्कन आग्रह गरेको पाइन्छ भने उनका कैयौं कवितामा राष्ट्र, राष्ट्रियता, स्व-संस्कृतिप्रतिको स्पष्ट प्रेमभाव झल्किएको देखिन्छ । राष्ट्रिय जागृतिका स्वरहरू विभिन्न कवितामार्फत् व्यक्त गर्दै कविले राष्ट्रिय जागरणको अपेक्षा गरेका छन् भने उनका केही कविताहरूमा सामाजिक दरिद्रता तथा शोषणको कटु यथार्थ पनि चित्रण भएको पाइन्छ ।

समग्रमा लालित्य (भाग १ र २) लेखनाथ पौड्यालको समग्र कविता यात्राको महत्त्वपूर्ण उपलब्धि हो । विभिन्न सामाजिक, सांस्कृतिक, प्राकृतिक, पौराणिक, दार्शनिक

लगायतका विषयवस्तुहरू समेट्दै रचना गरिएका कविताहरु उनको लालित्य (भाग १ र २) मा समावेश गरिएका छन् । विभिन्न अलङ्कारहरूले युक्त परिष्कृत भाषाशैली शास्त्रीय लय, समेतको प्रयोगबाट उनको लालित्य (भाग १ र २) उत्कृष्ट बन्न पुगेको छ ।

लालित्य (भाग १ र २) का ९९ वटा कविताहरूलाई तत्त्वगत ढङ्गले विषयगत विश्लेषण गर्न नसक्नु यस शोधपत्रको सीमा रहेको छ । विषयगत व्यापकताका कारण विषयगत विश्लेषण असम्भव भएको हो । त्यसैगरी कविताको अलङ्करण प्रविधिअनुसार प्रत्येक कविताको विश्लेषण गर्न नसक्नु पनि यस शोधकार्यको सीमा हो ।

यो शोधकार्य लालित्य (भाग १ र २) को कृतिपरक अध्ययनमा केन्द्रित रहेको छ । भविष्यमा यसका बारेमा थप शोधकार्य गर्न सकिने सम्भावित केही शोधशीर्षकहरू यसप्रकार छन् ।

१) लालित्य (भाग १ र २) कवितासङ्ग्रहमा सङ्गृहीत कविताहरूको छन्दविधान

२) लालित्य (भाग १ र २) का कविताहरूमा अलङ्करण विधान

३) लालित्य (भाग १ र २) मा सङ्गृहीत आध्यात्मिक कविताहरूको विश्लेषण

४) लालित्य (भाग १ र २) मा सङ्गृहीत सामाजिक र संस्कृतिक कविताहरूको विश्लेषण आदि ।

# सन्दर्भग्रन्थसूची


आचार्य, कृष्णप्रसाद, **आधुनिक नेपाली फुटकर कविता**, कीर्तिपुरः न्यू हिराबुक्स इन्टरप्राइजेज, २०६१ ।

.........., **आधुनिक नेपाली महाकाव्य र खण्डकाव्य,** काठमाडौंः क्षितिज प्रकाशन , २०६४

उपाध्याय, केशवप्रसाद, **तीन कविका तीन काव्य,** ललितपुर, साझा प्रकाशन,२०५७ ।

त्रिपाठी वासुदेव, **नेपाली कविताको सिंहावलोकन,** ललितपुर, साझा प्रकाशन, २०२७ ।

त्रिपाठी, वासुदेव, **लेखनाथ पौड्यालको कवित्वको विश्लेषण र मूल्याङ्कन,** कीर्तिपुर पाठ्यक्रम विकास केन्द्र, त्रि.वि. २०३४ ।

त्रिपाठी वासुदेव र अन्य (सम्पा.), **नेपाली कविता भाग ४,** (दो.सं) ललितपुर, साझा प्रकाशन  २०५३ ।

त्रिपाठी वासुदेव, **पिंजराको सुगाका विविध अर्थ,** रत्नश्री वर्ष ८, अङ्क ३, २०२७ पृ. १३ ।

दाहाल, बल्लभमणि , **कवि लेखनाथ र उनको काव्यधारा, मधुर्पक,** वर्ष १, अङ्क ११, चैत्र, २०२५ पृ. ३५ ।

पराजुली, ठाकुर, **नेपाली साहित्यको परिक्रममा,** दोस्रो संस्क. ललितपुर, साझा प्रकाशन, २०५६ ।

पन्त, भरतराज, **नेपाली अलङ्कारको परिचय,** काठमाडौं, ने.रा.प्र.प्र., २०५६ ।

पाण्डेय, ताराकान्त, **आधुनिक नेपाली कविता : केही शैक्षणिक सन्दर्भ, केही तात्त्विक विवेचना**, **समकालीन नेपाली साहित्य,** वर्ष १, अङ्क १ काठमाडौं, २०५७ ।

पाण्डेय, फणिन्द्रप्रसाद, **संस्कृत नेपाली वृहत् शब्दकोष,** दाङ्ग, महेन्द्र संस्कृत विश्वविद्यालय, २०५६ ।

पोखरेल, बालकृष्ण र अन्य (सम्पा.), **नेपाली वृहत् शब्दकोष,**काठमाडौं, ने.रा.प्र.प्र., २०५५ ।

पौड्याल लेखनाथ, **लालित्य कविता सङ्ग्रह भाग १,** (न.सं) ललितपुर साझा प्रकाशन, २०६२ ।

पौड्याल लेखनाथ, **लालित्य कविता सङ्ग्रह भाग २,** (छै.सं) ललितपुर, साझा प्रकाशन, २०६० ।

भट्टराई, घटराज, **प्रतिभै प्रतिभा र नेपाली साहित्य**, काठमाडौं, नेसनल रिसर्च विकास केन्द्र, २०४० ।

रिसाल, रामणि, **नेपाली काव्य र कवि** (चौ. सं) ललितपुर, साझा प्रकाशन, २०५० ।

रेग्मी , शिव, **लेखनाथ पौड्यालको कवित्वको विश्लेषण तथा मुल्याङ्कन,** रूपरेखा वर्ष २३, अङ्क २, २०३९ पृ. २५-२७ ।

लुइटेल, खगेन्द्रप्रसाद, **कविता सिद्धान्त र नेपाली कविताको इतिहास,** काठमाडौं ने.रा.प्र.प्र.;, २०६० ।

शर्मा, तारानाथ, **नेपाली साहित्यको इतिहास,** (ते.सं) काठमाडौं, नवीन प्रकाशन, २०५१ ।

शर्मा, मोहनराज, **नेपालीका केही आधुनिक साहित्यकार,** (दो.सं.) काठमाडौं, सहयोगी प्रकाशन, २०४० ।

शर्मा मोहनराज र लुइटेल खगेन्द्रप्रसाद, **नेपाली कविता र आख्यान,** काठमाडौं नवीन प्रकाशन, २०५६ ।

.........., **शोधिवधि,** ललितपुर, साझा प्रकाशन काठमाडौं .......... ।